# नेपाली साहित्यको विकासमा 'वागीश्वरी' पत्रिकाको योगदान

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत
वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग स्नातकोत्तर तह (एम.ए.),
द्वितीय वर्षको दसौँ पत्रको प्रयोजनार्थ
प्रस्तुत

## शोधपत्र


**शोधार्थी**

**विद्या अर्याल**

त्रि.वि. दर्ता नं. ६-२-३८६-११-२००५

त्रिभुवन विश्वविद्यालय

वीरेन्द्र बहुमुखी क्याम्पस

नेपाली विभाग

भरतपुर, चितवन


२०७०/२०१३

# त्रिभुवन विश्वविद्यालय

**मानविकी तथा सामाजिक शास्त्र सङ्काय**

**वीरेन्द्र बहुमुखी क्याम्पस**

**नेपाली विभाग**


# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुरका विद्यार्थी विद्या अर्यालले नेपाली एम.ए. दसौँ पत्रको प्रयोजनका निम्ति प्रस्तुत गरेको **नेपाली साहित्यको विकासमा 'वागीश्वरी' पत्रिकाको योगदान** शीर्षकको यो शोधपत्र स्वीकृत गरिएको छ ।

## मूल्याङ्कनसमिति

**प्रा.डा. नारायणप्रसाद खनाल** ______________ हस्ताक्षर

विभागीय प्रमुख

**सह–प्राध्यापक डा. कुलप्रसाद ढुङ्गाना** ______________ हस्ताक्षर

शोधनिर्देशक

**सह–प्राध्यापक श्री भागवतशरण न्यौपाने** ______________ हस्ताक्षर

बाह्यपरीक्षक

२०७०/०८/१७

२ डिसेम्बर, २०१३

नेपाली साहित्यको विकासमा ‘वागीश्वरी’ पत्रिकाको योगदान विद्या अर्याल २०७०

# विषयसूची


(क) शोधपत्रको स्वीकृतिपत्र

(ख) शोधनिर्देशकको मन्तव्य

(ग) कृतज्ञताज्ञापन

(घ) सङ्क्षेपीकृत शब्दसूची


## पहिलो परिच्छेद
## शोधपरिचय


| | | |
|---|---|---|
| १.१ | विषयप्रवेश | १ |
| १.२ | समस्याकथन | १ |
| १.३ | शोधकार्यका उद्देश्यहरू | २ |
| १.४ | पूर्वकार्यको विवरण र समीक्षा | २ |
| १.५ | शोधकार्यको औचित्य तथा महत्त्व | ५ |
| १.६ | प्राक्कल्पना | ६ |
| १.७ | शोधकार्यको क्षेत्र र सीमा | ६ |
| १.८ | सामग्रीसङ्कलन विधि | ६ |
| १.९ | शोधविधि | ७ |
| १.१० | शोधपत्रको रूपरेखा | ७ |


## दोस्रो परिच्छेद
## चितवन साहित्य परिषद्को सङ्क्षिप्त परिचय र 'वागीश्वरी' पत्रिकाको ऐतिहासिक पृष्ठभूमि


| | | |
|---|---|---|
| २.१ | पृष्ठभूमि | ९ |
| २.२ | 'वागीश्वरी' पत्रिकामा विधागत दृष्टिकोणले विभिन्न रचनाहरूको विवरणात्मक अध्ययन | १० |
| २.२.१ | 'वागीश्वरी' पत्रिकामा सामाग्रीहरूको अनुक्रमणिका | १० |
| २.२.१.१ | कविता | ११ |
| २.२.१.२ | कथा/लघुकथा | ३७ |

२.२.१.३ चिन्तन/जीवनी/लेख/निबन्ध/संस्मरण/विचार ३८
२.२.१.४ समालोचना/समीक्षा ४४
२.२.१.५ हास्यव्यङ्ग्य ४७
२.२.१.६ अन्तर्वार्ता ४७
२.२.१.७ स्रष्टा/संस्था परिचय ४७
२.२.१.८ विविध ४८
२.२.१.९ सम्पादकहरू ४८
२.२.१.९.१ प्रधान सम्पादक ४८
२.२.१.९.२ सम्पादक मण्डल ४९
२.२.१.९.३ वागीश्वरी पत्रिकामा रहेका अतिथि सम्पादकको सूची ५१
२.२.१.१० 'वागीश्वरी' पत्रिकामा रहेका सल्लाहकारहरूको सूची ५१
२.३ सारांश ५२

## तेस्रो परिच्छेद
## 'वागीश्वरी' पत्रिकामा प्रकाशित पद्यविधाको योगदानको सङ्क्षिप्त अध्ययन

३.१ 'वागीश्वरी' पत्रिकामा प्रकाशित कविताहरूको विश्लेषण ५३
३.१.१ विषयप्रवेश ५३
३.१.२ कविताको वस्तुविश्लेषण ५४
३.१.२.१ 'वागीश्वरी' वर्ष २ अङ्क १ (२०४७) मा प्रकाशित कविता/मुक्तक/गीत/गजल/हाइकु/छेस्का ५४
३.१.२.२ 'वागीश्वरी' वर्ष ६ अङ्क २ (२०५१) मा प्रकाशित कविता/मुक्तक/गीत/गजल/हाइकु/छेस्का ५६
३.१.२.३ 'वागीश्वरी' वर्ष ७ अङ्क ३ (२)५२) मा प्रकाशित कविता/मुक्तक/गीत/गजल/हाइकु/छेस्का ५८
३.१.२.४ 'वागीश्वरी' वर्ष ८ अङ्क ४ (२०५३) मा प्रकाशित कविता/मुक्तक/गीत/गजल/हाइकु/छेस्का ६०
३.१.२.५ 'वागीश्वरी' वर्ष ९ अङ्क ५ (२०५४) मा प्रकाशित कविता/मुक्तक/गीत/गजल/हाइकु/छेस्का ६१
३.१.२.६ 'वागीश्वरी' वर्ष १० अङ्क ६ (२०५५) मा प्रकाशित कविता/मुक्तक/गीत/गजल/हाइकु/छेस्का ६३
३.१.२.७ 'वागीश्वरी' वर्ष ११ अङ्क ७ (२०५६) मा प्रकाशित कविता/मुक्तक/गीत/गजल/हाइकु/छेस्का ६५
३.१.२.८ 'वागीश्वरी' वर्ष १२ अङ्क ८ (२०५७) मा प्रकाशित कविता/मुक्तक/गीत/गजल/हाइकु/छेस्का ६७

३.१.२.९ 'वागीश्वरी' वर्ष १४ अङ्क ८ (२०५९) मा प्रकाशित कविता/मुक्तक/गीत/गजल/हाइकु/छेस्का ६९
३.१.२.१० 'वागीश्वरी' वर्ष १५ अङ्क ११ (२०६०) मा प्रकाशित कविता/मुक्तक/गीत/गजल/हाइकु/छेस्का ७०
३.१.२.११ 'वागीश्वरी' वर्ष १६ अङ्क १२ (२०६१) मा प्रकाशित कविता/मुक्तक/गीत/गजल/हाइकु/छेस्का ७३
३.१.२.१२ 'वागीश्वरी' वर्ष १७ अङ्क १३ (२०६२) मा प्रकाशित कविता/मुक्तक/गीत/गजल/हाइकु/छेस्का ७५
३.१.२.१३ 'वागीश्वरी' वर्ष १८ अङ्क १४ (२०६३) मा प्रकाशित कविता/मुक्तक/गीत/गजल/हाइकु/छेस्का ७७
३.१.२.१४ 'वागीश्वरी' वर्ष १८ अङ्क १५ (२०६४) मा प्रकाशित कविता/मुक्तक/गीत/गजल/हाइकु/छेस्का ८०
३.१.२.१५ 'वागीश्वरी' वर्ष १९ अङ्क १६ (२०६५) मा प्रकाशित कविता/मुक्तक/गीत/गजल/हाइकु/छेस्का ८२
३.१.२.१६ 'वागीश्वरी' वर्ष २० अङ्क १७ (२०६६) मा प्रकाशित कविता/मुक्तक/गीत/गजल/हाइकु/छेस्का ८४
३.१.२.१७ 'वागीश्वरी' वर्ष २१ अङ्क १८ (२०६७) मा प्रकाशित कविता/मुक्तक/गीत/गजल/हाइकु/छेस्का ८५
३.१.२.१८ 'वागीश्वरी' वर्ष २२ अङ्क १९ (२०६८) मा प्रकाशित कविता/मुक्तक/गीत/गजल/हाइकु/छेस्का ८७
३.१.३ अन्तर्वस्तु वा भावविधान ८९
३.१.४ सारांश ९३

## चौथो परिच्छेद
## 'वागीश्वरी' पत्रिकामा प्रकाशित गद्यविधा र अन्यको योगदानको सङ्क्षिप्त अध्ययन

४.१ 'वागीश्वरी' पत्रिकामा प्रकाशित कथा/लघुकथा ९४
४.१.१ विषयप्रवेश ९४
४.१.२ 'वागीश्वरी' वर्ष ६ अङ्क २ देखि वर्ष २२ अङ्क १९ सम्ममा प्रकाशित कथा/लघुकथाको विश्लेषण ९५
४.१.३ सारांश ९९
४.२ 'वागीश्वरी' पत्रिकामा प्रकाशित लेख/निबन्ध/संस्मरणहरू/विचार ९९
४.२.१ विषयप्रवेश ९९
४.२.२ 'वागीश्वरी' अङ्क १ देखि १९ औं अङ्कसम्ममा प्रकाशित लेख/निबन्ध/संस्मरण/विचारको विश्लेषण १००

| | | | |
|---|---|---|---|
| | ४.२.३ | सारांश | १११ |
| ४.३ | 'वागीश्वरी' पत्रिकामा प्रकाशित समालोचना/समीक्षा विधाको विश्लेषण | | १११ |
| | ४.३.१ | विषयप्रवेश | १११ |
| | ४.३.२ | 'वागीश्वरी' अङ्क १ देखि १९ औँ अङकसम्ममा प्रकाशित समालोचना विधाको विश्लेषण | ११२ |
| | ४.३.३ | सारांश | ११७ |
| ४.४ | 'वागीश्वरी' पत्रिकामा प्रकाशित हास्यव्यङ्ग्य विधाको विश्लेषण | | ११७ |
| | ४.४.१ | सारांश | ११८ |

## पाँचौँ परिच्छेद
## उपसंहार

| | | |
|---|---|---|
| (क) | अध्यायगत निष्कर्ष | ११९ |
| (ख) | समग्र निष्कर्ष | १२१ |

## सन्दर्भग्रन्थसूची

सन्दर्भग्रन्थसूची १२३

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, नेपाली विभागको स्नातकोत्तर दोस्रो वर्षकी छात्रा विद्या अर्यालले **नेपाली साहित्यको विकासमा 'वागीश्वरी' पत्रिकाको योगदान** शीर्षकको शोधपत्र मेरा निर्देशनमा तयार पार्नुभएको हो । निकै अध्ययन गरी परिश्रमपूर्वक तयार पारिएको प्रस्तुत शोधकार्यबाट म सन्तुष्ट छु र आवश्यक मूल्याङ्कनका लागि विभागसमक्ष सिफारिस गर्दछु ।

२०७०/८/१०

२५ नोवेम्बर २०१३

**डा. कुलप्रसाद ढुङ्गाना**

सह-प्राध्यापक

**वीरेन्द्र बहुमुखी क्याम्पस**

**नेपाली विभाग**

भरतपुर, चितवन

# कृतज्ञताज्ञापन

ऐतिहासिक र सांस्कृतिक महत्त्व बोकेको चितवन विविध दृष्टिकोणले रमणीय छ र साहित्यिक परिवेशका आधारमा अवलोकन गर्दा पनि केही सर्जकहरूको सिर्जनाभूमि रहेको छ । चितवनका प्रतिभाहरूको औपचारिक रूपमा सर्वप्रथम जन्मिएको चितवन साहित्य परिषद्ले २०४६ सालको भानुजयन्तीका अवसरमा **वागीश्वरी** (कविता अङ्क) पत्रिका प्रकाशनको पहिला पाइला चाल्यो । यो चितवनको सन्दर्भमा एउटा महत्त्व पूर्ण कदम हो । चितवन साहित्य परिषद्को मुखपत्रको रूपमा प्रकाशन भएको **वागीश्वरी** पत्रिकाको बारेमा शोधपत्र तयार गर्न पाउँदा खुसी छु । चितवनबाट प्रकाशित विभिन्न पत्र-पत्रिकाका शोधपत्र तयार भएको सन्दर्भमा आफूलाई पनि **वागीश्वरी** पत्रिकाको शोधपत्र तयार पार्ने अवसर प्राप्त भएको हुँदा गौरवान्वित भएको महसुस गरेको छु । भाषा साहित्यको विकासमा पत्रपत्रिकाहरूको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । नेपाली भाषा साहित्यको सन्दर्भमा पनि विभिन्न पत्रपत्रिकाहरूको महत्त्वपूर्ण योगदान रहेको छ । चितवनबाट प्रकाशित भएका विभिन्न साहित्यिक पत्रिकाहरूले जस्तै **वागीश्वरी** पत्रिकाले पनि नेपाली साहित्यको विकासमा पुऱ्याएको योगदानलाई विश्लेषणात्मक रूपबाट अध्ययन गर्ने उद्देश्यले यो शोधपत्र तयार पार्ने कोसिस गरेको छु ।

यो शोधपत्र प्रस्तुतीकरणको निमित्त समयमा नै आवश्यक व्यवस्था मिलाइदिनुहुने विभागीय प्रमुख आदरणीय गुरु डा. नारायणप्रसाद खनालज्यूप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

मैले यो शोधपत्र निर्देशक डा. कुलप्रसाद ढुङ्गानाज्यूको निर्देशन र उचित मार्गदर्शनमा तयार गरेको हुँ । यो शोधपत्र तयार गर्ने क्रममा आफ्नो कार्यव्यस्तताका बाबजुद पनि यथेष्ट समय उपलब्ध गराइदिई आवश्यक सहयोग, सुझाव र उचित मार्गदर्शन दिनुहुने शोधनिर्देशक श्रद्धेय डा. कुलप्रसाद ढुङ्गानाप्रति हृदयदेखि नै हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

त्यस्तैगरी यो शोधपत्र तयार पार्दा **वागीश्वरी** पत्रिकाको १९ औं अङ्कसम्म उपलब्ध गराइदिनु हुने चितवन साहित्य परिषद्का अध्यक्ष केदारनाथ खनालज्यूप्रति म कृतज्ञताज्ञापन गर्दछु ।

अध्ययनको सिलसिलामा मलाई प्रेरणा दिई यो शोधपत्रको निर्माणमा उचित सहयोग पुऱ्याउने बुवा दीपकप्रसाद अर्याल र श्रीमान् भोजराज सुवेदीको त्यो बौद्धिक मायालाई म कदापि भुल्न सक्दिनँ । साथै प्रस्तुत शोधपत्रलाई शुद्धसँग समयमै टङ्कण गरी सहयोग पुऱ्याउनु हुने 'निक द डिजाइनर' नारायणगढ, चितवनका दीपेन्द्रकुमार जोशी 'निक' एवम् सुमिना जोशीप्रति पनि धन्यवाद अर्पण गर्दछु ।

अन्त्यमा, यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुरसमक्ष प्रस्तुत गर्दछु ।

शोधार्थी

२०७०/८/१०

२५ नोवेम्बर २०१३



**विद्या अर्याल**

त्रि.वि.द.सं. : ६-२-३८६-११-२००५

नेपाली विभाग

**वीरेन्द्र बहुमुखी क्याम्पस**

भरतपुर, चितवन

# सङ्क्षेपीकृत शब्दसूची

यस शोधपत्रमा प्रयोग गरिएका सङ्क्षेपीकृत शब्दहरूको पूरा रूप यसप्रकार छ :

| | |
|---|---|
| क्र.सं. | क्रमसङ्ख्या |
| डा. | डाक्टर |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| द.सं. | दर्तासङ्ख्या |
| ने.रा.प्र.प्र. | नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान |
| प्रा. | प्राध्यापक |
| पृ. | पृष्ठ |
| वि.सं. | विक्रम संवत् |
| संस्क. | संस्करण |
| सम्पा. | सम्पादक |

# पहिलो परिच्छेद
# शोधपरिचय

## १.१ विषयपरिचय

भाषा साहित्यको विकासमा पत्रपत्रिकाहरूको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । नेपाली भाषा-साहित्यको सन्दर्भमा पनि विभिन्न पत्रपत्रिकाहरूको महत्त्वपूर्ण योगदान रहेको छ । चितवनबाट प्रकाशित भएका विभिन्न साहित्यिक पत्रिकाहरूमध्ये **वागीश्वरी** पत्रिका पनि एक हो । **वागीश्वरी** पत्रिका वि.सं. २०४६ सालमा वर्ष १, अङ्क १ वार्षिक पत्रिकाको रूपमा देखापरेको छ । यस पत्रिकाको प्रधान सम्पादकको रूपमा केदारनाथ खनाल रहेका छन् । २०४६ सालपछि 'चितवन साहित्य परिषद्' ले आफ्नो मुखपत्र बनाएर प्रकाशन गरेको छ । साहित्यका विविध विधाहरू समेटिएको यस पत्रिकामा कविता, मुक्तक, गीत, गजल, हाइकु, समालोचना, निबन्ध, समीक्षा, संस्मरण, लेख, स्रष्टापरिचय, संस्थापरिचय, कथा, लघुकथा, हास्यव्यङ्ग्यजस्ता विविध विधाहरूलाई स्थान दिइएको छ । नेपाली साहित्यको विकासमा **वागीश्वरी** पत्रिकाले पुऱ्याएको योगदानको बारेमा अध्ययन-अनुसन्धान आवश्यक देखिएकाले नेपाली साहित्यको विकासमा **वागीश्वरी** पत्रिकाको योगदान विषय चयन गरिएको हो ।

## १.२ समस्याकथन

नेपाली साहित्यमा **वागीश्वरी** पत्रिकाले पुऱ्याएको योगदानको बारेमा विशेष चर्चा गर्नु यस शोधपत्रको प्रमुख समस्या हो । प्रस्तुत शोधपत्रका अन्य समस्याहरू यसप्रकार छन् :

(क) 'चितवन साहित्य परिषद्' को मुखपत्रको रूपमा रहेको **वागीश्वरी** पत्रिकाको ऐतिहासिक पृष्ठभूमि, उद्देश्य आदिको अवस्था कस्तो छ ?

(ख) **वागीश्वरी** पत्रिकामा विधागत दृष्टिकोणले के-कस्ता रचना प्रकाशन भएका छन् ?

(ग) **वागीश्वरी** पत्रिकामा विभिन्न विधाका विधागत योगदान के-कस्तो रहेको छ ?

(घ) **वागीश्वरी** पत्रिकाले प्रत्यक्ष-परोक्ष रूपमा नेपाली साहित्यको विकासमा के-कस्तो योगदान पुऱ्याएको छ ?

यिनै समस्याको अधीनमा रहेर यो शोधकार्य सम्पन्न गरिएको छ ।

## १.३ शोधकार्यका उद्देश्यहरू

(क) 'चितवन साहित्य परिषद्' को सङ्क्षिप्त परिचय दिँदै **वागीश्वरी** पत्रिकाको ऐतिहासिक पृष्ठभूमि, उद्देश्य आदिको अध्ययन गर्नु ।

(ख) **वागीश्वरी** पत्रिकामा विधागत दृष्टिकोणले विभिन्न रचनाहरूको विवरणात्मक अध्ययन गर्नु ।

(ग) **वागीश्वरी** पत्रिकाले गरेका साहित्यिक विधागत योगदानको अद्योपान्त अध्ययन गर्नु ।

(घ) नेपाली साहित्यको विकासमा **वागीश्वरी** पत्रिकाले पुऱ्याएको योगदानको बारेमा विश्लेषणात्मक अध्ययन गर्नु ।

यिनै स्रोत उद्देश्यहरूमा केन्द्रित रहेर अध्ययन गरिएको छ ।

## १.४ पूर्वकार्यको विवरण र समीक्षा

'चितवन साहित्य परिषद्' बाट प्रकाशित **वागीश्वरी** पत्रिकाबारे यसअघि गरिएको पूर्वकार्यहरूको कालक्रमिक विवरण यसप्रकार रहेको छ ।

हिरण्यगर्भले **वागीश्वरी**को पहिलो अङ्क (कविता अङ्क) लाई सङ्क्रमणकालीन कृतिहरूको सँगालो हो भन्दै चितवनको उर्वरभूमि कवयित्री जन्माउन नभई मात्र कविहरू जन्माउन खर्च भइरहेको छ भन्ने कुरा उल्लेख गरेका छन् ।[१]

लक्ष्मणप्रसाद गौतमले **वागीश्वरी**को पहिलो अङ्कमा प्रकाशित रचनाहरूको समीक्षा गर्दै चितवनका नवप्रतिभाहरूलाई **वागीश्वरी**ले स्थान दिएको एवम् गुणात्मकताको न्यूनताको आभास भए पनि सिर्जनकर्मीहरूमा सिर्जनधर्मिता

१. हिरण्यगर्भ, *वागीश्वरी एक समीक्षा,* **सम्प्रेषण**, वर्ष ३, २०५०, पृ. ३६-३९ ।

रहिरह्यो भने आगामी अङ्कहरूको भविष्य उज्ज्वल रहने सङ्केत गरेका छन् ।[२]

पूर्णप्रसाद अधिकारीले **वागीश्वरी** साहित्यिक पत्रिकाको एकदेखि पाँच अङ्कसम्मको समीक्षा गर्दै चि.सा.प.को मुखपत्र प्रकाशित गर्ने अभिप्रायअनुरूप वर्तमानसम्म **वागीश्वरी**का पाँच अङ्कहरू प्रकाशित भइसकेका छन् र यी सबै अङ्क उत्कृष्ट रहेका छन् भन्ने कुरा उल्लेख गरेका छन् ।[३]

हरिहर खनाल चितवनको साहित्यिक प्रकाशनका बारेमा प्रकाश पार्दै 'चितवन साहित्य परिषद्' ले आफ्नो मुखपत्र **वागीश्वरी**को प्रकाशन सुरु गरेको उल्लेख गरेका छन् ।[४]

लक्ष्मणप्रसाद गौतमले चितवनमा ५० को दशकको कविताका बारेमा प्रकाश पार्दै 'चितवन साहित्य परिषद्' को मुखपत्र **वागीश्वरी**को दसौँ अङ्क कविता विशेषाङ्कका रूपमा रहेको उल्लेख गर्दै यसलाई यस दशकको एकमात्र कविता विशेषाङ्क रहेको उल्लेख गरेका छन् । यसमा नेपाली भाषाका ४-८ वटा कविताहरू प्रकाशित भएको समेत जानकारी दिएका छन् ।[५]

डी.आर. पोखरेलले ५० को दशकमा प्रकाशित चितवनको साहित्यको बारेमा उल्लेख गर्दै 'चितवन साहित्य परिषद्' बाट प्रकाशित पुस्तकहरू कपिल अज्ञातको **समालोचनाको सन्दर्भ** (२०५५ कार्तिक), रामबाबु घिमिरेको **लेख्न नपर्ने कुराहरू** (निबन्धसङ्ग्रह, २०५६), सूर्यमणि अधिकारीको **आत्मवतार** (कथासङ्ग्रह, २०५६) को विवरण प्रस्तुत गर्दै **वागीश्वरी**को संस्मरण अङ्क पत्रिका प्रकाशन गरेर चितवन साहित्यलाई गद्यविधाको रिक्तताबाट मुक्त गरेको जानकारी गराएका छन् ।[६]

---

२. लक्ष्मणप्रसाद गौतम, *वागीश्वरीको पहिलो पाइलो एक फन्को मार्दा,* **वागीश्वरी**, (वर्ष ६, अङ्क २, २०५१), पृ. २१-३७ ।

३ पूर्णप्रसाद अधिकारी, *चितवन साहित्यिक परिषद् र वागीश्वरीका पाँच अङ्क एक फन्को,* **सम्प्रेषण**, (वर्ष ५, अङ्क ११, २०५४), पृ. १९-२० ।

४ हरिहर खनाल, चितवन : *चितवनको साहित्यिक प्रकाशन,* **चितवन महोत्सव स्मारिका**, (२०५७), पृ. ८६ ।

५ लक्ष्मणप्रसाद गौतम, *५० को दशकमा चितवनमा कविता,* **चितवन महोत्सव स्मारिका**, (२०५९), पृ. ४४ ।

६ डी.आर. पोखरेल, *पचासको दशकमा प्रकाशित चितवनको गद्य साहित्य,* **चितवन महोत्सव स्मारिका**, (२०६१), पृ. ८७-९१ ।

रामकलाले चि.सा.प.बाट प्रकाशित **वागीश्वरी**को प्रसङ्ग उल्लेख गर्दै ‘चितवन साहित्य परिषद्’ को स्थापनाले चितवनका साहित्य अनुरागीहरूको साहित्यिक व्यक्तित्वको विकास हुनुका साथै नवोदित प्रतिभाहरूलाई प्रेरणा र प्रोत्साहन गरेको उल्लेख गरेकी छिन् । यसैगरी कोइरालाले साहित्यिक गतिविधिमा सक्रिय रूपमा लागेका संस्थाको नाम लिनुपर्दा ‘चितवन साहित्य परिषद्’ अग्रपङ्क्तिमा रहेको उल्लेख गर्दै संस्था स्थापनाको प्रसङ्ग पनि कोट्याएकी छिन् ।[७]

श्रीचन्द्र वाग्लेले **साहित्यिक पत्रपत्रिकाको प्रकाशनमा चितवनका सङ्घसंस्थाको भूमिका** नामक शोधपत्रमा चितवनमा साहित्यिक सङ्घसंस्थाहरूको स्थापनाको प्रसङ्ग उल्लेख गर्दै वि.सं. २०४४ सालमा साहित्य सङ्गम चितवनको जन्म भएपछि प्रगतिशील लेखक तथा अन्य साहित्यकारहरू साहित्य सङ्गम चितवनमा गोलबद्ध भएपछि गैरवामपन्थी एवम् गैरप्रगतिशील लेखकहरूले आफ्नो प्रतिभा एकत्रित गर्ने माध्यमका लागि चि.सा.प. गठन गर्न खोजेको बताएका छन् । वाग्लेले यसै पृष्ठभूमिमा वि.सं. २०४४ सालमै सूर्यमणि अधिकारीको संयोजकत्वमा विधान-मस्यौदा समिति गठन गरेको र २०४५ साल फागुन २८ गते उपस्थित साहित्यकारहरूको भेलाले ‘चितवन साहित्य परिषद्’ नामक साहित्यिक संस्था स्थापना गरेको बताएका छन् । यसैगरी वाग्लेले चितवन जिल्लामा सबैभन्दा धेरै कृति प्रकाशन गर्ने विशुद्ध साहित्यिक संस्था ‘चितवन साहित्य परिषद्’ भएको उल्लेख गर्दै मुखपत्र **वागीश्वरी**लाई पनि निरन्तरता दिएको बताएका छन् ।[८]

बालकृष्ण थपलियाले **चितवनको साहित्य उन्नयनमा चितवन साहित्य परिषद्को योगदान** नामक शोधपत्रमा चि.सा.प.बाट वितरणार्थ पुरस्कार अक्षयकोष स्थापना, आफ्नै नाममा जग्गाको व्यवस्था, चि.सा.प. प्रतिभा पुरस्कार तथा कृष्णाकुमारी गुरुङ स्मृति पुरस्कार वितरणजस्ता कार्यक्रमलाई निरन्तरता दिँदै आएका छन् । हालसम्म चि.सा.प. प्रतिभा सम्मानबाट २ जना

---

७ रामकला कोइराला, **चितवन जिल्लाबाट प्रकाशित साहित्यिक पत्रिकाहरूको विवरणात्मक अध्ययन**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन, २०६१), पृ. १६ ।

८ श्रीचन्द्र वाग्ले, **साहित्यिक पत्रपत्रिकाको प्रकाशनमा चितवनका सङ्घससंस्थाको भूमिका**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन २०६३), पृ. २५ ।

महिलासहित १६ जना स्रष्टाहरू सम्मानित भएका छन् भने विभिन्न विधाका ११ वटा कृतिका लागि कृष्णाकुमारी गुरुङ स्मृति पुरस्कार प्रदान गरिएको छ । स्थापनाको दोस्रो वर्षदेखि नै मुखपत्रको रूपमा **वागीश्वरी**लाई निरन्तरता दिँदै १७ औं अङ्क प्रकाशनमा ल्याएको छ ।[९]

यी माथिका पूर्वकार्यहरूले 'चितवन साहित्य परिषद्' बाट प्रकाशित **वागीश्वरी** पत्रिकाको सर्वाङ्गपूर्ण अध्ययन गर्न सकेको देखिँदैन । पत्रिकालाई आंशिक रूपमा छोइएका छन् तर सम्पूर्ण कोणबाट चिनाउन सकिएको देखिँदैन । प्रारम्भकालीन अवस्थादेखि वर्तमानसम्ममा २२ वर्षका अवधिमा यस पत्रिकाले साहित्यका विविध विधामा योगदान गरेको देखिन्छ । यसर्थ यस पत्रिकाका बारेमा विस्तृत अध्ययन गरी नेपाली साहित्यको विकासमा **वागीश्वरी** पत्रिकाको योगदानका बारे अध्ययन गर्न लागिएको छ ।

## १.५ शोधकार्यको औचित्य तथा महत्त्व

वर्तमान समयको भौतिकवादी मान्यताले उत्प्रेरित परिवेश, त्यसको प्रभाव सर्वत्र व्याप्त छ । सबैतिर व्यक्तिगतभन्दा संस्थागत भूमिकाको सक्रियता कायम छ । नेपालको ७६ औं जिल्लाको रूपमा अधिराज्यको केन्द्रबिन्दु र राजधानीको प्रवेशद्वार मानिएको चितवन जिल्लामा उन्नति र प्रगतिको अनेकौं सम्भावनाहरू छन् । साहित्य र संस्कृति समाजको दर्पण भएको हुँदा हरेक व्यक्ति र समाजले आफ्नो आवरण देखाउने पूर्वाधार पनि साहित्य नै बनेको छ । चितवनका प्रतिभालाई सङ्गठित रूपले एकीकरण गर्ने मनसायले 'चितवन साहित्य परिषद्' को गठन भयो र **वागीश्वरी** पत्रिकाको प्रकाशन सुरु भयो । साहित्यिक क्रियाकलापहरूको साहित्यिक सङ्गठन 'चितवन साहित्य परिषद्' को मुखपत्र **वागीश्वरी** पत्रिकाले आजसम्म निरन्तर रूपमा नेपाली साहित्यलाई सङ्ख्यात्मक तथा गुणात्मक रूपमा पुऱ्याएको योगदान स्थानीय तथा केन्द्रीय रूपमा यसका क्रियाकलापहरूको स्तरीयता आदिका आधारमा **वागीश्वरी** पत्रिकालाई राष्ट्रिय सन्दर्भमा परिचित गराउने कार्यमा प्रस्तुत शोधकार्य औचित्यपूर्ण देखिन्छ । साथै चितवन जिल्लाको साहित्यिक क्षेत्रको अध्ययनका लागि पनि यो शोधकार्य एक महत्त्वपूर्ण कार्य हुनेछ । साहित्यिक पत्रिका नै पाठकसमक्ष विधागत साहित्यिक रचना पुऱ्याउने एक माध्यम हो । त्यसैले **वागीश्वरी** पत्रिका पनि एकदेखि १९ औं अङ्कसम्म प्रकाशित भइसकेको हुनाले हरेक क्षेत्रमा सहयोग पुऱ्याउन सक्षम छ ।

---

९ बालकृष्ण थपलिया, **चितवनको साहित्य उन्नयनमा 'चितवन साहित्य परिषद्' को योगदान**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन २०६६), पृ. ३८ ।

## १.६ प्राक्कल्पना

नेपाली साहित्यमा **वागीश्वरी** पत्रिकाले पुऱ्याएको योगदानका बारेमा उठेका समस्यामा सम्भावित उत्तरहरू प्रस्तुत गरिएको छ :

(क) 'चितवन साहित्य परिषद्' को सङ्क्षिप्त परिचय दिइनेछ र **वागीश्वरी** पत्रिकाको ऐतिहासिक पृष्ठभूमि, उद्देश्य आदिको बारेमा अध्ययन गरिनेछ ।

(ख) **वागीश्वरी** पत्रिकामा विधागत दृष्टिकोणले विभिन्न रचनाहरूको विवरणात्मक अध्ययन गरिनेछ ।

(ग) **वागीश्वरी** पत्रिकाले गरेका साहित्यिक विधागत योगदानको आद्योपान्त अध्ययन गरिनेछ ।

(घ) नेपाली साहित्यको विकासमा **वागीश्वरी** पत्रिकाले पुऱ्याएको योगदानको बारेमा विश्लेषणात्मक अध्ययन गरिनेछ ।

## १.७ शोधपत्रको क्षेत्र र सीमा

**वागीश्वरी** साहित्यिक पत्रिकाको अध्ययन-विश्लेषण गर्ने क्रममा यस शोधकार्यका लागि **वागीश्वरी** पत्रिकाको १ अङ्कदेखि १९ अङ्कसम्मलाई मात्र यस शोधपत्रमा समावेश गरी विधागत अध्ययन र विश्लेषण गर्दै निष्कर्ष प्रस्तुत गरिएको छ । १९ औँ अङ्कभन्दा पछाडिका अङ्कहरूलाई समावेश गरिएको छैन । यसमा रहेका विभिन्न विधाको सैद्धान्तिक आधारमा यो अध्ययन गरिएको छ तर यस पत्रिकाको अन्यसँग अथवा यसमा प्रकाशित सामग्रीको अन्य सामग्रीसँग तुलना प्रतितुलना गरिएको छैन ।

## १.८ सामग्रीसङ्कलन विधि

प्रस्तुत शोधपत्र तयार गर्नका लागि आवश्यक सामग्रीका निम्ति पुस्तकालयीय विधिलाई आधार बनाइएको छ । 'चितवन साहित्य परिषद्' का पदाधिकारीहरू, परिषद्सँग आबद्ध साहित्यिक स्रष्टाहरू तथा **वागीश्वरी** पत्रिकाबारे जानकारी राख्ने अन्य विभिन्न व्यक्तित्वहरूसँगै क्षेत्रीय विधिअन्तर्गत रही प्रकाशित विभिन्न पत्रपत्रिका, निर्णय पुस्तिका, समाचारपत्र, अप्रकाशित शोधपत्रहरू, मुखपत्र, स्मारिका एवम् अन्य पुस्तकहरूबाट सामग्रीसङ्कलन गरिएको छ ।

## १.९ शोधविधि

प्राप्त सामग्री नियमनात्मक विधिबाट अध्ययन गरिए पनि सामान्य तथा वर्णनात्मक, विश्लेषणात्मक, ऐतिहासिक तथा कालक्रमिक शोधविधिबाट अध्ययन गरिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई व्यवस्थित र सुगठित रूप दिनका लागि निम्नलिखित विभिन्न परिच्छेदमा विभाजन गरिएको छ :

**(१) पहिलो परिच्छेद : शोधपरिचय**

यस परिच्छेदमा विषयपरिचय, शोधप्रयोजन, समस्याकथन, उद्देश्य, पूर्वकार्यको विवरण, प्राक्कल्पना, शोधको औचित्य, सीमाङ्कन, शोधविधि, शोधपत्रको रूपरेखा प्रस्तुत गरिएको छ ।

**(२) दोस्रो परिच्छेद : 'चितवन साहित्य परिषद्' को सङ्क्षिप्त परिचय र 'वागीश्वरी' पत्रिकाको ऐतिहासिक पृष्ठभूमि**

यस परिच्छेदमा 'चितवन साहित्य परिषद्' को स्थापनाको पृष्ठभूमि र पत्रिकाको उद्देश्यको सङ्क्षिप्त परिचय दिँदै **वागीश्वरी** पत्रिकामा विधागत दृष्टिकोणले विभिन्न रचनाहरूको विवरणात्मक अध्ययन गरिएको छ । यस परिच्छेदमा **वागीश्वरी** पत्रिकामा अङ्क १ देखि अङ्क १९ सम्म प्रकाशित भएका कविता, मुक्तक, गीत, गजल, कथा, निबन्ध, समालोचना, समीक्षा, अन्तर्वार्ताजस्ता विविध स्तम्भलाई विधागत वर्गीकरण गरी लेखकको नाम, रचना शीर्षक, अङ्क, प्रकाशन वर्ष र पृष्ठसङ्ख्यासमेत राखेर देखाइएको छ ।

**(३) तेस्रो परिच्छेद : 'वागीश्वरी' पत्रिकामा प्रकाशित पद्यविधाको योगदानको सङ्क्षिप्त अध्ययन**

यस परिच्छेदमा **वागीश्वरी** पत्रिकामा समावेश भएका पद्यविधाले के-कसरी योगदान पुऱ्याएको छ भन्ने प्रश्नमा केन्द्रित रही विश्लेषण गरिएको छ ।

**(४) चौथो परिच्छेद : 'वागीश्वरी' पत्रिकामा प्रकाशित गद्यविधा र अन्यको योगदानको सङ्क्षिप्त अध्ययन**

यस परिच्छेदमा **वागीश्वरी** पत्रिकामा समावेश भएका गद्यविधा र अन्यले के-कसरी योगदान पुऱ्याएको छ भन्ने प्रश्नमा केन्द्रित रही विश्लेषण गरिएको छ ।

**(५)  पाँचौँ परिच्छेद : उपसंहार**

यस परिच्छेदअन्तर्गत अन्त्यमा समग्र शोधको निष्कर्ष प्रस्तुत गरिएको छ । यसरी प्रस्तुत शोधपत्रका प्रत्येक परिच्छेदमा आवश्यकतानुसार विभिन्न शीर्षक र उपशीर्षकहरू दिइएको छ । त्यसपछि सन्दर्भसामग्री सूची समावेश गरिएको छ ।

यसरी प्रस्तुत शोधपत्रका आन्तरिक र बाह्य संरचना तथा आदि भागमा स्वीकृतिपत्रमध्ये निर्देशकको मन्तव्य, कृतज्ञताज्ञापन, सङ्क्षेपीकृत शब्दसूची रहनुका साथै मध्यभाग र अन्त्यभाग निर्माण गरेर सर्वाङ्गपूर्ण शोध प्रतिवेदन तयार गरिएको छ ।

# दोस्रो परिच्छेद

# 'चितवन साहित्य परिषद्' को सङ्क्षिप्त परिचय र 'वागीश्वरी' पत्रिकाको ऐतिहासिक पृष्ठभूमि

## २.१ पृष्ठभूमि

२०४५ साल फागुन २८ गते उपस्थित साहित्यकारहरूको भेलाले जिल्लामा रहेका साहित्यिक प्रतिभाहरूको खोजी गरी तिनीहरूको उत्थान र सम्मान गर्ने, नेपाली र स्थानीय भाषा-साहित्यको क्षेत्रमा अध्ययन-अनुसन्धनात्मक कार्यहरू गर्ने, सामयिक रूपमा साहित्यकारहरूको भेला गराउने, साहित्यको संस्थागत विकासको निमित्त गोष्ठी, प्रतियोगिता आदि आयोजना गर्ने हेतुले पहिलोपटक 'चितवन साहित्य परिषद्' को स्थापना गरिएको पाइन्छ । २०४६ सालको जेठमा चितवन जिल्ला प्रशासन कार्यालयबाट 'चितवन साहित्य परिषद्' को दर्ता भयो । यसको संयोजनमा १७६ औँ भानु जयन्तीलाई ने.शि.प. सचिव रमा शर्मा, भानु सेवा समितिका सदस्य दैवज्ञराज न्यौपाने, तुलसी भट्टराई र नारायणी वाङ्मयका सचिव रमेश गोर्खालीको संलग्नता रहेको अवस्थामा नारायणी कलामन्दिर हलमा भानुको व्यक्तित्व र कृतित्व पाठ गरिएको कविगोष्ठी सम्पन्न भएको थियो । यसै संस्थाको संयोजनमा २०४६ भाद्रमा मोती जयन्ती, माघको लेखनाथ जयन्ती र फाल्गुणमा अन्तर मा.वि. हाजिरीजवाफ प्रतियोगिताजस्ता कार्यक्रमहरू अति भव्यताका साथ सम्पन्न गरिएका थिए । प्रजातन्त्रको पुनर्वहालीका सिलसिलामा सहादत प्राप्त गर्ने सहिदहरूको संस्मरण र जनआन्दोलनको अभिनन्दन गर्ने क्रममा श्रद्धान्जलिमा केन्द्रित ३३ जना कविका कविता वाचन गरिएका थिए । मिति २०४६।०८।१७ गते चि.सा.प.का अध्यक्ष कोमलनाथ कोइरालाको अध्यक्षतामा बसेको बैठकले संस्थाको स्थापना सम्बन्धमा पूर्वतयारी समिति गठन, चि.सा.प.ले यसअघि सम्पन्न गरेका साहित्यिक कार्यक्रमहरूमा सङ्कलित रचना छानबिन गरी मुखपत्र **वागीश्वरी** प्रकाशन गर्ने र सोका लागि सम्पादकमण्डल गठन गरिएका थिए । सोही बैठकले चितवनमा बस्ने र चितवनलाई कर्मक्षेत्र बनाउने साहित्यकारको कृतित्व र व्यक्तित्वको

आधारमा मूल्याङ्कन गरी ५,०००।- नगद पुरस्कार आफ्नो स्थापना दिवसको अवसरमा प्रदान गर्ने निर्णय गऱ्यो । सोका लागि सूर्यमणि अधिकारीको संयोजकत्वमा रामशरण पाठक, केदारनाथ खनाल र प्रेमविनोद नन्दन सदस्य रहेको उपसमिति गठन गरिएको थियो । पुरस्कार वितरणार्थ अक्षयकोष स्थापना, आफ्नो नाममा जग्गाको व्यवस्था तथा चि.सा.प. प्रतिभा सम्मान कार्यक्रम तथा कृष्णाकुमारी गुरुङ स्मृति पुरस्कारको स्थापना गरी सम्पूर्ण कार्यक्रमलाई निरन्तरता दिँदै आएको पाइन्छ । यसको हालसम्म १९ अङ्कसम्म प्रकाशित भएको पाइन्छ । पवित्र धार्मिक स्थलको नाममा राखिएको **वागीश्वरी** पत्रिकाको ऐतिहासिक पृष्ठभूमि केलाउँदा यो पत्रिका सफल रूपमा अघि बढिरहेको देखिन्छ । **वागीश्वरी**को नामकरणको सम्बन्धमा चर्चा गर्दा वाक् + वाघ + ईश्वरी । वाग् + वाणीको देवी (सरस्वती) नामकरण व्याकरणका हिसाबमा हुने गर्दछ । मूलत: विभिन्न व्यक्तिहरूले यस वागीश्वरीलाई आ-आफ्नै प्रकारले भन्दै आए - सिंहदेवी, देवीजी वाघेश्वरी, वागेश्वरी । तर सबैले मीठो लेखहरूमा **वागीश्वरी** नामलाई नै उल्लेख गरिएको पाइन्छ । अत: आर्य तपोभूमि, आर्य संस्कृतिको थलोका रूपमा देवघाटधाम वा देवघाटकै हाराहारीमा स्थित वागीश्वरी पनि हो भन्ने कुरालाई पुष्टि गरिएको पाइन्छ । वागीश्वरीकै नामबाट 'चितवन साहित्य परिषद्' ले **वागीश्वरी**को अनुसन्धानमूलक, साहित्यिक गतिविधिलाई समेटी पत्रिका प्रकाशित गरेको पाइन्छ ।[१]

## २.२ 'वागीश्वरी' पत्रिकामा विधागत दृष्टिकोणले विभिन्न रचनाहरूको विवरणात्मक अध्ययन

यो अङ्कमा **वागीश्वरी**को अङ्क १ देखि १९ औँ अङ्कसम्मका प्रकाशित रचनाहरूलाई स्तम्भका रूपमा देखाइएको छ ।

### २.२.१ 'वागीश्वरी' पत्रिकामा प्रकाशित सामग्रीहरूको अनुक्रमणिका

वि.सं. २०४६ सालदेखि प्रकाशित हुन थालेको **वागीश्वरी**ले आफ्नो यात्रा अवधिमा के-कस्ता र कति सामग्रीहरूलाई प्रकाशित गरेको छ भन्ने नै यस परिच्छेदको उद्देश्य रहेको छ । यस पत्रिकाको प्रारम्भदेखि १९ औँ अङ्कसम्म आइपुग्दा प्रकाशित कविता, गीत, गजल, निबन्ध, कथा, समालोचना र विविध स्तम्भलाई वर्गीकरण गरी लेखकको नाम, रचनाको शीर्षक, अङ्क, प्रकाशन वर्ष र पृष्ठसङ्ख्यासमेत राखेर देखाइएको छ । यहाँ राखिएका ती सामग्रीहरू क्रमश: कविता, कथा, लेख, निबन्ध रहेका छन् ।

---

१ नारायणप्रसाद तिम्सिना 'मधुप', *देवघाटका तीन धार्मिक ऐतिहासिक स्थल,* **वागीश्वरी**, (वर्ष ११, अङ्क ७, २०५६), पृ. ४६ ।

## २.२.१.१ कविता

**वागीश्वरी** पत्रिकामा १ देखि १९ औं अङ्कसम्म प्रकाशित कविताहरूको सूची यसप्रकार रहेको छ :

| क्रम | कविको नाम | शीर्षक | वर्ष/अङ्क | प्रकाशन वर्ष | पृष्ठ |
|---|---|---|---|---|---|
| १. | माधवप्रसाद घिमिरे | शुभकामना | २/१ | २०४७ | 'क' |
| २. | डा. सूर्यमणि अधिकारी | गणदेवता | २/१ | २०४७ | 'ख' |
| ३. | कोमलनाथ कोइराला | अन्तरद्वन्द्व प्रकृति र समाजको | २/१ | २०४७ | १ |
| ४. | हरिहर खनाल | त्यो त तिमी होइन रहेछौ | २/१ | २०४७ | ४ |
| ५. | रामजी रिमाल | म मातृभूमि र आह्वान | २/१ | २०४७ | ७ |
| ६. | अस्तदेव खनाल | मिलापत्र गराउन खोजेजस्तै | २/१ | २०४७ | ९ |
| ७. | होमनाथ सापकोटा | देशको माया | २/१ | २०४७ | १३ |
| ८. | केशव भट्टराई 'आमोदी' | अतीतभित्र दबेको छायाँ | २/१ | २०४७ | १५ |
| ९. | रमेश अधिकारी | एकीकरणको अर्को यात्रा | २/१ | २०४७ | १८ |
| १०. | गोविन्दबाबु तिवारी | गुरुदक्षिणा | २/१ | २०४७ | २० |
| ११. | गोविन्दबाबु तिवारी | विगत/आगत | २/१ | २०४७ | २२ |
| १२. | मणि काफ्ले | भानुको खोजीमा | २/१ | २०४७ | २३ |
| १३. | गोविन्द विनोदी | भानुलाई सम्झेर | २/१ | २०४७ | २५ |
| १४. | लकाश पौडेल | श्रद्धाञ्जलि : भानुलाई | २/१ | २०४७ | २७ |
| १५. | कपिलमणि शर्मा | सम्झौता | २/१ | २०४७ | २९ |
| १६. | श्यामानन्द पौड्याल | मोतीझैं चम्किऊन् युवा | २/१ | २०४७ | ३२ |
| १७. | प्रेमविनोद नन्दन | मोतीझैं चम्किऊन् युवा | २/१ | २०४७ | ३३ |
| १८. | ऋषिकेश पौडेल | पारौं यो देश सुन्दर | २/१ | २०४७ | ३५ |
| १९. | डिल्लीराज शर्मा | माटो | २/१ | २०४७ | ३७ |
| २०. | 'शराह' | मान्छे | २/१ | २०४७ | ३८ |
| २१. | उपेन्द्रनाथ अधिकारी | मेरो यात्रा | २/१ | २०४७ | ३९ |
| २२. | विजयराज भट्टराई | विपनीको घामसित | २/१ | २०४७ | ४२ |
| २३. | भागीरथ दाहाल | मेरो देश | २/१ | २०४७ | ४३ |

| | | | | | |
|---|---|---|---|---|---|
| २४. | शर्मिला घिमिरे | मोतीझैँ चम्किऊन् युवा | २/१ | २०४७ | ४५ |
| २५. | रामकुमार तिवारी | नेपाल | २/१ | २०४७ | ४७ |
| २६. | तिलकराज शर्मा | शहीद | २/१ | २०४७ | ४९ |
| २७. | वेणीमाधव ढुङ्गाना | सद्भावपूर्ण सुपन | २/१ | २०४७ | ५१ |
| २८. | केदारनाथ खनाल | युवा | २/१ | २०४७ | ५२ |
| २९. | नवराज देवकोटा | भानुप्रति | २/१ | २०४७ | ५४ |
| ३०. | चन्द्रविलास अधिकारी | शहीद तिमीलाई श्रद्धाञ्जलि | २/१ | २०४७ | ५५ |
| ३१. | चेतकान्त चापागाईं | नदी | २/१ | २०४७ | ५७ |
| ३२. | शरद परासर | भोलिवाद | २/१ | २०४७ | ६० |
| ३३. | सूर्य जमरकटेल | माटो | २/१ | २०४७ | ६१ |
| ३४. | तीर्थराज कोइराला | नववर्षप्रति | २/१ | २०४७ | ६२ |
| ३५. | पद्मपाणि 'विरक्ति' | हाम्रा कविजी | २/१ | २०४७ | ६४ |
| ३६. | काशीराम शर्मा शास्त्री | उद्यान राम्रो बनोस् | २/१ | २०४७ | ६५ |
| ३७. | निर्मलराज काफ्ले | शान्तिक्षेत्र नेपाल | २/१ | २०४७ | ६७ |
| ३८. | प्रेमराज कोइराला | जिन्दगी | २/१ | २०४७ | ६९ |
| ३९. | कृष्णप्रसाद पोखरेल | महाकविप्रति | २/१ | २०४७ | ७१ |
| ४०. | नारायणप्रसाद खनाल | शिक्षक | २/१ | २०४७ | ७३ |
| ४१. | भीष्मप्रसाद कौशिक | झुल्के सदा यो नभमा शशी बनी | २/१ | २०४७ | ७७ |
| ४२. | रामबहादुर भण्डारी | इच्छा | २/१ | २०४७ | ७९ |
| ४३. | बुद्धिनाथ अधिकारी | प्रतीक्षा | २/१ | २०४७ | ८१ |
| ४४. | लीलामणि भट्टराई | भावहीन मान्छे | २/१ | २०४७ | ८५ |
| ४५. | बालमुकुन्द पोखेल | अजरामर छु म त | २/१ | २०४७ | ८९ |
| ४६. | राजकृष्ण कँडेल | इच्छा | २/१ | २०४७ | ९३ |
| ४७. | धर्मराज शास्त्री | कविशिरोमणि लेखनाथ पौडेलको स्मृति | २/१ | २०४७ | ९४ |
| ४८. | मोतीराम तिवारी | देशप्रेमी | २/१ | २०४७ | ९५ |
| ४९. | वासुदेव जोशी | शिक्षा | २/१ | २०४७ | ९७ |
| ५०. | देवप्रसाद वसेल | टुक्रा स्वर्गको | २/१ | २०४७ | ९९ |
| ५१. | रेवतीरमण खनाल | कवि शिरोमणिलाई मेरो श्रद्धाञ्जलि | २/१ | २०४७ | १०१ |
| ५२. | ज्ञानमणि विश्वकर्मा | समय | २/१ | २०४७ | १०३ |

| | | | | | |
|---|---|---|---|---|---|
| ५३. | डी.डी. शर्मा | गरौँ शिशुको रक्षा | २/१ | २०४७ | १०४ |
| ५४. | भट्ट 'उराठ' | अब लेख्छु म कविता | २/१ | २०४७ | १०५ |
| ५५. | कृष्ण कँडेल | आकाङ्क्षा | २/१ | २०४७ | १०८ |
| ५६. | उमाकान्त शर्मा | गृहिणीसँग | २/१ | २०४७ | १०९ |
| ५७. | रविलाल जमरकट्टेल | कविशिरोमणि लेखनाथ पौडेलको सम्झनामा | २/१ | २०४७ | ११० |
| ५८. | रेशम श्रेष्ठ | जिन्दगी | २/१ | २०४७ | १११ |
| ५९. | कोमलनाथ घिमिरे | लक्ष्मीको फूल | २/१ | २०४७ | ११२ |
| ६०. | रामबाबु घिमिरे | तीन टुक्रा | २/१ | २०४७ | ११५ |
| ६१. | लालप्रसाद पौडेल | देशले कलाकार गुमाएछ | २/१ | २०४७ | ११६ |
| ६२. | लेखनाथ देवकोटा | राष्ट्रिय गरिमा | २/१ | २०४७ | ११८ |
| ६३. | विष्णुहरि देवकोटा | भानु | २/१ | २०४७ | १२१ |
| ६४. | ऋषिराम देवकोटा | तिमी आऊ अक्षर मिलाऊ | २/१ | २०४७ | १२२ |
| ६५. | प्रकाश चापागाईं | मोतीझैँ चम्किदेऊ | २/१ | २०४७ | १२४ |
| ६६. | रेशम विरही घिमिरे | समय विश्रान्ति लिएर सुतेको छ | २/१ | २०४७ | १२६ |
| ६७. | कुलचन्द्र कोइराला | भाषाको स्वरूप | २/१ | २०४७ | १२८ |
| ६८. | आर.आर. चौलागाईं | दरखास्त हालेको छु | २/१ | २०४७ | १३१ |
| ६९. | दीपक बस्नेत | अनौठो त छैन | २/१ | २०४७ | १३४ |
| ७०. | हरि डल्लाकोटी 'विश्रान्त' | शहीदहरूलाई श्रद्धाञ्जलि | २/१ | २०४७ | १३६ |
| ७१. | रवीन्द्रनाथ टैगोर | (अनुदित) गीताञ्जलिबाट | ६/२ | २०५१ | 'ऊ' |
| ७२. | सुरेन्द्र अस्तफल | सेमिनार र मध्यरातको सडक | ६/२ | २०५१ | १ |
| ७३. | मणि काफ्ले | गयो जिन्दगानी | ६/२ | २०५१ | ३ |
| ७४. | रेशम श्रेष्ठ | चाहिन्छ | ६/२ | २०५१ | ३ |
| ७५. | डी.डी. शर्मा | वादलसँग | ६/२ | २०५१ | ४ |
| ७६. | तीर्थराज कोइराला | यो सन्ध्यामा नवदीप बालौँ | ६/२ | २०५१ | ५ |
| ७७. | गोपी सापकोटा | गजल | ६/२ | २०५१ | ७ |
| ७८. | कल्पना स्मृति | हि्वस्कीको कपभित्र | ६/२ | २०५१ | ८ |
| ७९. | कपिल अज्ञात | प्रकृतिविरुद्ध मान्छे | ६/२ | २०५१ | ११ |
| ८०. | गोविन्दराज विनोदी | तोरी फुलेको दृश्य | ६/२ | २०५१ | १२ |
| ८१. | भरत रेग्मी | नचूँड नवपालुवा | ६/२ | २०५१ | १५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ८२. | ‘शराह’ | गजल | ६/२ | २०५१ | २६ |
| ८३. | लीलामणि भट्टराई | केही मुक्तकहरू | ६/२ | २०५१ | २७ |
| ८४. | बुद्धिनाथ अधिकारी | भिल्लका देशका मणि | ६/२ | २०५१ | २८ |
| ८५. | रामबाबु घिमिरे | दुई धर्काहरू | ६/२ | २०५१ | २९ |
| ८६. | विश्वनाथ खनाल | गीत | ६/२ | २०५१ | ३२ |
| ८७. | खुमनारायण पौडेल | जिजीविषा | ६/२ | २०५१ | ३३ |
| ८८. | गोपाल पौडेल | गजल | ६/२ | २०५१ | ३४ |
| ८९. | सिद्धार्थ | चार टुक्रा | ६/२ | २०५१ | ३८ |
| ९०. | धर्मप्रधान | गजल | ६/२ | २०५१ | ३९ |
| ९१. | सानु रेग्मी | नारी | ६/२ | २०५१ | ४० |
| ९२. | कमला श्रेष्ठ | सडक, भन म के गरूँ | ६/२ | २०५१ | ४१ |
| ९३. | विजय भट्टराई | दुई मुक्तक | ६/२ | २०५१ | ४४ |
| ९४. | गायत्री श्रेष्ठ | दुई चोइटा | ६/२ | २०५१ | ५१ |
| ९५. | अनिल सिग्देल | सपनाको सूर्य | ६/२ | २०५१ | ५२ |
| ९६. | कृष्णप्रसाद पोखेल | को गर्छ मूल्याङ्कन ? | ६/२ | २०५१ | ५३ |
| ९७. | सूर्य जमरकट्टेल | क्रान्ति | ६/२ | २०५१ | ५५ |
| ९८. | प्रेमविनोद ‘नन्दन’ | मलाई तिम्रो सहर ... | ६/२ | २०५१ | ५६ |
| ९९. | रघुवीर सहाय | प्राकृतिक मृत्यु | ६/२ | २०५१ | ६८ |
| १००. | राजकृष्ण कँडेल | जन्मस्थल | ६/२ | २०५१ | ७० |
| १०१. | नरबहादुर पिपासा | इच्छा | ६/२ | २०५१ | ७९ |
| १०२. | देवदत्त अधिकारी | श्रद्धासुमन | ६/२ | २०५१ | ८१ |
| १०३. | विश्वराज लम्साल | इच्छा र प्रतिक्रिया | ६/२ | २०५१ | ८३ |
| १०४. | नारायणदत्त शास्त्री | लक्ष्मी तिमीसित | ६/२ | २०५१ | ८३ |
| १०५. | प्रा. बालकृष्ण पोखरेल | कान्तिपुरीदेखि नारायणगढसम्म | ७/३ | २०५२ | १ |
| १०६. | नरबहादुर पिपासा | मान्छेको हुलमा बाँचेको एउटा | ७/३ | २०५२ | १० |
| १०७. | श्यामानन्द पौड्याल | घाँसी गुरु | ७/३ | २०५२ | १२ |
| १०८. | कृष्ण कँडेल | म बिरामी भएको छु | ७/३ | २०५२ | १८ |
| १०९. | गोपी सापकोटा | टु पोइम्स | ७/३ | २०५२ | २१ |
| ११०. | आरती पराजुली | ह्युमन इज आवर नेम | ७/३ | २०५२ | २२ |

| | | | | | |
|---|---|---|---|---|---|
| १११. | कमला श्रेष्ठ | जिन्दगीसित गुनासो | ७/३ | २०५२ | ३६ |
| ११२. | गायत्री श्रेष्ठ | एक टुक्रा | ७/३ | २०५२ | ३८ |
| ११३. | 'शराह' | म सत्यको पक्ष लिन्छु | ७/३ | २०५२ | ३९ |
| ११४. | गणेशप्रसाद शर्मा | क्यालेन्डर र म | ७/३ | २०५२ | ४० |
| ११५. | डी.डी. शर्मा | वसन्त | ७/३ | २०५२ | ४३ |
| ११६. | रवीन्द्रराज लामिछाने | काठमाडौँ | ७/३ | २०५२ | ४४ |
| ११७. | कल्पना स्मृति | एक मान्छे दुई मन | ७/३ | २०५२ | ४५ |
| ११८. | इन्दिरा मिश्र | पीडा | ७/३ | २०५२ | ४६ |
| ११९. | चन्द्रविलास अधिकारी | समयसापेक्ष | ७/३ | २०५२ | ५६ |
| १२०. | कमलकृष्ण 'प्रकृति' | सडक सन्ततिहरू | ७/३ | २०५२ | ५८ |
| १२१. | सूर्य जमरकट्टेल | शिशुहरूप्रति | ७/३ | २०५२ | ६३ |
| १२२. | गोविन्दबहादुर कुँवर | दुई टुक्रा | ७/३ | २०५२ | ६९ |
| १२३. | नारायणदत्त अधिकारी | सन्देश नौलो छ यो | ७/३ | २०५२ | ७२ |
| १२४. | सुरेन्द्र अस्तफल | बिनायोद्धा/बिनायुद्ध | ७/३ | २०५२ | ७७ |
| १२५. | गोविन्दराज विनोदी | भइन् कि मेरी सृजना रजस्वाला | ७/३ | २०५२ | ७९ |
| १२६. | तीर्थराज कोइराला | पख विश्व | ७/३ | २०५२ | ८५ |
| १२७. | पुष्पराज कोइराला | के हुँदैछ ? | ७/३ | २०५२ | ८६ |
| १२८. | मित्रबन्धु पौडेल | सन्देश भुटानी शरणार्थीलाई | ७/३ | २०५२ | ८७ |
| १२९. | लकाश पौडेल | कर्तव्य देशभक्तको | ७/३ | २०५२ | ९१ |
| १३०. | रविलाल जमरकट्टेल | आवस् न त्यो युग आवस् | ७/३ | २०५२ | ९३ |
| १३१. | ऋषिकेश पौडेल | कतै देश दुखेको छ | ७/३ | २०५२ | ९४ |
| १३२. | कपिल अज्ञात | खोलाहरू | ७/३ | २०५२ | ९५ |
| १३३. | राजकृष्ण कँडेल | कवि | ७/३ | २०५२ | ९६ |
| १३४. | चेतकान्त चापागाईं | छोरीको विदाइमा | ७/३ | २०५२ | ९७ |
| १३५. | केदारनाथ खनाल | शुभकामना | ७/३ | २०५२ | ९९ |
| १३६. | चेतनाथ अधिकारी | वर्तमानको गतिमा सडक | ७/३ | २०५२ | १०० |
| १३७. | गोविन्द दाहाल | यसरी | ७/३ | २०५२ | १०२ |
| १३८. | भरत रेग्मी | मान्छे हुने रहर | ७/३ | २०५२ | १०३ |
| १३९. | अर्जुन अस्तफल | आधुनिक भएर हो कि हजुर | ७/३ | २०५२ | १०४ |

| | | | | | |
|---|---|---|---|---|---|
| १४०. | रेशमलाल श्रेष्ठ | गजल | ७/३ | २०५२ | ११ |
| १४१. | गोपाल पौड्याल | गीत | ७/३ | २०५२ | २० |
| १४२. | प्रेमविनोद नन्दन | साठीको एउटा गीत | ७/३ | २०५२ | ३५ |
| १४३. | युवराज अर्याल | गजल | ७/३ | २०५२ | ७१ |
| १४४. | धर्म प्रधान | गजल | ७/३ | २०५२ | ८० |
| १४५. | प्रेमविनोद नन्दन | मङ्गलगान | ८/४ | २०५३ | १ |
| १४६. | डी.डी. शर्मा | मनको चाल | ८/४ | २०५३ | १३ |
| १४७. | गोविन्दराज 'विनोदी' | ग-ज-ल | ८/४ | २०५३ | १९ |
| १४८. | खुमनारायण पौडेल | कुहिरोमा हामी | ८/४ | २०५३ | ३० |
| १४९. | विष्णुहरि पौडेल | राष्ट्रप्रेम | ८/४ | २०५३ | ४६ |
| १५०. | तीर्थराज कोइराला | धरतीको छोरी | ८/४ | २०५३ | ६१ |
| १५१. | गोपी सापकोटा | परदेशी-पत्र | ८/४ | २०५३ | ७० |
| १५२. | जगन्नाथ पण्डित | गजल | ८/४ | २०५३ | ७५ |
| १५३. | पुष्पराज कोइराला | नवमुनाका रहरले | ८/४ | २०५३ | ७९ |
| १५४. | रामनाथ खनाल | अन्तिम मार्ग | ८/४ | २०५३ | ८१ |
| १५५. | राजकृष्ण कँडेल | स्रष्टा | ८/४ | २०५३ | ८२ |
| १५६. | गणेशप्रसाद शर्मा | गजल | ८/४ | २०५३ | ८३ |
| १५७. | 'शराह' | गठित | ८/४ | २०५३ | ८५ |
| १५८. | कमल कँडेल 'प्रकृति' | घर्ती र मान्छे | ८/४ | २०५३ | ८६ |
| १५९. | सङ्गीत आयाम | एक साँझ ... | ८/४ | २०५३ | ९१ |
| १६०. | सुरेन्द्र अस्तफल | वर्षौंदेखिका क्यालेन्डर | ८/४ | २०५३ | १०० |
| १६१. | धर्म प्रधान 'अकिञ्चन' | गजल | ८/४ | २०५३ | १०४ |
| १६२. | गोपाल पौडेल | गजल | ८/४ | २०५३ | १०५ |
| १६३. | अस्तफल अर्जुन | त्रिपन्नका तीन रहरहरू | ८/४ | २०५३ | १०६ |
| १६४. | सिर्जन अविरल | आज आफ्नै प्रतिबिम्ब | ८/४ | २०५३ | ११८ |
| १६५. | होमनाथ सापकोटा | मेरै गीत सुन्दर-सिर्जना | ८/४ | २०५३ | ११९ |
| १६६. | बाबुराम लामिछाने | सेतो लुगा | ८/४ | २०५३ | १३२ |
| १६७. | विश्वनाथ खनाल | मलाई यस्तै लाग्छ | ८/४ | २०५३ | १३३ |
| १६८. | श्यामानन्द पौडेल | जिन्दगी | ८/४ | २०५३ | १३४ |

| | | | | | |
|---|---|---|---|---|---|
| १६९. | प्रेमविनोद नन्दन | तीन तरेली | ९/५ | २०५४ | १ |
| १७०. | दैवज्ञराज न्यौपाने | मैले सिङ्गो नेपाल देखेँ | ९/५ | २०५४ | २ |
| १७१. | दुर्गाप्रसाद पोखेल | ऊ रोएको देख्दा | ९/५ | २०५४ | ४ |
| १७२. | गोविन्दराज विनोदी | नववर्षप्रति | ९/५ | २०५४ | ७ |
| १७३. | बाबुराम लामिछाने | आवाज सुनेर | ९/५ | २०५४ | १३ |
| १७४. | प्रमोद प्रधान | यति धेरै बातहरू | ९/५ | २०५४ | १९ |
| १७५. | बैरागी काइँला | दुई टुक्रा | ९/५ | २०५४ | २० |
| १७६. | हेमन्त श्रेष्ठ | नववर्ष दुई | ९/५ | २०५४ | ४२ |
| १७७. | धीरेन्द्र प्रेमर्षी | केही प्यारोडी | ९/५ | २०५४ | ४३ |
| १७८. | देवदत्त अधिकारी | भानुको सम्झना | ९/५ | २०५४ | ४५ |
| १७९. | गणेशप्रसाद शर्मा | राजनीति | ९/५ | २०५४ | ४६ |
| १८०. | होमनाथ सापकोटा | मेरो मनको पाखाबाट | ९/५ | २०५४ | ४७ |
| १८१. | सुरेन्द्र अस्तफल | यसपालि यस्तै भयो | ९/५ | २०५४ | ५३ |
| १८२. | केशवराज आमोदी | बटुल-बटुल | ९/५ | २०५४ | ५५ |
| १८३. | कविता शेरचन | स्वतन्त्रताको स्वाद | ९/५ | २०५४ | ५७ |
| १८४. | सि.के. शर्मा | लाज लाग्यो मलाई | ९/५ | २०५४ | ५९ |
| १८५. | रमेश प्रभात | गजल | ९/५ | २०५४ | ६१ |
| १८६. | चन्द्रप्रकाश विवेकी | परिधिभित्रको एउटा | ९/५ | २०५४ | ६२ |
| १८७. | रवीन्द्रराज लामिछाने | गजल | ९/५ | २०५४ | ६३ |
| १८८. | पुष्पराज कोइराला | केही उद्गार | ९/५ | २०५४ | ६४ |
| १८९. | पीडा भोगी | दुई हाइकु | ९/५ | २०५४ | ६४ |
| १९०. | रविलाल जमरकट्टेल | त्रिपन्न साल | ९/५ | २०५४ | ६५ |
| १९१. | हेमराज अर्याल | सम्झँदा लाज लाग्छ | ९/५ | २०५४ | ६६ |
| १९२. | घनश्याम न्यौपाने | गजल | ९/५ | २०५४ | ६७ |
| १९३. | सूर्य जमरकट्टेल | एक टुक्रा | ९/५ | २०५४ | ६७ |
| १९४. | धर्म प्रधान 'अकिञ्चलन' | गजल | ९/५ | २०५४ | ६९ |
| १९५. | नारायणदत्त शास्त्री | अटल भानु र मोती | ९/५ | २०५४ | ७० |
| १९६. | राजेश गौतम | एक टुक्रा | ९/५ | २०५४ | ७० |
| १९७. | सूर्य पुष्कर कँडेल | गजल | ९/५ | २०५४ | ७१ |

| | | | | | |
|---|---|---|---|---|---|
| १९८. | प्रकाश प्राञ्जल | गजल | ९/५ | २०५४ | ७१ |
| १९९. | अर्जुन पौडेल | ज्वारभाटा | ९/५ | २०५४ | ७२ |
| २००. | युसुफदिन 'पाल्पाली' | गजल | ९/५ | २०५४ | ७२ |
| २०१. | सङ्गीत आयाम | उदास वसन्तको | ९/५ | २०५४ | ७३ |
| २०२. | भरत रेग्मी | खाँचो | ९/५ | २०५४ | ७५ |
| २०३. | दीनबन्धु अर्याल | मृत्यु पनि चाइन्छ | ९/५ | २०५४ | ७६ |
| २०४. | राधा पौडेल | म र मेरो देश | ९/५ | २०५४ | ७८ |
| २०५. | कृष्णप्रसाद पोखेल | वसन्त आयो | ९/५ | २०५४ | ७९ |
| २०६. | मणि काफ्ले | कामना | ९/५ | २०५४ | ८२ |
| २०७. | चेतकान्त चापागाईं | वसन्तको बहार यो धरातल | ९/५ | २०५४ | ८३ |
| २०८. | तीर्थराज कोइराला | लेखनाथको सम्झनामा | ९/५ | २०५४ | ८४ |
| २०९. | सिद्धार्थ | नववर्ष | ९/५ | २०५४ | ९३ |
| २१०. | सरस्वती रिजाल | उद्‌बोधन | ९/५ | २०५४ | ९४ |
| २११. | शोभा राना | को राम्रो छ यहाँ ? | ९/५ | २०५४ | ९५ |
| २१२. | श्यामानन्द पौडेल | 'वाल्मीकि' तपोधाम | ९/५ | २०५४ | १०१ |
| २१३. | प्रेमविनोद नन्दन | मुस्कुराउँदा लालीगुराँस | १०/६ | २०५५ | १ |
| २१४. | गोविन्दराज विनोदी | कल्पना-प्रसवन्ती | १०/६ | २०५५ | ९ |
| २१५. | विजय वजियम | आजको यात्रा | १०/६ | २०५५ | १० |
| २१६. | मणि नेपाली | यहाँ नरक भेटियो | १०/६ | २०५५ | १५ |
| २१७. | प्रभातकुमार जोशी | बहहरू | १०/६ | २०५५ | २१ |
| २१८. | राधा पौडेल | पर्दाभित्रको चीत्कार | १०/६ | २०५५ | २९ |
| २१९. | प्रमिला देवकोटा | बालकहरू | १०/६ | २०५५ | ३२ |
| २२०. | चन्द्रप्रकाश 'विवेकी' | सन्नटाको कोलाहल | १०/६ | २०५५ | ३८ |
| २२१. | राजकृष्ण कँडेल | नववर्ष तिमी आऊ | १०/६ | २०५५ | ४२ |
| २२२. | होमनाथ सापकोटा | सम्झनाको तरेली | १०/६ | २०५५ | ४४ |
| २२३. | नारायणदत्त शास्त्री | त्रिमुखी विधान | १०/६ | २०५५ | ४५ |
| २२४. | देवीदास अधिकारी | चोखो माटोमा वाङ्गेयात्रा | १०/६ | २०५५ | ४८ |
| २२५. | दीपक पाठक | यस्तो हुनुपर्थ्यो | १०/६ | २०५५ | ५० |
| २२६. | तीर्थराज कोइराला | मोतीको दाना | १०/६ | २०५५ | ५२ |

| | | | | | |
|---|---|---|---|---|---|
| २२७. | दीक्षा सापकोटा | ऊ टाढा छ | १०/६ | २०५५ | ५४ |
| २२८. | जीवनराज वाग्ले | उनकै सम्झनामा | १०/६ | २०५५ | ५६ |
| २२९. | मणिराम शर्मा काफ्ले | क्रमशः भाग्दैछन् ... | १०/६ | २०५५ | ५८ |
| २३०. | गायत्री श्रेष्ठ | मेरो इलाम | १०/६ | २०५५ | ७१ |
| २३१. | रमेश प्रभात | तीन हाइकु | १०/६ | २०५५ | ७१ |
| २३२. | बुद्धप्रकाश सिंह | आकाश, म र भूमि | १०/६ | २०५५ | ७२ |
| २३३. | सिर्जन अविरल | जुगुत्सा | १०/६ | २०५५ | ७४ |
| २३४. | चेतकान्त चापागाईं | श्रद्धासुमन र कवि ... | १०/६ | २०५५ | ७६ |
| २३५. | पद्मपाणि 'विरक्ति' | छैन चिन्ता कसैमा | १०/६ | २०५५ | ७७ |
| २३६. | श्यामानन्द पौडेल | अर्पित यो शार्दूल | १०/६ | २०५५ | ७८ |
| २३७. | शारदा पौडेल | नारी एक हौँ | १०/६ | २०५५ | ७९ |
| २३८. | भरत रेग्मी | विचित्रको साँचो | १०/६ | २०५५ | ८१ |
| २३९. | रविलाल जमरकट्टेल | साँचो बोल | १०/६ | २०५५ | ८६ |
| २४०. | लक्ष्मी श्रेष्ठ | कस्तो ? | १०/६ | २०५५ | ८६ |
| २४१. | डी.डी. शर्मा | ढङ्पारे शङ्खी | १०/६ | २०५५ | ९७ |
| २४२. | केशवराज भट्टराई | दुई थुँगा | १०/६ | २०५५ | ९८ |
| २४३. | लोकेश अञ्जान | गजल | १०/६ | २०५५ | ४७ |
| २४४. | नवराज ढुङ्गाना | गजल | १०/६ | २०५५ | ४७ |
| २४५. | निर्मोही व्यास | गजल | १०/६ | २०५५ | ५५ |
| २४६. | धर्म प्रधान 'अकिञ्चन' | गजल | १०/६ | २०५५ | ६२ |
| २४७. | घनश्याम न्यौपाने | गजल | १०/६ | २०५५ | ८२ |
| २४८. | प्रेमविनोद नन्दन | कस्तो जिन्दगानी | ११/७ | २०५६ | १ |
| २४९. | गोविन्दराज विनोदी | नेताजी हराएको सूचना | ११/७ | २०५६ | ७ |
| २५०. | गायत्री श्रेष्ठ | नयाँवर्ष | ११/७ | २०५६ | १३ |
| २५१. | चेतकान्त चापागाईं | शुभकामना | ११/७ | २०५६ | २३ |
| २५२. | श्यामानन्द पौडेल | ठूलो रुख | ११/७ | २०५६ | २७ |
| २५३. | सिर्जन अविरल | मेरो विगत | ११/७ | २०५६ | ३१ |
| २५४. | जीवनराज वाग्ले | एक्काइसौँ शताब्दीको मेरो चितवन | ११/७ | २०५६ | ३७ |
| २५५. | राजकृष्ण कँडेल | आमा | ११/७ | २०५६ | ४२ |

| | | | | | |
|---|---|---|---|---|---|
| २५६. | धनराज गिरी | आजको तस्वीर | ११/७ | २०५६ | ५५ |
| २५७. | रवीन्द्रराज लामिछाने | गजल | ११/७ | २०५६ | ५८ |
| २५८. | तीर्थराज कोइराला | अब मेरो कविता अमर हुनेछ | ११/७ | २०५६ | ५९ |
| २५९. | गणेश शर्मा | रामबागका रामबहादुरहरू | ११/७ | २०५६ | ६५ |
| २६०. | पद्मपाणि 'विरक्ति' | धन्य हुन् लेखनाथ | ११/७ | २०५६ | ६७ |
| २६१. | दीपकप्रसाद गौतम | गीत | ११/७ | २०५६ | ६८ |
| २६२. | केशवराज भट्टराई | उकालीहरूमा लडैं | ११/७ | २०५६ | ६९ |
| २६३. | लक्ष्मी श्रेष्ठ | म मान्छे खोज्ने प्रयत्नमा | ११/७ | २०५६ | ७० |
| २६४. | चन्द्रप्रकाश 'विवेकी' | तेस्रो आँखा | ११/७ | २०५६ | ७८ |
| २६५. | सूर्य 'पुष्कर' | गजल | ११/७ | २०५६ | ७९ |
| २६६. | होमनाथ सापकोटा | लेख्न छाडेको छु | ११/७ | २०५६ | ९० |
| २६७. | अर्जुन अस्तफल | गीत | ११/७ | २०५६ | ९४ |
| २६८. | वि.पी. तिवारी | त्यो दिनको सम्झना | ११/७ | २०५६ | ९५ |
| २६९. | शरद परासर | खोइ ? हामी कहाँनेर बहादुर बन्यौं | ११/७ | २०५६ | ९७ |
| २७०. | दीक्षा सापकोटा | सङ्घर्षशील सम्झौता | ११/७ | २०५६ | १०३ |
| २७१. | नवराज ढुङ्गाना | एकान्त | ११/७ | २०५६ | १०६ |
| २७२. | अर्जुनकुमार श्रेष्ठ | अमृत पनि विष हुँदोरहेछ | ११/७ | २०५६ | १०७ |
| २७३. | राधा पौडेल | के भो प्रजातन्त्र यो ? | ११/७ | २०५६ | १०८ |
| २७४. | प्रभातकुमार जोशी | गीत | ११/७ | २०५६ | १०९ |
| २७५. | मणि काफ्ले | बगर | ११/७ | २०५६ | ११० |
| २७६. | डी.डी. शर्मा | अपिल | ११/७ | २०५६ | ११३ |
| २७७. | दशरथ तिवारी | गुड्थ्यो पजेरो किन ? | ११/७ | २०५६ | १२२ |
| २७८. | नारायणदत्त शास्त्री | ऋतुराज वसन्त | ११/७ | २०५६ | १२३ |
| २७९. | गोविन्दराज विनोदी | वागीश्वरीको प्रसाद | १२/८ | २०५७ | १ |
| २८०. | प्रेमविनोद नन्दन | प्रेम-पत्र | १२/८ | २०५७ | ७ |
| २८१. | गायत्री श्रेष्ठ | गीत | १२/८ | २०५७ | १५ |
| २८२. | सरस्वती रिजाल | सायद हिमाल बिटुलिँदै छ | १२/८ | २०५७ | २३ |
| २८३. | श्रीभक्त अच्युत वाग्ले | शिवाश्री | १२/८ | २०५७ | ३१ |
| २८४. | चन्द्रप्रकाश विवेकी | क्रान्ति र जादु | १२/८ | २०५७ | ४२ |

| | | | | | |
|---|---|---|---|---|---|
| २८५. | गणेशप्रसाद शर्मा | कवि र कविता | १२/८ | २०५७ | ४६ |
| २८६. | अनिल सिग्देल | मैले लेखेको कथा | १२/८ | २०५७ | ४६ |
| २८७. | राधा पौडेल | श्रमशक्तिको सम्मान गरौँ | १२/८ | २०५७ | ४७ |
| २८८. | केशवराज भट्टराई | रम्य शृङ्गार | १२/८ | २०५७ | ५७ |
| २८९. | प्रभातकुमार जोशी | मलाई माया गर्न देऊ | १२/८ | २०५७ | ६३ |
| २९०. | टीकाराम अर्याल | दसैँ | १२/८ | २०५७ | ६५ |
| २९१. | दुर्गाप्रसाद पोखेल | गुच्छा शुभेच्छाका | १२/८ | २०५७ | ६६ |
| २९२. | मणि काफ्ले | गर्मीको जाडो | १२/८ | २०५७ | ६७ |
| २९३. | श्री पशुपतिनाथ शर्मा आचार्य | नेतृत्व | १२/८ | २०५७ | ७६ |
| २९४. | नारायणदत्त शास्त्री | ढँटुवा | १२/८ | २०५७ | ८१ |
| २९५. | राजकृष्ण कँडेल | गोर्खा | १२/८ | २०५७ | ८३ |
| २९६. | दीनबन्धु अर्याल | रवि ! तिमी कति बेइमानी | १२/८ | २०५७ | ८५ |
| २९७. | सिर्जन अविरल | भविष्य हराएका बालकहरू | १२/८ | २०५७ | ८७ |
| २९८. | डी.डी. शर्मा | खोक्रा नारा नलाऊ | १२/८ | २०५७ | ८९ |
| २९९. | धनराज गिरी | चिसापदेखि निसापसम्म | १२/८ | २०५७ | ९१ |
| ३००. | रविलाल जमरकट्टेल | सबै हुन् सपूत | १२/८ | २०५७ | ९२ |
| ३०१. | आचार्य नारायणप्रसाद शर्मा | कृष्णा गण्डकी | १२/८ | २०५७ | ९५ |
| ३०२. | गोपी सापकोटा | बिम्बहरू | १२/८ | २०५७ | ९६ |
| ३०३. | भरत रेग्मी | कविता फेरि उठ्नुपर्छ | १२/८ | २०५७ | १११ |
| ३०४. | माधव घिमिरे | राम्रो | १४/१० | २०५९ | १ |
| ३०५. | गोविन्दराज विनोदी | नायक/प्रतिनायक | १४/१० | २०५९ | २ |
| ३०६. | विजयराज भट्टराई | प्रस्तरस्तम्भ | १४/१० | २०५९ | ३ |
| ३०७. | जीवनराज वाग्ले | राराको प्रणय-पत्र | १४/१० | २०५९ | ८ |
| ३०८. | कपिल अज्ञात | आतङ्क | १४/१० | २०५९ | १० |
| ३०९. | केदारनाथ खनाल | आमाको स्मृति-चित्र | १४/१० | २०५९ | ११ |
| ३१०. | श्रीभक्त अच्युत वाग्ले | आलो रगतमा शान्ति नखोजौँ | १४/१० | २०५९ | १२ |
| ३११. | सुरेन्द्र अस्तफल | दिनप्रतिदिन | १४/१० | २०५९ | १४ |
| ३१२. | राजकृष्ण कँडेल | देश | १४/१० | २०५९ | १५ |
| ३१३. | एल.बि. क्षेत्री | अन्धकारमा कतै ऊ ... | १४/१० | २०५९ | १७ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३१४. | श्यामप्रसाद न्यौपाने | वसन्त | १४/१० | २०५९ | १८ |
| ३१५. | धर्म प्रधान 'अकिञ्चन' | गजलहरू | १४/१० | २०५९ | १९ |
| ३१६. | युवराज अर्याल | गजल | १४/१० | २०५९ | २० |
| ३१७. | विमलप्रकाश देवकोटा | गजल | १४/१० | २०५९ | २१ |
| ३१८. | सरस्वती रिजाल | क्यान्भास र दृष्टि | १४/१० | २०५९ | २२ |
| ३१९. | लक्ष्मण राजभण्डारी 'प्रतीक' | मुस्कान हराएको बस्ती | १४/१० | २०५९ | २३ |
| ३२०. | रामकुमार एलन | दस हाइकु | १४/१० | २०५९ | २५ |
| ३२१. | हरिहर पौडेल | तीन मुक्तक | १४/१० | २०५९ | २६ |
| ३२२. | पुष्पा पौडेल 'बिन्दु' | नारी : केही टुक्राहरू | १४/१० | २०५९ | २७ |
| ३२३. | नरेन्द्रराज पौडेल | ढिलो भएछ | १४/१० | २०५९ | २८ |
| ३२४. | नवराज ढुङ्गाना | कविता | १४/१० | २०५९ | ३० |
| ३२५. | नीरज पन्त | माटोलाई हेर्दा | १४/१० | २०५९ | ३१ |
| ३२६. | लक्ष्मण कँडेल | वर्तमान | १४/१० | २०५९ | ३२ |
| ३२७. | प्रतिभा आचार्य | समानता कता गयो ? | १४/१० | २०५९ | ३३ |
| ३२८. | केशवराज आमोदी | गजल | १४/१० | २०५९ | ३५ |
| ३२९. | सिर्जन अविरल | समाचार | १४/१० | २०५९ | ३६ |
| ३३०. | अधिकारी अल्पविराम | समय अझै छ | १४/१० | २०५९ | ३७ |
| ३३१. | शान्ति सुवेदी | जाँतोमा पिँधिएको भविष्य | १४/१० | २०५९ | ३८ |
| ३३२. | प्रेमराज कोइराला | श्रद्धासुमन कविलाई | १४/१० | २०५९ | ३९ |
| ३३३. | गणेशप्रसाद शर्मा | पानी र पाना | १४/१० | २०५९ | ४० |
| ३३४. | अच्युत खनाल | अनेकतामा एकता | १४/१० | २०५९ | ४१ |
| ३३५. | देशबन्धु अधिकारी | गीत गाउने मान्छेहरूसँग | १४/१० | २०५९ | ४२ |
| २२. | केदारनाथ खनाल | विषयवस्तुका दृष्टिले गीतिनाटक 'बालकुमारी' को अवलोकन | १६/१२ | २०६१ | ५८ |
| २३. | भागवतशरण न्यौपाने | 'देउकी' बारे केही मन्थन | १६/१२ | २०६१ | ६६ |
| २४. | लक्ष्मणप्रसाद गौतम | पौराणिक मिथकमा समकालीन चेतनाको प्रतिरूप : 'अश्वत्थामा' | १६/१२ | २०६१ | ७५ |
| २५. | गायत्री श्रेष्ठ | 'गाउँछ गीत नेपाली' मा राष्ट्रिय चिन्तन | १६/१२ | २०६१ | ८१ |
| २६. | होमनाथ सापकोटा | कवि माधव घिमिरे र उनका खण्डकाव्यगत प्राप्ति | १६/१२ | २०६१ | ८७ |
| २७. | मणि काफ्ले | संवेदनाका कवि माधव घिमिरे र उनको 'विषकन्या' गीतिनाटक : एक अनुशीलन | १६/१२ | २०६१ | ९५ |
| २८. | सरस्वती रिजाल | 'किन्नर र किन्नरी' मा निहित आध्यात्मिक चेतना | १६/१२ | २०६१ | ११० |
| २९. | दीननाथ शर्मा 'पण्डित' | प्रीति र प्रकृतिको अनुपम सङ्गम 'शकुन्तला' नाटक : एक समीक्षा | १६/१२ | २०६१ | ११८ |
| ३०. | पूर्णप्रसाद अधिकारी | माधवप्रसाद घिमिरे र उनको 'बाललहरी' कवितासङ्ग्रह एक अवलोकन | १६/१२ | २०६१ | १३० |
| ३१. | धनेश्वर भट्टराई | माधवप्रसाद घिमिरेको 'धर्तीमाता' काव्यको अन्तर्वस्तु | १६/१२ | २०६१ | १३५ |
| ३२. | केशवराज आमोदी | 'वैशाख' कविता र कविवर माधवप्रसाद घिमिरे | १६/१२ | २०६१ | १४४ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३३. | श्रीमती कमल भण्डारी | 'पापिनी आमा' मा प्रकृतिचित्रण | १६/१२ | २०६१ | १५४ |
| ३४. | रमेश प्रभात | 'पापिनी आमा' खण्डकाव्यमा नारीप्रतिको दृष्टिकोण | | | |
| ३५. | विमलप्रकाश देवकोटा | राष्ट्रकविको अभिनन्दन र 'गौरी' एक अवलोकन | १६/१२ | २०६१ | १७८ |
| ३६. | नवराज ढुङ्गाना | कालीगण्डकी : जीवनचेतना र काव्यमान्यताका दृष्टिले | १६/१२ | २०६१ | १८४ |
| ३७. | कपिल अज्ञात | गजल कार्यक्रम समीक्षा | १७/१३ | २०६२ | ३० |
| ३८. | प्रकाशबाबु खनाल | 'अरण्य रोदन' मा कवि आमोदीको अनुहार | १८/१४ | २०६३ | ५४ |
| ३९. | कुलप्रसाद ढुङ्गाना | 'पापिनी आमा' खण्डकाव्यमा रसको विशिष्ट प्रयोग | १८/१४ | २०६३ | ६४ |
| ४०. | भागवतशरण न्यौपाने | 'आमा स्मृतिका छालमा' शोककाव्यको सङ्क्षिप्त विवेचना | १८/१४ | २०६३ | ११० |
| ४१. | डा. लक्ष्मणप्रसाद गौतम | सिर्जनवृत्तका परिधिभित्र : नन्दन | १८/१५ | २०६४ | २ |
| ४२. | सुरेन्द्र अस्तफल | कवि विनोदीको सिर्जन-धर्मिता : एक सङ्क्षिप्त दृष्टिकोण | १९/१६ | २०६५ | ४ |
| ४३. | डि.आर. पोखरेल | यात्राका स्पन्दनहरू, केदारको नयाँ कीर्तिमान | १९/१६ | २०६५ | ३८ |
| ४४. | कपिल अज्ञात | निबन्धका बाबु : रामबाबु | १९/१६ | २०६५ | ५५ |
| ४५. | निर्मोही व्यास | 'पहाडी जीवन' एक सङ्क्षिप्त अध्ययन | २०/१७ | २०६६ | २५ |
| ४६. | कुलप्रसाद ढुङ्गाना | खण्डकाव्यको सैद्धान्तिक स्वरूप र देवकोटाको खण्डकाव्यकारिता | २०/१७ | २०६६ | ३३ |
| ४७. | दामोदर रिजाल | 'सुलोचना' महाकाव्य र यसको परिधि | २०/१७ | २०६६ | ४१ |
| ४८. | डा. लक्ष्मणप्रसाद गौतम | देवकोटाको महाकाव्यकारिता | २०/१७ | २०६६ | ४९ |
| ४९. | गोविन्दराज विनोदी | देवकोटाका महाकाव्यगत विविध प्रयोग र प्रवृत्ति | २०/१७ | २०६६ | ५५ |
| ५०. | राजकृष्ण कँडेल | देवकोटामा मानवतावाद | २०/१७ | २०६६ | ६१ |
| ५१. | पूर्णप्रसाद अधिकारी | लक्ष्मीप्रसाद देवकोटाको समालोचनात्मक प्रवृत्तिप्रति दृष्टि प्रक्षेपण | २०/१७ | २०६६ | ७७ |
| ५२. | होमनाथ सापकोटा 'सिद्धार्थ' | 'कला र जीवन' निबन्धको कृतिगत विवेचना | २०/१७ | २०६६ | ८३ |
| ५३. | धनेश्वर भट्टराई | पूर्वीय दर्शनको आलोकमा देवकोटा | २०/१७ | २०६६ | ९१ |
| ५४. | सरस्वती रिजाल | 'भैलोगीत' मा देवकोटा | २०/१७ | २०६६ | १०१ |
| ५५. | सुरेन्द्र अस्तफल | 'पागल' कविताको सापेक्षतामा महाकवि देवकोटा | २०/१७ | २०६६ | १०९ |
| ५६. | सरस्वती रिजाल | हारजीत तथा यसका नारी पात्रहरू | २१/१८ | २०६७ | २७ |
| ५७. | ज्ञानु अधिकारी | 'दौरा-सुरुवाल र टोपी आतङ्क' मा अन्तर्वस्तुगत विविधता | २१/१८ | २०६७ | ५६ |
| ५८. | डा. लक्ष्मणप्रसाद गौतम | प्रयोगवादी धाराको समयका छन्दोबद्ध कविताको अन्तर्वस्तुमा युगबोधी चेतनाको स्वरूप | २२/१९ | २०६८ | ४१ |

### २.२.१.५ हास्यव्यङ्ग्य

**वागीश्वरी** पत्रिकामा अङ्क एकदेखि १९ औँ अङ्कसम्म प्रकाशित हास्यव्यङ्ग्य लेखहरू यसप्रकार छन् :

| क्रम | हास्यव्यङ्ग्यकारको नाम | शीर्षक | वर्ष/अङ्क | प्रकाशन वर्ष | पृष्ठ |
|---|---|---|---|---|---|
| १. | तिलकराज शर्मा | यसपटक पनि पद प्राप्त भएन | ६/२ | २०५१ | ८४ |
| २. | तिलकराज शर्मा | शहीद बन्ने चानसै पाइएन | ७/३ | २०५२ | ६५ |
| ३. | तिलकराज शर्मा | महान् बन्ने धुनमा | ८/४ | २०५३ | ५७ |
| ४. | ईश्वरीप्रसाद शर्मा (व्यङ्ग्य) | जय भात | ११/७ | २०५६ | ८० |
| ५. | नवराज ढुङ्गाना | नारद्जीको भूमिका | १५/११ | २०६० | १०५ |

### २.२.१.६ अन्तर्वार्ता

**वागीश्वरी** पत्रिकामा कतिपय अङ्कमा प्रकाशित अन्तर्वार्ताहरू यसप्रकार रहेका छन् :

| क्रम | अन्तर्वार्ताकारको नाम | शीर्षक | वर्ष/अङ्क | प्रकाशन वर्ष | पृष्ठ |
|---|---|---|---|---|---|
| १. | सम्पादक | कथाकार रमेश विकलसँग अन्तर्वार्ता | ९/५ | २०५४ | १५ |
| २. | चिसाप | बर्मेली साहित्यकार ठाकुरप्रसाद गुरागाईंसँगको अन्तर्वार्ता | १०/६ | २०५५ | १२ |
| ३. | चिसाप | 'चितवन साहित्य परिषद्' का अध्यक्ष श्री केदारनाथ खनालका प्रश्नहरूका उत्तर कमल दीक्षितबाट | ११/७ | २०५६ | २ |
| ४. | चिसाप | आदरणीय प्रा.डा. चूँडामणि बन्धुज्यूसँग लिइएको सङ्क्षिप्त अन्तर्वार्ता | १२/८ | २०५७ | २ |
| ५. | डा. लक्ष्मणप्रसाद गौतम | वरिष्ठ कथाकार प्राज्ञ सनत रेग्मीसँग | १९/१६ | २०६५ | १६ |

### २.२.१.७ स्रष्टा/संस्था परिचय

**वागीश्वरी** पत्रिकाको अङ्क एकदेखि १९ औँ अङ्कसम्म प्रकाशित स्रष्टा/संस्था परिचय यसप्रकार रहेका छन् :

| क्रम | लेखकको नाम | शीर्षक | वर्ष/अङ्क | प्रकाशन वर्ष | पृष्ठ |
|---|---|---|---|---|---|
| १. | दामोदर रिजाल | भाषाशास्त्री प्रा.डा. चूडामणि बन्धुको कृतिगत व्यक्तित्व | ८/४ | २०५३ | २१ |
| २. | पूर्णप्रसाद अधिकारी | कवि तीर्थराज कोइराला : सङ्क्षिप्त परिचय | १०/६ | २०५५ | ८७ |
| ३. | डा. लक्ष्मणप्रसाद गौतम | सिर्जनावृत्तका परिधिभित्र नन्दन | १८/१५ | २०६४ | २ |

## २.२.१.८ विविध

**वागीश्वरी** पत्रिकाको अङ्क १ देखि १९ औँ अङ्कसम्म सचिवको तर्फबाट 'चितवन साहित्य परिषद्' को पातो प्रकाशित गरिएको छ । अङ्कको अन्तिम पेजतिर चिसापबाट सम्मानित प्रतिभाहरू, यस परिषद्बाट प्रकाशित कृतिहरू, परिषद्बाट सम्मानित, मानार्थ र आजीवन सदस्यहरूको नामवली, 'चितवन साहित्य परिषद्' को अनुरोध, अवधारणा-पत्र, प्रतिवेदन खण्ड, कृष्णकुमारी गुरुङ स्मृति पुरस्कार प्राप्त व्यक्तिहरूको नामावली, प्रतिभा पुरस्कार प्राप्त व्यक्तित्वहरूको नामावली प्रकाशित गरिएको छ ।

## २.२.१.९ सम्पादकहरूको विवरणात्मक सूची

'चितवन साहित्य परिषद्' को मुखपत्रको रूपमा प्रकाशित **वागीश्वरी** पत्रिकाको विभिन्न अङ्कमा सम्पादक मण्डल, प्रधानसम्पादक, अतिथि सम्पादक, सम्पादक-सल्लाहकार र सम्पादन सहयोगी आदिको व्यवस्था गरिएको छ । १ अङ्कदेखि १९ औँ अङ्कसम्म प्रकाशित यस पत्रिकाको सम्पादन विभिन्न व्यक्तिहरूले गरेको देखिन्छ । यस क्रममा प्रधान सम्पादकमा केदारनाथ खनाल रहेका देखिन्छन् भने अतिथि सम्पादक गोविन्दराज विनोदी, सम्पादक सुरेन्द्र अस्तफल, सल्लाहकार श्रीभक्त अच्युत वाग्ले, प्रेमविनोद नन्दन र सम्पादन सहयोगी गणेशप्रसाद शर्मा र बालकृष्ण थपलिया रहेका छन् । यसको सम्पादन आदि सम्पूर्ण विवरण यहाँ उल्लेख गरिएको छ ।

### २.२.१.९.१ प्रधान सम्पादक

अङ्क एकदेखि अङ्क १९ सम्म प्रकाशित भएको **वागीश्वरी** पत्रिकाको प्रथम अङ्कदेखि आठौँ अङ्कसम्म सम्पादक मण्डलको रूपमा सबैलाई यसै शीर्षकभित्र समावेश गरेको देखिन्छ । नवौँ अङ्कदेखि १९ औँ अङ्कसम्म केदारनाथ खनाल नै प्रधान सम्पादक रहेका छन् :

| क्रम | प्रधान सम्पादक | वर्ष | अङ्क | प्रकाशन वर्ष |
|---|---|---|---|---|
| १. | केदारनाथ खनाल | १३ | ९ | २०५८ |
| २. | केदारनाथ खनाल | १४ | १० | २०५९ |
| ३. | केदारनाथ खनाल | १५ | ११ | २०६० |
| ४. | केदारनाथ खनाल | १६ | १२ | २०६१ |
| ५. | केदारनाथ खनाल | १७ | १३ | २०६२ |
| ६. | केदारनाथ खनाल | १८ | १४ | २०६३ |
| ७. | केदारनाथ खनाल | १८ | १५ | २०६४ |
| ८. | केदारनाथ खनाल | १९ | १६ | २०६५ |

| | | | | |
|---|---|---|---|---|
| ९. | केदारनाथ खनाल | २० | १७ | २०६६ |
| १०. | केदारनाथ खनाल | २१ | १८ | २०६७ |
| ११. | केदारनाथ खनाल | २२ | १९ | २०६८ |

### २.२.१.९.२ सम्पादक मण्डल

**वागीश्वरी** पत्रिकामा रहेका सम्पादक मण्डलको सूची निम्नानुसार रहेको छ :

| क्रम | सम्पादक मण्डल | वर्ष | अङ्क | प्रकाशन वर्ष |
|---|---|---|---|---|
| १. | रामबाबु घिमिरे<br>कोमलनाथ कोइराला<br>केदारनाथ खनाल<br>भागवतशरण न्यौपाने<br>लक्ष्मीकान्त शर्मा पौडेल | २ | १ | २०४७ |
| २. | संरक्षक - डा. सूर्यमणि अधिकारी (अध्यक्ष : चिसाप)<br>प्रेमविनोद नन्दन<br>केदारनाथ खनाल<br>लक्ष्मणप्रसाद गौतम | ६ | २ | २०५१ |
| ३. | प्रेमविनोद नन्दन<br>केदारनाथ खनाल<br>मणिराम शर्मा<br>होमनाथ सापकोटा 'सिद्धार्थ'<br>लक्ष्मणप्रसाद गौतम | ७ | ३ | २०५२ |
| ४. | मणि काफ्ले<br>कपिल अज्ञात<br>केदारनाथ खनाल | ८ | ४ | २०५३ |
| ५. | केदारनाथ खनाल<br>कपिल अज्ञात<br>होमनाथ सापकोटा 'सिद्धार्थ' | ९ | ५ | २०५४ |
| ६. | केदारनाथ खनाल<br>मणिराम शर्मा काफ्ले<br>कपिल अज्ञात<br>सुरेन्द्र अस्तफल | १० | ६ | २०५५ |
| ७. | केदारनाथ खनाल<br>प्रेमविनोद नन्दन<br>कपिल अज्ञात<br>सुरेन्द्र अस्तफल | ११ | ७ | २०५६ |

| | | | | |
|---|---|---|---|---|
| ८. | केदारनाथ खनाल<br>प्रेमविनोद नन्दन<br>कपिल अज्ञात<br>सुरेन्द्र अस्तफल | १२ | ८ | २०५७ |
| ९. | कपिल अज्ञात<br>प्रेमविनोद नन्दन<br>मणिराम शर्मा काफ्ले<br>सुरेन्द्र अस्तफल<br>गणेशप्रसाद शर्मा | १३ | ९ | २०५८ |
| १०. | प्रेमविनोद नन्दन<br>कपिल अज्ञात<br>मणिराम शर्मा काफ्ले<br>सुरेन्द्र अस्तफल<br>गणेशप्रसाद शर्मा | १४ | १० | २०५९ |
| ११. | प्रेमविनोद नन्दन<br>कपिल अज्ञात<br>मणिराम शर्मा काफ्ले<br>सुरेन्द्र अस्तफल<br>गणेशप्रसाद शर्मा | १५ | ११ | २०६० |
| १२. | मणिराम शर्मा<br>सुरेन्द्र अस्तफल<br>गणेशप्रसाद<br>बालकृष्ण थपलिया<br>रमेश प्रभात | १६ | १२ | २०६१ |
| १३. | सुरेन्द्र अस्तफल<br>गणेशप्रसाद शर्मा<br>बालकृष्ण थपलिया | १७ | १३ | २०६२ |
| १४. | सुरेन्द्र अस्तफल<br>गणेशप्रसाद शर्मा<br>बालकृष्ण थपलिया | १८ | १४ | २०६३ |
| १५. | सुरेन्द्र अस्तफल<br>गणेशप्रसाद शर्मा<br>बालकृष्ण थपलिया | १८ | १५ | २०६४ |

| | | | | |
|---|---|---|---|---|
| १६. | सुरेन्द्र अस्तफल<br>गणेशप्रसाद शर्मा<br>बालकृष्ण थपलिया | १९ | १६ | २०६५ |
| १७. | सुरेन्द्र अस्तफल<br>गणेशप्रसाद शर्मा<br>बालकृष्ण थपलिया | २० | १७ | २०६६ |
| १८. | सुरेन्द्र अस्तफल<br>गणेशप्रसाद शर्मा<br>बालकृष्ण थपलिया | २१ | १८ | २०६७ |
| १९. | सुरेन्द्र अस्तफल | २२ | १९ | २०६८ |

### २.२.१.९.३ अतिथि सम्पादक

**वागीश्वरी** पत्रिकामा रहेका अतिथि सम्पादकको सूची निम्नानुसार रहेको छ :

| क्रम | अतिथि सम्पादक | वर्ष | अङ्क | प्रकाशन वर्ष |
|---|---|---|---|---|
| १. | गोविन्दराज विनोदी | १४ | १० | २०५९ |
| २. | गोविन्दराज विनोदी | १५ | ११ | २०६० |
| ३. | गोविन्दराज विनोदी (संयोजक) | १६ | १२ | २०६१ |
| ४. | गोविन्दराज विनोदी | १७ | १३ | २०६२ |
| ५. | गोविन्दराज विनोदी | १८ | १४ | २०६३ |
| ६. | गोविन्दराज विनोदी | २० | १७ | २०६६ |
| ७. | गोविन्दराज विनोदी | २१ | १८ | २०६७ |
| ८. | गोविन्दराज विनोदी | २२ | १९ | २०६८ |

### २.२.१.९.४ सल्लाहकार

**वागीश्वरी** पत्रिकामा रहेका सल्लाहकारहरूको सूची निम्नानुसार रहेको छ :

| क्रम | सल्लाहकार समूह | वर्ष | अङ्क | प्रकाशन वर्ष |
|---|---|---|---|---|
| १. | प्रेमविनोद नन्दन<br>डा. नारायणप्रसाद खनाल<br>सम्पादन सहयोगी :<br>भागवतशरण न्यौपाने<br>श्रीभक्त अच्युत वाग्ले<br>कपिल अज्ञात | १६ | १२ | २०६१ |
| २. | प्रेमविनोद नन्दन<br>डा. नारायणप्रसाद खनाल | १७ | १३ | २०६२ |

| | | | | |
|---|---|---|---|---|
| ३. | प्रेमविनोद नन्दन<br>डा. नारायप्रसाद खनाल | १८ | १४ | २०६३ |
| ४. | गोविन्दराज विनोदी<br>श्रीभक्त अच्युत वाग्ले<br>प्रेमविनोद नन्दन | १८ | १५ | २०६४ |
| ५. | गोविन्दराज विनोदी<br>श्रीभक्त अच्युत वाग्ले<br>प्रेमविनोद नन्दन | १९ | १६ | २०६५ |
| ६. | श्रीभक्त अच्युत वाग्ले<br>प्रेमविनोद नन्दन | २० | १७ | २०६६ |
| ७. | श्रीभक्त अच्युत वाग्ले<br>प्रेमविनोद नन्दन | २१ | १८ | २०६७ |
| ८. | श्रीभक्त अच्युत वाग्ले<br>प्रेमविनोद नन्दन | २२ | १८ | २०६७ |

## २.३ सारांश

साहित्यको विकासमा पत्रपत्रिकाको योगदान अत्यन्त महत्त्वपूर्ण हुन्छ । नेपाली साहित्यमा १९५६ को **सुधासागर**देखि लिएर वर्तमानसम्म र चितवनका सन्दर्भमा २०२२ को **चितवनको चिनो** तथा २०२५ को **दोभान**देखि वर्तमानसम्म आइपुग्दा पत्रपत्रिकाहरूले विशेष योगदान पुऱ्याएका छन् । तिनको सङ्ख्यात्मक र गुणात्मक वृद्धि पनि भएको छ । चितवनको सन्दर्भमा हालसम्म करिब ७० ओटा साहित्यिक पत्रिकाहरू प्रकाशित भएर कुनै एकदुई अङ्क प्रकाशित भई इतिहासमा बिलाएका छन् भने कुनै पत्रिका जेनतेन थामिएका छन्, ती पनि नियमित छैनन् । चितवनबाट प्रकाशित साहित्यिक पत्रिकाहरूमा **वागीश्वरी, सम्प्रेषण, मधूलिका, पल्लव साहित्यिक पत्रिका**लगायतका केही पत्रिका नियमित देखिन्छन् भने एकदुई अङ्क वा दुईचार अङ्क प्रकाशित भएर बन्द हुने पत्रिकाको सङ्ख्या अत्यन्त ठूलो छ । कुनै दुईपाने साना हवाइपत्रिका पनि निस्केका छन् । कुनै पत्रिकाहरू पछिल्लो समयमा गजलप्रधान पनि देखिएका छन् । जेहोस्, समग्रमा चितवनको साहित्यिक पत्रकारितालाई संस्थागत गर्ने प्रयास भएको छ ।

# तेस्रो परिच्छेद

# 'वागीश्वरी' पत्रिकामा प्रकाशित पद्यविधाको योगदानको सङ्क्षिप्त अध्ययन

## ३.१ 'वागीश्वरी' पत्रिकामा प्रकाशित कविताहरूको विश्लेषण

### ३.१.१ विषयप्रवेश

'कविता' शब्द वर्णन गर्नु भन्ने अर्थ बुझाउने 'कवृ' (इन्) प्रत्यय वा 'कु' धातुमा 'अ' (अच) 'इ' प्रत्यय लागेर बनेको हो । साहित्यका विभिन्न विधामध्ये कविता एक पुरानो विधा हो । यस शब्दले काव्य सिर्जना गर्ने व्यक्तिलाई पनि बुझाउँछ । मानव सभ्यताको विकासक्रममा भाषाको सम्प्राप्तिसँगै प्राचीन लोकगीत, गाथा र गाथाचक्रका क्रमिक शृङ्खला हुँदै कविताको प्रारूप विकसित भयो । भाषिक श्रव्यकलाका रूपमा गीतगाथामार्फत् कविताको प्रारूप जन्म भएको मानिन्छ ।'[१] नेपाली साहित्यका कवि बालकृष्ण समले 'भावनाको बौद्धिक कोमलता कविता हो'[२] भनेका छन् । 'मानवीय संवेदनालाई सशक्त बनाउने कविताविधाका आधारभूत अभिलक्षणहरूलाई मोटामोटी लयात्मक अन्तर्विकास, विधागत आयामविस्तार र धारा परिवर्तनजस्ता पक्षहरू रहेको देखिन्छ'[३] यसरी हेर्दा कविताविधा अन्य विधाबाट फरक देखिन्छ । 'नेपाली कविताका सन्दर्भमा कवि सुवानन्ददासद्वारा लेखिएको *पृथ्वीनारायण शाह* शीर्षकको कविता नै नेपालीको हालसम्मको प्राप्त पहिलो कविता हो ।'[४] वर्तमान अवस्थामा नेपाली कविताले झन्डै दुई शताब्दी लामो यात्रा पार गरिसकेको छ । विभिन्न युगलाई पार गरेर वर्तमान आधुनिक समसामयिक युगमा कविता प्रवेश गरेको देखिन्छ । कविताको यात्रा ज्यादै

---

१ वासुदेव त्रिपाठी र अन्य (सम्पा.), **नेपाली कविता**, भाग ४, (ललितपुर : साझा प्रकाशन, २०४६), पृ. १-४ ।

२ वासुदेव त्रिपाठी र अन्य (सम्पा.), **नेपाली कविता**, पूर्ववत् ।

३ मुक्तराज उपाध्याय, **नेपाली साहित्यमा अभिव्यक्ति पत्रिकाको योगदान**, (काठमाडौं : अभिव्यक्ति छापाखाना, २०५१), पृ. ३१ ।

४ ऐजन ।

लामो छ । सुदूर अतीतदेखि आजसम्म यसले धेरै रूप-रङ्ग फेरेर आफूमा विविधताका धेरै नै परिवर्तनहरू पनि ल्याइसकेको छ । विश्वका विभिन्न भाषाका कविताको इतिहास यस्तै विविधताले भरिपूर्ण भएको पाइन्छ । पूर्व र पश्चिमका करिब तीन-चार हजार वर्षका कविताका विभिन्नताभित्र पाइने न्यूनतम सीमाहरूको साम्यता स्वीकार गर्दागर्दै पनि अनेकौं कवि मनीषीहरूले व्यक्त गरेका विभिन्न भावना, संवेग, चिन्तन र शिल्पका असीम रूपविधानहरू देखिन्छन् । यसका अनेकौं भावधारा र शिल्प-सौदर्न्यभित्र लाखौं भिन्नता देखिन्छ । फेरि यिनै भिन्नताभित्र पनि शाश्वत रूपमा अपरिवर्तित भएर रहेका केही अभिन्नताहरू पनि यथावत् विद्यमान नै पाइन्छन् । त्यसैले कविताको यो लामो परम्परा र व्यापक परिधिलाई समेटेर अहिलेसम्म पनि विभिन्न साहित्यकारहरूले कवितालाई नयाँ मोड दिँदै अगाडि बढाउँदै छन् । **वागीश्वरी** पत्रिकाको अङ्क १ देखि अङ्क १९ सम्मका कविता/मुक्तक/गीत/गजल/ हाइकु आदिलाई कालक्रमिक रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

## ३.१.२ कविताको वस्तुविश्लेषण

### ३.१.२.१ 'वागीश्वरी' वर्ष २ अङ्क १ (२०४७) मा प्रकाशित कविता/मुक्तक/ गीत/गजल/हाइकु/छेस्का

**वागीश्वरी** पहिलो अङ्क कविता अङ्कको रूपमा प्रकाशित भएको पाइन्छ । चितवन साहित्य परिषद्को प्रथम प्रयास **वागीश्वरी**को यो अङ्क कविता विशेषाङ्कको रूपमा आएको देखिन्छ । यो अङ्कमा ७० जना कविका विभिन्न शीर्षकमा केन्द्रित रचनाहरू समावेश गरिएको पाइन्छ । यो अङ्कको पहिलो कविताको रूपमा सूर्यमणि अधिकारीको *गणदेवता* कविता समावेश भएको पाइन्छ । यस कवितामा नेपाल आमाको रक्षा गर्न र सहिदहरूको सपना साकार गर्न गणदेवता वा जनदेवताको आगमन अवश्य हुन्छ भन्ने विश्वास प्रकट भएको देखिन्छ । हरिहर खनालको *त्यो त तिमी होइन रहेछौ,* डिल्लीराम शर्माको *माटो,* तिलकराज शर्माको *सहिद,* तीर्थराज कोइरालाको *नववर्षप्रति,* डी.डी. शर्माको *शिशुको रक्षा गरौं,* आर.आर.चौलागाईंको *दरखास्त हालेको छु,* हरि डल्लाकोटी 'विश्रान्त' को *सहिदहरूलाई श्रद्धाञ्जलि* आदि कविताहरूमा जनआन्दोलनको सेरोफेरो र प्रजातन्त्र प्राप्ति एवम् प्रजातन्त्रका लागि बलिदान दिने वीर सहिदहरूको सम्झनाका भावहरू समेटिएका पाइन्छन् भनेर २०४६ सालको सङ्क्रमणकाल र त्यस उत्तरार्द्धका कविताका रूपमा देखिन्छन् । कोमलनाथ कोइरालाको *अन्तर्द्वन्द्व प्रकृति र समाजको* कवितामा मानवजीवन र प्रकृतिबीच भेटिने साम्यता र विषमतालाई देखाउन खोजिएको पाइन्छ । समाजको अन्धविश्वास र रुढीग्रस्त विचारलाई पखाल्न प्रकृति अग्रसर हुन्छ र बारम्बार यसै विचारले प्रकृति र समाजबीच अन्तरद्वन्द्व बढेको छ भन्ने दृष्टिकोण भेटिन्छ । रामजी रिमालको *म मातृभूमि र आह्वान* कवितामा मातृभूमिलाई

आमा ठान्दै उनको अनुहारमा खुसी आएको हेर्ने मनसाय सम्पूर्ण सन्ततिमा रहेको देशप्रेमको भाव प्रकट भएको पाइन्छ । अष्टदेव खनालको *मिलापत्र गराउन खोजेजस्तै* कवितामा कविले राजनैतिक अन्तर्द्वन्द्वले पिल्सिएको समाजमा स्वाभिमानी भएर जिउन गाह्रो हुन्छ र विषद भावनाको बावजुद पनि मान्छे स्वाभिमानी भएर जिउनु पर्छ भन्ने भाव व्यक्त गरेका छन् । होमनाथ सापकोटाको *देशको माया* कवितामा देशको प्राकृतिक छटा, सुन्दर, शान्त र उर्वरभूमिलाई सधैं हेरिरहने चाहना प्रकट भएको देखिन्छ । केशव भट्टराई 'आमोदी' को *अतीतभित्र दबेको छायाँ,* रमेश अधिकारीको *एकीकरणको अर्को यात्रा,* मणि काफ्लेको *भानुको खोजीमा,* गोविन्द विनोदीको *भानुलाई सम्झेर,* लकाश पौडेलको *श्रद्धाञ्जलि : भानुलाई,* नवराज देवकोटाको *भानु* आदि कविताहरूमा भानुभक्तप्रति श्रद्धाञ्जलि र कविहरूको सम्झना गरी प्रस्तुत गरिएको सम्मानको भाव पाइन्छ । प्रकाश चापागाईंको *मोती झैं चम्किदेऊ,* श्यामानन्द पौड्याल, प्रेमविनोद नन्द र शर्मिला घिमिरेको *मोतीझैँ झम्कियून युवा* कवितामा मोतीराम भट्टको सम्झना गर्दै आजका युवालाई मोतीजस्तै बनेर आउन आह्वान गरिएको पाइन्छ । भीष्मप्रसाद कौशिकको *झुल्के सदा यो नभमा शशी बनी,* बालमुकुन्द पोखेलको *अजरामर छु म त,* रेवतीरमण खनालको *कवि शिरोमणि लेखनाथ पौड्यालको सम्झनामा,* धर्मराज शास्त्रीको *कवि शिरोमणि लेखनाथ पौडेलको स्मृति* कवितामा लेखनाथ पौडेलको सम्झना र उनीप्रति श्रद्धाञ्जलि व्यक्त गरिएको पाइन्छ । कोमलनाथ घिमिरेको *लक्ष्मीको फूल,* कृष्णप्रसाद पोखरेलको *महाकविप्रति,* बुद्धिनाथ अधिकारीको *प्रतीक्षा*मा महाकवि देवकोटाप्रति श्रद्धाभाव अर्पण गरिएको देखिन्छ । गोविन्दबाबु तिवारीको *गुरुदक्षिणा*ले मानवतावाद र विश्वबन्धुत्व, *विगत/आगत*ले वर्तमानता, शराहको *मान्छे*ले मानवीय कर्तव्य, उपेन्द्रनाथ अधिकारीको *मेरो यात्रा*ले जीवन र जगत्प्रतिको दृष्टिकोण, विजयराज भट्टराईको *विपनीको घामसित* र उमाकान्त शर्माको *गृहिणीसँग*ले प्रणयभाव, केदारनाथ खनालको *युवा*ले आजका युवालाई आह्वान, चेतकान्त चापागाईंको *नदी*ले प्रकृति चित्रण, शरद परासरको *भोलिवाद*ले व्यङ्ग्य, प्रेमराज कोइरालाको *जिन्दगी*ले गरिबको चित्रण, नारायणप्रसाद खनालको *शिक्षक*मा वर्तमान शिक्षा पद्धतिप्रति व्यङ्ग्य र यथार्थता, लीलामणि भट्टराईको *भावहीन मान्छे*मा आजको मान्छेको यथार्थता, वासुदेव जोशीको *शिक्षा*मा शिक्षाको महत्त्व, भट्ट 'उराठ' को *अब लेख्छु म कविता*मा वर्तमान साहित्यिक विसङ्गति, रेशम श्रेष्ठको *जिन्दगी*मा जीवनको परिभाषा, रामबाबु घिमिरेको *तीन टुक्रा*मा सशक्त व्यङ्ग्यात्मकता, रेशम विरही घिमिरेको *समय विश्रान्ति लिएर सुतेको छ*मा वर्तमानको गतिहीनता र दीपक बस्नेतको *अनौठो त छैन*मा व्यङ्ग्यात्मकताको भाव पाइन्छन् । ऋषिकेश पौडेलको *पारौँ यो देश सुन्दर,* भागीरथ दाहालको *मेरो देश,* रामबहादुर भण्डारीको *इच्छा,* डिल्लीराज शर्माको *माटो,* सूर्य जमरकट्टेलको *माटो,* रामकुमार तिवारीको *नेपाल,* कृष्ण कँडेलको *आकाङ्क्षा,* लेखनाथ देवकोटाको *राष्ट्रिय गरिमा,* मोतीराम तिवारीको *देशप्रेमी* आदि कविताहरूमा राष्ट्रप्रेम र देशभक्तिको भावना ओतप्रोत

भएको पाइन्छ । कपिलमणि शर्माको *सम्झौता* कवितामा नेपाल र मित्रराष्ट्र भारतबीचको सम्बन्धमा धमिलोपन वा गतिरोध आएको अवस्थाको चित्रण गर्दै सम्बन्ध सुधारको अपेक्षा गरिएको देखिन्छ । भाषिक विचलन बढ्दै गएकाले नेपाली भाषा शुद्ध नभई खिचडी भाषा बन्न पुगेको यथार्थ कुलचन्द्र कोइरालाको *भाषाको स्वरूप* कवितामा प्रकट भएको पाइन्छ । देवप्रसाद बसेलको *टुक्रा स्वर्गको* कवितामा कविले जीवनमा घटेका घटनाहरूका उतारचढावलाई नै जीवनको एक पाटो सम्झी दु:खसँग डटेर कर्म गरे स्वर्ग आफ्नै अगाडि छ भन्ने भाव दर्साएका छन् । समृद्ध नेपालको परिकल्पनाका साथै सुन्दर बगैँचाको रूपमा देशलाई निर्माण गर्ने सच्चा नागरिक र उच्च मानसिकता बोकेका राजनेता सक्रिय होऊन् भन्ने अपेक्षा काशीराम शर्मा 'शास्त्री' को *उद्यान राम्रो बनोस्* कवितामा गरिएको पाइन्छ । निर्मलराज काफ्लेको *शान्तिक्षेत्र नेपाल* कवितामा नेपाल सधैँ शान्तिक्षेत्र बनिरहोस् र यसलाई अशान्तिको मार्गतिर लान प्रयत्न गर्ने विकार तत्त्वहरू टाढै रहून् भन्ने भाव प्रकट भएको देखिन्छ । कवि शिरोमणि लेखनाथ पौड्यालको स्मृति गर्दै वेणी माधव ढुङ्गानाको *सद्भावपूर्ण सुमन* कवितामा पौड्यालप्रति श्रद्धाभाव अर्पण गरिएको पाइन्छ ।

विषयवस्तुका आधारमा अवलोकन गर्दा विविध विषयवस्तुका कविताहरू यो अङ्कमा समेटिएका छन् । भानुभक्त, लेखनाथ, मोतीराम र देवकोटाप्रति श्रद्धाञ्जलि र देशप्रेमलाई अत्यधिक महत्त्वका साथ कविताहरू प्रस्तुत गरिएको पाइन्छ । जनआन्दोलन पूर्व र जनआन्दोलनपछिका कविताको युगसन्धिका रूपमा **वागीश्वरी**को यो अङ्क देखापरेको पाइन्छ । आजका कविता भावोद्रेकका प्रस्तुति मात्र नभई कुण्ठित स्वरहरूको विष्फोट पनि हुनआएकाले कल्पनाको सशक्ततालाई भन्दा चिन्तनोन्मुख प्रकृतपरकता, वस्तुपरकता र यथार्थोन्मुखतातिर नै बढी ढल्केका पाइन्छन् । कतै व्यङ्ग्य, कुण्ठा, निराशा, उत्साह, जोश, जाँगर, मानवीय दुष्प्रवृत्ति आदिका साथै प्रकृतिको तनमय चित्रणजस्ता प्रवृत्तिहरू यो अङ्कका कविताहरूमा पाइन्छन् ।

### ३.१.२.२ 'वागीश्वरी' वर्ष ६ अङ्क २ (२०५१) मा प्रकाशित कविता/मुक्तक/गीत/गजल/हाइकु/छेस्का

**वागीश्वरी**को पहिलो अङ्क प्रकाशन भएको ६ वर्षपछि सामयिक सङ्कलनको रूपमा दोस्रो अङ्क प्रकाशन भएको देखिन्छ । कविताविधाबाहेक अन्य साहित्यिक विधालाई यो अङ्कमा समेटिएको पाइन्छ । यसभित्र अनुदित कविता १, फुटकर कविता २३, गजल ४ र गीत १ गरी जम्मा २८ रचनाहरूले स्थान पाएका छन् । अनुदित कवितामा रविन्द्रनाथ टैगोरको **गीताञ्जली**बाट प्रस्तुत गरिएको पाइन्छ । गद्यकवितातर्फ सुरेन्द्र अस्तफलको *सेमिनार र मध्यरातको सडक* कवितामा वर्तमान समयको जीवनशैली र देशको उच्च ओहदामा

भित्रिएको भ्रष्ट चारित्रिक जीवनशैलीबारे व्यङ्ग्य गरिएको पाइन्छ । मान्छेको यथार्थ जीवनशैलीप्रति बेखुसी हुँदै मान्छेको स्वभाव प्रकृति विरुद्ध बन्दै गएको दृष्टिकोण कपिल अज्ञातको *प्रकृति विरुद्ध मान्छे* कवितामा दर्साइएको देखिन्छ । नवपालुवाझैँ कलकलाउँदै हुर्किएको प्रजातन्त्रलाई फलाउन-फुलाउन आग्रह गर्दै यसलाई नमास्न र दिगो रूपमा राख्ने अभिलाषा भरतराज रेग्मीको *नचुड नवपालुवा* कवितामा राखिएको पाइन्छ । खुमनारायण पौडेलको *जिजीविषा* कवितामा नेपालमा आउको नयाँ परिवर्तनलाई जीवन्तता दिन र त्यसलाई बचाउने इच्छा प्रकट गरिएको पाइन्छ । कमला श्रेष्ठको *सडक भन म के गरुँ ?* कवितामा कवयत्रीले सडक र मान्छेबीच संवाद राखेर असफल बन्दै गएको देशलाई जोगाउन सडकसँग अनुरोध गरेको भाव प्रकट गरेकी छिन् । सूर्य जमरकट्टेलको *क्रान्ति* कवितामा युद्धबिना पनि क्रान्ति गर्न सकिन्छ र धैर्य शान्तिको शक्ति अन्य शक्तिभन्दा बलवान हुने भाव प्रस्ट पारिएको पाइन्छ । जीवन र जगत्प्रतिको दृष्टिकोण चन्द्रविलास अधिकारीको *जीवन अनेक रूप* कवितामा कविले राख्न पुगेका छन् । छन्देली कविका कविताहरूमा मणि काफ्लेको *गयो जिन्दगानी* कवितामा जीवनका उतारचढाव र प्रणय सम्बन्ध, रेशम श्रेष्ठको *चाहिन्छ* कवितामा आवश्यकता र यथार्थताको मिश्रणको अभिव्यक्ति पाइन्छ । डी.डी. शर्माको *बादलसँग* कवितामा प्रकृतिको रमाइलो छटा र यसको आवश्यकता मानवजीवनमा अपरिहार्य भएको प्रकृतिप्रेमी सन्देश निहीत देखिन्छ । तीर्थराज कोइरालाको *यो सन्ध्यामा नवदीप बालौँ* कवितामा वर्तमान मान्छेको स्वार्थी प्रवृत्ति र यसले ल्याएको विरसिलो जीवनप्रति सङ्केत गरिएको पाइन्छ । कल्पना 'स्मृति' को *ह्विस्कीको कपभित्र बितेको जिन्दगी* कवितामा लागुपदार्थमा होम्मिएको मानिसको मनोदशालाई प्रस्ट्याइएको पाइन्छ । प्राकृतिक सौन्दर्यको मनोरम चित्रण गोविन्दराज विनोदीको *तोरी फूलेको दृश्य* कवितामा गरिएको पाइन्छ । शिक्षण पेसालाई मानिसले हेर्ने नकारात्मक दृष्टिकोण बुद्धिनाथ अधिकारीको *भिल्लका देशको मणि* कवितामा देखाउन खोजिएको देखिन्छ । कृष्णप्रसाद पोखरेलको *को गर्छ मूल्याङ्कन ?* मा गोरु र गुरुबीचको समानतालाई देखाउँदै शिक्षण पेसाप्रति र शिक्षकप्रति उदासिनताको भाव दर्साइएको पाइन्छ । गुरुको मिहिनेत र परिश्रमको कुनै कदर नभएकोले गुरु गोरु बन्न विवश रहेको विचार प्रस्ट पारिएको देखिन्छ । प्रेमविनोद नन्दनको *मलाई तिम्रो सहर ...* कवितामा कविले स्वाभिमानी गाउँले नेपाली र गाउँको सेरोफेरोलाई आफ्नो सानो संसार बनाउन अग्रसर भएको भाव व्यक्त गरेका छन् । जन्मस्थल र बाल्यकालको पूर्वस्मृति गर्दै ती रमाइला क्षणबाट आफू टाढिँदै गएको भाव राजकृष्ण कँडेलको *जन्मस्थल* कवितामा पाइन्छ । नरबहादुर 'पिपासा' को *इच्छा*मा राष्ट्रप्रेम, देवदत्त अधिकारीको *श्रद्धासुमन* कवितामा महाकवि लक्ष्मीप्रसाद देवकोटाप्रति श्रद्धाभाव अर्पण, विश्वराज लम्सालको *इच्छा र प्रतिक्रिया*मा धेरै मिहिनेत र परिश्रमले पनि आफूमा सिर्जनशक्ति नआएकोमा उदासिन, नारायणदत्त शास्त्रीको *लक्ष्मी तिमीसित* कवितामा देवकोटाप्रति श्रद्धाभाव अर्पण आदि कविताहरूमा उक्त भाव पाइन्छन् । शराह, गोपाल

पौड्याल, गोपी सापकोटा, धर्म प्रधान 'अकिञ्चन' का गजलहरूमा प्रणयभाव, व्यङ्ग्यकारिता, जीवनप्रतिको वितृष्णाका भाव प्रचुर मात्रामा भेटिन्छ । त्यस्तै गायत्री श्रेष्ठ, रामबाबु घिमिरे र लीलामणि भट्टराईका मुक्तक पनि सम्प्रेष्य र संवेद्य रहेका देखिन्छन् । विश्वनाथ खनालको गीतमा सुमधुर लयका साथै विप्रलम्भ शृङ्गारको भाव अत्यधिक देखिन्छ । सानु रेग्मीको *नारी* कविताले नारीलाई आवश्यकता र शृङ्गारको सामानको रूपमा हेर्ने समाजको नकारात्मक सोचलाई उदाङ्गो बनाइदिउको पाइन्छ । यो अङ्कमा समावेश भएका कविताहरूमा प्रकृतिप्रेम, राष्ट्रभक्ति, स्रष्टाप्रेम, शान्तिको चाहना र परिवर्तनको चाहना गरिएको पाइन्छ । कतिपय गजल, मुक्तक र टुक्रामा प्रणयभावलाई नै बढी महत्त्वका साथ प्रस्तुत गरिएको पाइन्छ ।

### ३.१.२.३ 'वागीश्वरी' वर्ष ७ अङ्क ३ (२०५२) मा प्रकाशित कविता/मुक्तक/गीत/गजल/हाइकु/छेस्का

**वागीश्वरी** यो अङ्कमा उल्लेख्य साहित्यिक रचनाहरूमा कविता/मुक्तक ३५ र गजल ५ को सङ्ख्यामा रहेका छन् । मुख्य सामग्रीको रूपमा चिसापको आग्रहमा मोती जयन्तीको विशिष्ट अतिथि बन्न पुगेका प्रसिद्ध साहित्यकार बालकृष्ण पोखरेलको *कान्तिपुरीदेखि नारायणगढसम्म* कवितामा त्रिशुली खोला, स्यानो खोला र जोगीमाराजस्ता स्थानको परिचय दिँदै आफ्नो रचनालाई उत्कृष्ट बनाइएको पाइन्छ । नरबहादुर 'पिपासा' को *मान्छेको हुलमा बाँचेको एउटा छोरालाई अर्तिको अभिषेक* कवितामा छोराले यस धर्तीमा स्वावलम्बी बनी राम्रो कर्म गर्नु र स्वतन्त्र भई ज्योतिझैँ खुलेर बाँच भन्ने आशीर्वचन दिइएको पाइन्छ । श्यामानन्द पौड्यालको *घाँसी गुरु* कवितामा भानुभक्त आचार्यले घाँसीलाई गुरु बनाइ उनका माध्यमबाट काव्यिक यात्रा सुरु गरेकाले उनीप्रति श्रद्धाभाव अर्पण गरिएको पाइन्छ । कृष्ण कँडेलको *म बिरामी भएको छु* कवितामा स्वयम् कवि बिरामी नभई देश बिरामी भएको र देशका विभिन्न भाग रोगको सिकार भएको व्यङ्ग्यभाव प्रकट भएको पाइन्छ । जीवनको उत्तरार्धतिर प्रवेश गर्दा जीवनका पूर्वार्धलाई स्मरण प्रेमविनोद नन्दको *साठीको एउटा गीत*मा गरिएको देखिन्छ जहाँ जीवनको मूल्य बूढापामा निरर्थक बन्दै जाने रहेछ भन्ने भाव उनको कवितामा देखिन्छ । कमला श्रेष्ठको *जिन्दगीसित गुनासो* कवितामा जिन्दगी उज्यालोतिर लम्कँदा पनि अँध्यारो नै बनेको र जीवन नचाहँदा-नचाहँदै सङ्कीर्ण, निरीह बन्न पुगेको जीवनप्रतिको वितृष्णा प्रस्तुत भएको पाइन्छ । देशभक्ति र राष्ट्रप्रेमको भाव शराहको *म पक्ष सत्यको लिन्छु* कवितामा छचल्किएको देखिन्छ । गणेशप्रसाद शर्माको *क्यालेन्डर र म* कवितामा सृष्टिचक्र र यसको यथार्थलाई देखाइएको पाइन्छ । क्यालेन्डर हरेक एक वर्षमा फेरिन्छ र क्यालेन्डर समयको प्रतीक हो त्यस्तै मानवजीवन पनि सधैँ परिवर्तन भइरहन्छ र नयाँ जन्मन्छ, पुरानो मर्छ, यही जीवनचक्रको क्रमलाई यस कविताले प्रस्ट्याउन खोजेको देखिन्छ । डी.डी. शर्माको *वसन्त*

कवितामा वसन्त ऋतुको चित्रण गरिएको पाइन्छ । कल्पना स्मृतिको *एक मान्छे दुई मन* कवितामा कवियत्रीले एउटै गर्भका दुई भाइमा देखिएको वैचारिक मतभेदले निम्त्याएको गृहयुद्धको सन्त्रासलाई लपेटिएको देशको स्थितिलाई चित्रण गर्न पुगेकी छिन् । इन्दिरा मिश्रको *पीडा* कवितामा जीवनप्रतिको उदासिनता र जन्मनुलाई केवल पीडा भोग्नु मात्र हो भन्ने भाव दर्साइएको पाइन्छ । चन्द्रविलास अधिकारीको *समयसापेक्ष* कवितामा जीवन र जगत्प्रतिको दृष्टिकोण पाइन्छ । बाटोमा जीवन बिताउन बाध्य सडक बालबालिकाहरूको पीडाजन्य अवस्था र अनिश्चित भविष्यको मनोदशालाई कमल कँडेल 'प्रकृति' को *सडक सन्ततिहरू* कवितामा प्रकट गरिएको पाइन्छ । सूर्य जमरकट्टेलको *शिशुहरूप्रति* कवितामा शिशुहरूको उचित पालनपोषण र हेरचाह गर्नाले ईश्वर पनि खुसी हुने हुँदा अवहेलना नगर्न आग्रह गरिएको देखिन्छ । नारायणदत्त शास्त्रीको *सन्देश नौलो छ यो* कवितामा देशको राजनैतिक अवस्था र त्यसमा देखिएको उतारचढावलाई आफ्नो विषय बनाइएको पाइन्छ । सुरेन्द्र अस्तफलको *बिना योद्धा/बिना युद्ध* कवितामा कविले हतियारबिना युद्धको विजय सम्भव छ र सधैँ तरवारको शक्ति उच्च नभई कलमको शक्ति उच्च हुन पनि सक्छ भन्ने भाव प्रकट गरेका छन् । गोविन्दराज विनोदीको *भइन् कि मेरी सृजना रजस्वला* कवितामा प्रकृतिको मौन पलमा कविलाई सिर्जना गर्न गाह्रो भएकाले प्रकृतिको शून्य समयमा सिर्जना नफुर्दाको छट्पटाइलाई व्यक्त गरिएको पाइन्छ । विश्वमा बढ्दै गएको अन्धकारमय वातावरण र युद्धको सन्त्रासलाई रोक्न विश्वसामु तीर्थराज कोइरालाको *पख् विश्व* कवितामा आग्रह गरिएको देखिन्छ । पुष्पराज कोइरालाको *के हुँदैछ ?*, मित्रबन्धु पौडेलको *भुटानी शरणार्थीहरूलाई* सन्देशमूलक कविताका रूपमा देखिएका छन् भने लकाश पौडेलको *कर्तव्य देशभक्तको* कवितामा देशलाई जोगाउनु र सबै जनता एकतामा बाँधिएर देशप्रति आफ्नो कर्तव्य के छ ? भनी विचार गर्न आग्रह गरिएको पाइन्छ । रविलाल जमरकट्टेलको *आओस् न त्यो युवा आवोस्* कवितामा कविले देशलाई सजाएर सुन्दर बनाउने युवा जनशक्तिलाई आह्वान गरेका छन् । धर्तीलाई हराभरा र समृद्ध पार्नुपर्ने भाव ऋषिकेश पौडेलको *कतै दुखेको छ* कवितामा पाइन्छ । कपिल अज्ञातको *खोलाहरू* कवितामा परिवर्तनको वाहक भएर विकास गर्नुपर्ने विचार प्रस्फुटित भएको पाइन्छ । राजकृष्ण कँडेलको *कवि* कवितामा कविकर्मलाई सकारात्मक मार्ग दिन र अँध्यारोबाट उज्यालोतिर लाने माध्यम आग्रह गरिएको देखिन्छ । बाबुआमाले छोरीलाई आफ्नो घरबाट बिदाइ गरी पराइघर पठाउनु पर्दाको पीडा चेतकान्त चापागाईंको *छोरीको बिदाइ* कवितामा प्रकट भएको पाइन्छ । केदारनाथ खनालको *शुभकामना* कवितामा नवर्षको शुभकामना व्यक्त गरिएको पाइन्छ । चेतनाथ अधिकारीको *वर्तमानको गर्तमा सडक* कवितामा कविले सडकलाई क्रान्तिको प्रतिबिम्ब मानी फेरि विद्रोहको स्वर निक्लने तर त्यस विद्रोहलाई नमान्ने र दबाउन खोज्ने तत्त्वले सडक क्रान्तिलाई निरर्थक बनाउने हुन् कि भन्ने आशङ्का व्यक्त गरेका छन् । जीवन जिउनुलाई एउटा बूढो रूखसँग तुलना गरी यस्तो बँचाइको अर्थ नरहेको र जिउनु

अर्थहीन भएको विसङ्गतिवादी चिन्तन गोविन्द दाहालको *यसरी ... ?* कवितामा व्यक्तिएको पाइन्छ । भरत रेग्मीको *मान्छे हुने रहर* कवितामा मानवीय कर्तव्य र अधिकारबाट टाढा हुँदैगएको मान्छे सबल र स्वतन्त्र बन्न नसकी पशु बन्न पुगेको दृष्टिकोण प्रस्तुत भएको पाइन्छ । अर्जुन अस्तफलको *आधुनिक भएर हो कि हजुर मेरो गाउँ यस्तै छ* कवितामा गाउँको सुन्दरताभित्र आधुनिकताको प्रहार पर्न थालेको र गाउँमा गाउँलेपन हराउँदै गई सहरीपन भित्रिँदै गएको यथार्थ चित्रण गरिएको पाइन्छ । गोपी सापकोटा र आर.बी. पराजुलीका अङ्ग्रेजी कविता **वागीश्वरी**मा नयाँ प्रयोग मानिन्छन् । गजलकारहरू रेशमलाल श्रेष्ठ, गोपाल पौड्याल, युवराज अर्याल, धर्म का गजलहरूमा प्रणयभाव, जीवनवादी दृष्टिकोण भेटिन्छ भने गोविन्दबहादुर कुँवरको दुई टुक्रामा व्यङ्ग्यकारिता भेटिन्छ ।

### ३.१.२.४ 'वागीश्वरी' वर्ष ८ अङ्क ४ (२०५३) मा प्रकाशित कविता/मुक्तक/गीत/गजल/हाइकु/छेस्का

**वागीश्वरी**को यो अङ्क प्रेमविनोद नन्दको *मङ्गलगान*बाट सुरु भएको पाइन्छ । सयपत्रीको सयौँ थुँगा टिपेर ल्याउने अभिलाषा उनको यस गीतमा पाइन्छ । डी.डी. शर्माको *मनको चाल* कवितामा वसन्त ऋतुको आगमन सँगै गाउँका पाखापखेरालाई प्राकृतिक सौन्दर्यले ढाकेको पाइन्छ । गोविन्दराज विनोदीको *ग-ज-ल*मा दुष्ट र फटाहा प्रवृत्ति बोकेर हिँडेका मान्छेहरूबाट जोगिन आग्रह गरिएको देखिन्छ । अन्धकारको सघन साम्राज्यमा सम्पूर्णता हराएको र नयाँ प्राप्ति र परिवर्तनलाई पुरानै साम्राज्यले ढाक्न थालेको भाव प्रदान गर्ने खुमनारायण पौडेलको *कुहिरोमा हामी* कविताले यो अङ्कलाई ओजिलो बनाउन पुगेको देखिन्छ । विष्णुहरि पौडेलको *राष्ट्रप्रेम* कवितामा राष्ट्रवादी भावना व्यक्तिएको पाइन्छ । तीर्थराज कोइरालाको *धरतीकी छोरी* गीतमा पृथ्वीकी छोरी सृजना कतै हराएकी, रिसाएर कतै लुकेकीले धरती बाँझो बन्दै गएकोले छिट्टै धरतीलाई हराभरा बनाउन र सृजनाको मूल फुटाउन आऊ भन्ने आग्रह गरिएको पाइन्छ । गोपी सापकोटाको *परदेशी पत्र* कवितामा जीवनको निरशता र पीडाबोधलाई उजागर गरिएको देखिन्छ । जगन्नाथ पण्डितको *गजल*मा सहिदको बलिदानले आएको प्रजातन्त्रमाथि राजनैतिक व्यक्तिहरूबाट नै कुठाराघात भएको यथार्थको चित्रण भेटिन्छ । पुष्पराज कोइरालाको *नवमुनाका रहले बाँच्न सिकाउँदोरहेछ* कवितामा क्षत-विक्षत बनेको जीवनलाई फेरि बाँच्ने प्रेरणा दिँदोरहेछ भन्ने उत्कृष्ट जीवनवादी स्वर व्यक्तिएको पाइन्छ । रामनाथ खनालको *अन्तिम मार्ग* कवितामा हरि नामभन्दा अर्को मार्ग अरू छैन भन्दै भगवान् हरिलाई सर्वोपरि मानेको आध्यात्मिक भाव व्यक्त गरेका पाइन्छ । स्रष्टाले नै समाजको अँध्यारोलाई फाल्न सक्छ र चेतनाको बाटोलाई नवसिर्जनाले डोऱ्याउन सक्छ भन्ने दृष्टिकोण राजकृष्ण कँडेलको *स्रष्टा* कवितामा पाइन्छ । आफ्नो मान्छेलाई गुमाउनुको अन्तरपीडाको भाव गणेशप्रसाद शर्माको *गजल*मा भेटिन्छ । देशमा अशान्तिको

बादल मडारिँदा पनि देशको शान्तिलाई खलल पार्न नदिइ देशमा शान्तिमय वातावरण छाइरहेको छ भन्ने भाव शराहको *शान्ति* कवितामा मुखरित भएको पाइन्छ । धर्तीको फूलबारी हो मान्छे, सभ्यताको सेतु हो मान्छे भन्दै धर्ती र मान्छेको अन्तरसम्बन्धलाई कमल कँडेल 'प्रकृति' को *धर्ती र मान्छे* कवितामा प्रकट गरिएको पाइन्छ । सङ्गीत आयामको *एक साँझ गितारसँग* र सुरेन्द्र अस्तफलको *वर्षौंदेखिका क्यालेन्डर टाँगिएर भित्ताहरूमा* उत्कृष्ट गद्यकविताका नमुना हुन् । धर्म प्रधान 'अकिञ्चन' को *गजल*मा सत्यबोध र अध्यात्मिक भाव व्यक्त भएको पाइन्छ भने गोपाल पौडेलको *गजल*मा विसङ्गतिपूर्ण जीवनका भाव व्यक्त छन् । अस्तफल अर्जुनको *त्रिपन्नका तीन रहरहरू* कवितामा नववर्षको आगमनलाई खुसीमात्र स्वागत गर्ने भाव प्रकट भएको पाइन्छ । सिर्जन अविरलको *आज आफ्नै प्रतिबिम्ब* कवितामा प्रणयभाव भेटिन्छ । होमनाथ सापकोटाको *मेरै गीत सुन्दर - सिर्जना* कवितामा वीरताको कथा राष्ट्रको अभिव्यञ्जना प्रस्तुत भएको पाइन्छ । बाबुराम लामिछानेको *सेतो लुगा* कवितामा स्वतन्त्र र आफ्नो अस्तित्व जोगाएर बाँच्न अहिलेको विसङ्गत वातावरणमा गाह्रो पर्ने भाव छचल्किएको पाइन्छ । विश्वनाथ खनालको *मलाई यस्तै लाग्छ* कवितामा असामान्य व्यवहार देखाउनेप्रति व्यङ्ग्य गरिएको देखिन्छ । श्यामानन्द पौडेलको *जिन्दगी* कवितामा जीवन र जगत्प्रतिको दृष्टिकोण व्यक्त गरेको पाइन्छ ।

### ३.१.२.५ 'वागीश्वरी' वर्ष ९ अङ्क ५ (२०५४) मा प्रकाशित कविता/मुक्तक/गीत/गजल/हाइकु/छेस्का

**वागीश्वरी**को यो अङ्कमा कविता/गीत/गजलको सङ्ख्या ४५ रहेको पाइन्छ । पहिलो पृष्ठमा प्रेमविनोद नन्दनको *तीन तरेली* कविता राखिएको देखिन्छ । उनको यस कवितामा मनोरम प्राकृतिक वातावरणको चर्चा गरिएको पाइन्छ । यो अङ्कको अर्को कोसेलीको रूपमा राष्ट्रिय स्तरका साहित्यकार दैवज्ञराज न्यौपानेको राष्ट्रिय भाव र नेपालको सौन्दर्यले भरिपूर्ण भएको मीठो गीत समावेश भएको पाइन्छ । दुर्गाप्रसाद पोखेलको *ऊ रोएको देख्दा*मा पीडाबोधको भाव व्यक्त भएको पाइन्छ । गोविन्दराज विनोदीको *नयाँ वर्षप्रति* कवितामा देशमा शान्तिको चाहना, झूट, बेइमानी र असत्को उपान्त र समुन्नत नेपालको आगमन नयाँ वर्षले ल्याओस् भन्ने भाव दर्साइएको पाइन्छ । बाबुराम लामिछानेको गद्यकविता *आवाज सुनेर* कवितामा द्वन्द्व र हिंसाको विकराल स्थितिबाट उत्पन्न हुने मानसिकतालाई देखाइएको पाइन्छ । प्रमोद प्रधानको *यति धेरै थिए बातहरू* गीतमा प्रणय सम्बन्धलाई आफ्नो जीवन बनाएका प्रसङ्ग छन् । बैरागी काइँलाको *दुई टुक्रा*मा प्रणय सम्बन्धलाई केन्द्रबिन्दु बनाइएको पाइन्छ । हेमन्त श्रेष्ठको *नयाँ वर्ष - दुई अभिव्यक्ति* कवितामा देशको स्थिति जति साल बदलिए पनि राम्रो हुन नसकेको र विकृति र विसङ्गतिलाई फाल्न नसकेको तीतो यथार्थका गहन भावहरू

रहेका छन् । धीरेन्द्र प्रेमर्षिको *केही प्यारोडी गीत*मा राजनैतिक चरित्रको व्यङ्ग्य प्रस्तुत भएको पाइन्छ । पार्टीभित्रका नकारात्मक सोच भएका व्यक्तिका कारण राम्रो छवि भएको पार्टी पनि गलत ठहरिन सक्छ भन्ने व्यङ्ग्यभाव उक्त गीतमा पाइन्छ । देवदत्त अधिकारीको *भानुको सम्झना* कवितामा भानुभक्त आचार्यले छरेको साहित्यलाई सम्झेर फेरि अर्का भानु नेपालमा जन्मन सकेका छैनन् भन्दै भानुको कवित्व क्षमताको बखान गरेका छन् । गणेशप्रसाद शर्माको *राजनीति* कवितामा सशक्त व्यङ्ग्यकारिता भेटिन्छ भने होमनाथ सापकोटाको *मेरै मनको पाखाबाट* कवितामा जीवनका उतारचढावसँगै जीवनका हरेक क्षेत्रहरू बित्दै गएका छन् भन्ने प्रणयभाव निहित रहेको पाइन्छ । सुरेन्द्र अस्तफलको गद्य कविता *यसपालि पनि यस्तै भयो*मा युद्धबाट आक्रान्त बनेको हाम्रो देश र गाउँघरमा छाएको सन्त्रास र पीडाले खुसीको माहोल कुनै पनि चाड र समयले नदिएको भाव व्यक्तिएको पाइन्छ । केशवराज आमोदीको *बटुल-बाटुल* कवितामा प्रणयभाव रहेको छ भने कविता शेरचनको *स्वतन्त्रताको स्वाद कहाँ छ ?* मा गरिब भए पनि स्वतन्त्र जीवनको पक्षमा उभिएर विदेशी सत्ताको गुलाम हुनुभन्दा गरिब भएर बाँच्न रमाउने जीवनवादी दृष्टिकोण प्रकट भएको पाइन्छ । सी.के. शर्माको *लाज लाग्यो मलाई* कवितामा राजनीति चरित्रबाट दिक्क भई यसको भण्डाफोर गरी नयाँ सोचका साथ अघि बढ्न तन्तेरीहरूलाई आह्वान गरिएको पाइन्छ । रमेश प्रभातको *गजल*मा विसङ्गत जीवनको चित्रण पाइन्छ भने रविन्द्रराज लामिछानेको *गजल*मा वियोग भाव रहेको प्रणय सम्बन्ध रहेको देखिन्छ । चन्द्रप्रकाश विवेकीको *परिधिभित्रको एउटा आकृति साम्राज्य जमाउँदै छ* कवितामा बढ्दो राजनैतिक अन्योलबाट उब्जिएको शक्तिले देशको शासन व्यवस्थालाई हल्लाउने र भत्काउने भेल लिएर आउँदैछ कि भन्ने भाव व्यक्त भएको पाइन्छ । पुष्पराज कोइरालाको *केही उद्गार* कवितामा वर्तमान साहित्यिक विसङ्गति, पीडा भोगीको *दुई हाइकु*मा राजनीति र चुनावको नकारात्मक पक्षलाई देखाउन खोजिएको पाइन्छ । रविलाल जमरकट्टेलको *त्रिपन्न साल* कवितामा धेरै समय बित्दा पनि सुरिलो भाका क्रमश: चिच्याहटमा परिवर्तन हुँदै गएको मान्ने कविले शान्तिबाट अशान्तितर्फ देश अघि बढेको हो कि ? भन्ने भाव दर्साइएको पाइन्छ । हेमराज अर्यालको *सम्झदा लाग्छ लाज* कवितामा समाजका धनीमानी र पुरुष हुँ भन्ने घमण्ड गर्ने समूहमाथि व्यङ्ग्य गरिएको देखिन्छ । घनश्याम न्यौपाने ‘परिश्रमी’ को *गजल*मा मानवीय दुष्प्रवृत्ति र रोगग्रस्त समाजले उब्जाएको समस्यालाई केन्द्रमा राखी व्यङ्ग्य प्रस्तुत गरिएको देखिन्छ । सूर्य जमरकट्टेलको *एक टुक्रा*मा प्रजातन्त्रको प्राप्तिपछि देखिएको गजल प्रवृत्तिलाई उजागर गरिएको पाइन्छ । धर्म प्रधान ‘अकिञ्चन’, प्रकाश प्राञ्जल, युसुफदिन पाल्पालीको गजलहरूमा प्रणयभाव पाइन्छ भने सूर्यपुष्कर कँडेलको *गजल* र राजेश गौतमको *एक टुक्रा*मा राजनैतिक विसङ्गतिप्रति व्यङ्ग्य भेटिन्छ । नारायणदत्त शास्त्रीको *अटल भानु र मोतीसँगै भनुन्* कवितामा नेपाली कविता विधामा भानुभक्त आचार्य र मोतीराम भट्टको सहयात्राले पुऱ्याएको योगदान र उनीहरूले साहित्यलाई दिएको अथाहा कृतिले मुलुकमा

नवजागृति ल्याएको भाव पाइन्छ । अर्जुन पौडेलको *ज्वारभाटा* कवितामा गतिहीन जीवनलाई देखाउन खोजिएको पाइन्छ । सङ्गीत आयामको *उदास वसन्तको आत्मकथा* गद्यकवितामा अभाव, अप्ठ्यारो, असामन्जस्यतामा तड्पिरहेको वसन्तको चित्रण गरिएको देखिन्छ । भरत रेग्मीको *खाँचो* कवितामा विश्वास, माया र सुयोग्य रक्षकको मातृभूमिलाई खाँचो भएको भाव दर्साइएको पाइन्छ । दीनबन्धु अर्यालको *मृत्यु पनि चाहिन्छ* कवितामा मृत्युको महत्त्वलाई प्रकाश पार्दै हरेक परिवर्तन ल्याउन जीवनभन्दा मृत्युको ठूलो हात हुने भाव पाइन्छ । राधा पौडेलको *म र मेरो देश* कवितामा राष्ट्रप्रतिको समर्पण भाव पाइन्छ भने कृष्णप्रसाद पोखरेलको *वसन्त आयो* कवितामा मनोरम प्रकृतिको चित्रण पाइन्छ । मणि काफ्लेको *कामना* कवितामा मानवतावाद र विश्वबन्धुत्वको भाव झल्कन्छ भने चेतकान्त चापागाईंको *वसन्तको बहार यो धरातल* कवितामा निराशावादी जीवनमा आशावादी वातावरणको आगमन होस् भन्ने कामना गरिएको पाइन्छ । तीर्थराज कोइरालाको *लेखनाथको सम्झनामा* कवितामा लेखनाथप्रति श्रद्धाभाव व्यक्त गरिएको पाइन्छ । सिद्धार्थको *नववर्ष* कवितामा नववर्षको आगमन गरेको छ भने सरस्वती रिजालको *उद्‌बोधन* कवितामा भौतिक उन्नतिभित्र अध्यात्मिक चेतनाको विकास गर्न आवश्यक छ भन्ने भाव व्यक्त पाइन्छ । शोभा रानाको *को राम्रो यहाँ ?* कवितामा मान्छेको असल र खराब प्रवृत्तिलाई जान्न नसकिने भाव व्यक्त गरिएको देखिन्छ । श्यामानन्द पौडेलको *वाल्मीकि तपोधाम चितवन* कवितामा चितवनको धार्मिकस्थल, प्राकृतिक छटा र धार्मिक चिन्तनको छविलाई प्रस्ट पारेका छन् । डी.डी. शर्माको *झस्को* कवितामा लेखनीबाट जीविका चल्न नसक्ने भाव व्यक्त भएको पाइन्छ ।

### ३.१.२.६ 'वागीश्वरी' वर्ष १० अङ्क ६ (२०५५) मा प्रकाशित कविता/मुक्तक/गीत/गजल/हाइकु/छेस्का

**वागीश्वरी**को यो अङ्कमा पहिलो पृष्ठको कविताको रूपमा प्रेमविनोद नन्दनको *मुस्कुराउँदा लालीगुराँस* रहेको पाइन्छ । हिमाली क्षेत्रमा फुल्ने लालीगुराँसको सौन्दर्यतालाई चित्रण गरेर यस कविता प्रस्तुत गरिएको पाइन्छ । गोविन्दराज विनोदीको *कल्पना - प्रसवन्ती* कवितामा खुसीले, उत्साहले सम्पूर्ण प्रकृति हाँसिरहेको, हल्लिरहेको प्रकृति चित्रण पाइन्छ । विजय बजिमयको *आजको यात्रा अनन्त यात्रा ! अमर यात्रा !* कवितामा प्रजातन्त्र प्राप्तिका लागि सधैँ सङ्घर्षरत प्रजातन्त्रका सेनानी लौहपुरुषप्रति श्रद्धाभाव व्यक्त गरिएको देखिन्छ । मणि नेपाली (पनेरु) को *यहाँ नरक भेटियो* कवितामा वर्तमान समाजको नारकीय जीवन भोगेका जनता र नरक बनेको देशप्रति लक्ष्य गर्दै हरेक दुःख, पीडा र वेदनाबाट पिल्सिएका जनताको जीवनलाई नरकसँग तुलना गरिएको पाइन्छ । आजको मान्छेको यथार्थता र विकृतिपूर्ण जीवनले वाक्क भएर निराश बनेको भाव प्रभातकुमार जोशीको *बहहरू* कवितामा पाइन्छ भने श्रीमती राधा पौडेलको *पर्दाभित्रको चित्कार* कवितामा स्वतन्त्र जीवनलाई निमोडेर परिबन्धमा परेपछि

मनभित्रका वेदनाका चित्कारहरू बाहिर पोखिएको भाव पाइन्छ । प्रमिला देवकोटाको *बालकहरू* कवितामा बालकहरू कोरा कागज, खाली गमलाजस्तै रित्तो हुन्छन्, तिनीहरूमा जे भऱ्यो त्यस्तै फल प्राप्त हुन्छ । आलो माटोजस्तै बालकहरूको जीवन भएकाले उचित मार्ग दिए भविष्यका कर्णधार बन्न सक्छन् भन्ने सन्देश दिइएको पाइन्छ । चन्द्रप्रकाश विवेकीको *सन्नाटाको कोलाहल* कवितामा परिवर्तनसँगै आएको शान्तिमा कोलाहल, सन्त्रास र पीडा हटिसकेको र स्वतन्त्र स्वाधीनताको निर्माण गर्ने समय आएको आशावादी स्वर पाइन्छ । किसानका खेतमा लहलह झुल्ने धान भएर आऊ, विकास लिएर आऊ, उन्मूलन र परिवर्तनको क्रान्ति लिएर आऊ भन्ने कामना गर्दै राजकृष्ण कँडेलको *नववर्ष, तिमी आऊ* कविता उत्कृष्ट मानिन्छ । होमनाथ सापकोटाको *सम्झनाको तरेली* कवितामा मीठो सम्झना र प्रणयभाव व्यक्त पाइन्छ । नारायणदत्त शास्त्रीको *त्रिमुखी - विधान* कवितामा मद्यपान, धुम्रपान र सुन्दरीमा फसेर मानिस बिग्रिएको र यसले घर, समाज र देशलाई नै विसङ्गत पारेको हुनाले यी सबै दुर्व्यसनका भट्टीहरूलाई ध्वस्त गर्ने र नेपाललाई अमरापुरी समान बनाउने त्रिमुखी विधानको आग्रह गरिएको पाइन्छ । लोकेश अन्जानको *गजल*मा प्रणयभाव भेटिन्छ भने नवराज ढुङ्गानाको *गजल*मा सत्यलाई असत्यले जितिसकेको छ भन्ने भाव पाइन्छ । देवीदास अधिकारीको *चोखो माटोमा बाङ्गो यात्रा* कवितामा अशान्ति र अन्योलको बादल हटी शान्ति र समृद्धिका दिनको आशा गरिएको देखिन्छ । दीपक पाठक 'विश्रुवन्त' को *यस्तो हुनुपर्थ्यो अहिल्यै* कवितामा प्रजातन्त्रलाई कमजोर पार्ने हातहरूलाई मास्दै प्रजातन्त्रलाई बलियो र समृद्ध बनाउनुपर्थ्यो भन्ने दृष्टिकोण दिइएको पाइन्छ । तीर्थराज कोइरालाको *मोतीको दाना* कवितामा राजनीतिक अन्तरद्वन्द्वले पिल्सिएको समाजमा प्रजातन्त्र कुर्सीमै मात्र सीमित रही जनतालाई दु:ख र पीडा मात्र प्राप्त भयो भन्ने भाव निहित देखिन्छ । दीक्षा सापकोटाको *ऊ टाढा छ* कवितामा प्रणयभावको उच्चतम प्रयोग भेटिन्छ । निर्मोही व्यासको *गजल*मा प्रणयभाव भेटिन्छ भने जीवनराज वाग्लेको *उनकै सम्झनामा* कवितामा प्रेमको सम्बन्ध र उचाइका भाव भेटिन्छन् । मणि काफ्लेको *क्रमश: भाग्दैछन् मेरो क्यान्भासका मुहारहरू* कवितामा जीवन र जगत्प्रतिको दृष्टिकोण दिइएको पाइन्छ । धर्म प्रधान 'अकिञ्चन' को *गजल*मा जीवनलाई संस्कृतिसँग जोडेर हेरिएको देखिन्छ । गायत्री श्रेष्ठको *मेरो इलाम* कवितामा इलामको प्राकृतिक सुन्दरतालाई चित्राङ्कन गरिएको पाइन्छ । रमेश प्रभातको *तीन हाइकु*ले बूढो मान्छेको बाँच्ने जिजीविषालाई प्रस्ट पारेको पाइन्छ । बुद्धप्रकाश सिंहको *आकाश मरुभूमि बन्ने तयारीमा छ* कवितामा अन्न र कपासले भरिने पेट, ढाकिने शरीर अब भाषण र आशाले भर्न बाध्य हुनुपर्ने समय आएको र गृहयुद्धको चपेटामा देश भासिँदै गएको छ भन्ने भाव पाइन्छ । सिर्जन अविरलको *जुगुप्सा* कवितामा वर्तमान जीवनको विसङ्गतिपूर्ण जीवनको भोगाइलाई चित्रण गरिएको पाइन्छ । चेतकान्त चापागाईंको *श्रद्धासुमन* (कवि शिरोमणिप्रति) कवितामा कवि शिरोमणि लेखनाथ पौड्यालप्रति श्रद्धाभाव अर्पण गरिएको

पाइन्छ । पद्मपाणि विरक्तिको *छैन चिन्ता कसैमा* कवितामा देशमा बढ्दै गएको भ्रष्ट नीति र नेताका भ्रष्ट चरित्रलाई फाल्न र ज्ञानको दीप बाल्न नेपाली युवकहरूप्रति आह्वान गरिएको पाइन्छ । श्यामानन्द पौडेलको *अर्पित यो शार्दुल* कवितामा परिवारको मूल व्यक्ति बनी आफ्ना सन्ततिका बीचमा रमाएका रमाइला क्षण उल्लेख गरिएको देखिन्छ । शारदा पौडेलको *नारी एक हौँ* कवितामा अन्याय र अत्याचारमा दबिएर हैन अरूलाई सम्मान दिँदै आफ्नो अधिकार लिन अग्रसर हुन आग्रह गरिएको पाइन्छ । भरत रेग्मीको *विचित्रको साँचो* कवितामा खराब तत्त्वहरूले शिर उठाउँदै छन् र सङ्गठित हुँदैछन् भन्ने भाव दर्साइएको देखिन्छ । घनश्याम न्यौपानेको *गजल*मा सिर्जनाको मूल खनी गरिबका झुपडीलाई तातो चुलो बनेर सहयोग गर भन्ने भाव झल्कन्छ । रविलाल जमरकट्टेलको *साँचो बोल* कवितामा सत्य कुरा लुकाएर लुक्दैन सदैव सत्य बोल भन्ने सन्देश दिइएको छ भने लक्ष्मी श्रेष्ठको *कस्तो ?* कवितामा जीवनको अभाव र विडम्बनालाई दर्साइएको छ । डी.डी. शर्माको *ढपारे शंखी* कवितामा शून्यता, गतिहीन जीवन र निराश मानसिकताले उब्जाएको भावलाई प्रस्तुत गरेको पाइन्छ । केशवराज भट्टराईको *दुई थुँगा* **अरण्य-रोदन**बाट साभार गरिएको पाइन्छ । यसमा समाजका कुप्रथाले जरा गाडिसकेको र यसले मन्दविषझैँ समाजलाई नास्दै छ र समाजका मान्छे विषाक्ततामा बाँच्न विवश छन् भन्ने भाव भेटिन्छ ।

### ३.१.२.७ 'वागीश्वरी' वर्ष ११ अङ्क ७ (२०५६) मा प्रकाशित कविता/मुक्तक/ गीत/गजल/हाइकु/छेस्का

**वागीश्वरी**को यो अङ्कमा पहिलो प्रस्तुतिको रूपमा प्रेमविनोद नन्दनको *कस्तो जिन्दगी* रहेको पाइन्छ । यस गीतमा सयौँ खेल खेल्दाखेल्दै जीवन थाक्न थालेको हाँसो आँसुमा भेट हुने क्षण हराउँदै गएको भावमय झङ्कार भेटिन्छ । गोविन्दराज विनोदीको *नेताजी हराएको सूचना* कवितामा सहयोगी, सहृदयी, मृदुभाषी प्रजातन्त्रका लागि सधैँ अघि बढ्ने नेताजी पछि महलमा बसी सुख सयलमा रमाएर सोझा जनतालाई बिर्सिएको प्रसङ्गका साथै नेताका भ्रष्ट चरित्रलाई उजागर गरिएको पाइन्छ । गायत्री श्रेष्ठको *नयाँ वर्ष* र चेतकान्त चापागाईंको *शुभकामना* कवितामा नयाँ वर्षको स्वागत गरिएको देखिन्छ । नयाँ वर्षमा समुन्नत नेपालको परिकल्पना गरी देश टुटाउने रावणहरूलाई पाखा लगाइदिन आग्रहसमेत गरिएको पाइन्छ । श्यामानन्द पौडेलको *ठूलो रूख* कवितामा आध्यात्मिक परमशक्तिको बखान गरिएको पाइन्छ । सिर्जन अविरलको *मेरो विगत* कवितामा जीवनको निराश पक्षलाई केलाइएको पाइन्छ । जीवनराज वाग्लेको *एक्काइसौँ शताब्दीको मेरो चितवन* कवितामा चितवनको प्राकृतिक र भौतिक सुन्दरताको चित्रण गर्दै भोलिको दोस्रो राजधानी बनेर चितवन आउने छ भन्ने भाव भेटिन्छ । राजकृष्ण

कँडेलको *आमा* कवितामा नेपाली भूमिलाई आमा मानेर हरेक सन्ततिले आमालाई माया गर्नुपर्ने, मिलेर बस्नु पर्ने र कहिल्यै आमालाई नरुवाउने सङ्कल्प गर्दै विश्वबन्धुत्वको भाव प्रकट गरिएको पाइन्छ । धनराज गिरीको *आजको तस्वीर* कवितामा वर्तमान देशको स्थिति र यहाँ रहेका समस्यामाथि व्यङ्ग्य गरिएको भेटिन्छ । रविन्द्रराज लामिछानेको *गजल*मा स्वदेशबाट विदेश जाने लहर बढेको र देश विकृति र विसङ्गतिको अखडा बनेको भाव व्यक्त पाइन्छ । तीर्थराज कोइरालाको *अब मेरो कविता अमर हुनेछ* कवितामा सिर्जनाशक्तिलाई सधैँ उपयोग गरी कलमको मसी नसुकुन्जेल कविता कोर्ने कलाकारको, सर्जकको खाँचो रहेको सन्देश दिइएको देखिन्छ । गणेश शर्माको *रामबागका रामबहादुरहरू* कवितामा गरिबी र अभावमा बाँच्न विवश भएका जनताको चित्रण गरिएको पाइन्छ । पद्मपाणि विरक्तिको *धन्य हुन् लेखनाथ !* कवितामा साहित्यको भण्डार भरेर नेपालको साहित्यिक माहोललाई अघि बढाउने कवि शिरोमणि लेखनाथ पौड्यालप्रति श्रद्धाभाव अर्पण गरिएको पाइन्छ । दीपकप्रसाद गौतमको *गीत*मा धोका दिने प्रेयसीप्रति आक्रोश व्यक्त गरिएको देखिन्छ । लक्ष्मी श्रेष्ठको *म मान्छे खोज्ने प्रयत्नमा* कवितामा मान्छेले मान्छे हुनुको गुणलाई हराइसकेको छ भन्ने भाव व्यक्त गर्दै मान्छेका स्वार्थी प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको पाइन्छ । चन्द्रप्रकाश विवेकीको *तेस्रो आँखा* कवितामा देशमा आएको नयाँ परिवर्तनलाई मास्न र यसलाई बिगार्न आउने खराब तत्त्वहरूलाई त्यस्तो षड्यन्त्र नगर्न खबरदारी गरिएको भेटिन्छ । सूर्यपुष्करको *गजल*मा प्रणयभाव भेटिन्छ भने होमनाथ सापकोटा (सिद्धार्थ) को *लेख्न छाडेको छु* कवितामा नैतिकता र मानवता हराएर स्वार्थ मात्र बढेको देशमा आफूले केही लेख्न नसकेको भाव पाइन्छ । अर्जुन अस्तफलको *गीत*मा बिछोडले तड्पिएको प्रेमिकासँगको प्रेमभाव भेटिन्छ । वी.पी. तिवारीको *त्यो दिनको सम्झना* कवितामा नयाँ परिवर्तनको पाइलासँगै आएको उत्साहका साथ देशको चौतर्फी विकास गर्ने प्रण गरेका मानिसहरूबाट धोका भएको र देश अन्योल र अशान्तिको दलदलमा फस्दै गएकाले फेरि त्यही दिनको सम्झना गर्न आग्रह गरिएको पाइन्छ । शरद परासरको *खोइ ! हामी कहाँनेर बहादुर बन्यौँ !* कवितामा हाम्रा पुर्खाले हासिल गरेका मान-सम्मानलाई वर्तमान पिँढीले लत्याएर पुर्खाको मूल्य र मान्यतालाई खरानी बनाएका छन् र हाम्रो व्यवहारले हामी बहादुर होइनौँ कमजोर र लाछी बनेका छौँ भन्ने भाव छचल्किएको देखिन्छ । दीक्षा सापकोटाको *सङ्घर्षशील सम्झौता* कवितामा विकृति र विसङ्गतिले छोपेको देशमा जोश, जाँगर र उत्साह लिएर शान्तिका पाइला अघि बढाउन, सङ्घर्षशील हुन र सुन्दर शान्त नेपाल खडा गर्ने काममा अघि बढ्न आह्वान गरिएको पाइन्छ । नवराज ढुङ्गानाको *एकान्त ...* कवितामा एक्लो र निराश जीवनको चित्रण गरिएको भेटिन्छ । अर्जुनकुमार श्रेष्ठको *अमृत पनि विष हुँदोरहेछ* कवितामा समयसापेक्ष हुन नसक्दा राम्रो विचार र कुराहरू पनि नराम्रा बनिदिन सक्छ

भन्ने दृष्टिकोण दिइएको पाइन्छ । श्रीमती राधा पौडेलको *के भो प्रजातन्त्र यो ?* कवितामा प्रजातन्त्र आएपछि त्यसको सदुपयोग गर्नुको सट्टा नेताद्वारा दुरूपयोग भइरहेकोले नयाँ प्राप्तिले देशको मुहार फर्ने असमर्थ बन्दै गएको विचार प्रस्फुटित भएको पाइन्छ । प्रभातकुमार जोशीको *गीत*मा प्रणयभाव पाइन्छ । मणि काफ्लेको *बगर* कवितामा भोक, रोग र अभावमा बाँचिरहेका मानिसको जीवनमा हरियाली होइन सुख्खा बगर मात्र रहेको छ भन्ने भाव केन्द्रित देखिन्छ । डी.डी. शर्माको *अपिल* कवितामा देशको उज्ज्वल छविलाई धमिलो नपार्न आग्रह गरिएको छ । दशरथ तिवारीको *गुड्थ्यो पजेरो किन ?* समस्यापूर्ति कवितामा सत्तामा गएका नेताहरूको भ्रष्ट चरित्रले देशका जनता झन् नाङ्गिदै छन् भन्ने भाव पाइन्छ । नारायणदत्त शास्त्रीको *ऋतुराज वसन्त* कवितामा वसन्त ऋतुको प्राकृतिक मनोरमताको वर्णन गरिएको पाइन्छ ।

### ३.१.२.८ 'वागीश्वरी' वर्ष १२ अङ्क ८ (२०५७) मा प्रकाशित कविता/मुक्तक/गीत/गजल/हाइकु/छेस्का

**वागीश्वरी**को यो अङ्क गोविन्दराज विनोदीको *वागीश्वरीको प्रसाद* कविताबाट सुरु गरिएको पाइन्छ । यस कवितामा सिर्जनाशक्ति र दिव्यज्ञान सधैँ वागीश्वरीको प्रसादको रूपमा पाइरहुँ भन्ने भाव दर्साइएको देखिन्छ । प्रेमविनोद नन्दनको *प्रेमपत्र* कवितामा 'कविता' सिर्जना गर्दा बिहान, दिउँसोभन्दा रातमा उपयुक्त हुने हुँदा कवितालाई रातमा भेट्न आउने भाव पाइन्छ । गायत्री श्रेष्ठको *गीत*मा आफ्नो जीवनलाई सफल र सबल बनाउने इच्छा व्यक्त गरिएको देखिन्छ । सरस्वती रिजालको *शायद हिमाल बिटुलिँदै छ* कवितामा मानवीय हेलचक्र्याइँ र पर्यटकीय जमातसँगै हिमालहरू फोहोर बन्दैछ, दूषित हुँदैछ भन्ने सन्देश दिइएको पाइन्छ । श्रीभक्त अच्युत वाग्लेको *शिवाश्री* कवितामा भगवान् शिवको अलौकिक शक्तिको चर्चा गरिएको देखिन्छ । चन्द्रप्रकाश विवेकीको *क्रान्ति र जादू* कवितामा कविले क्रान्तिलाई सामान्य रूपमा नलिन आग्रह गरेका छन् किनकि क्रान्ति उनको विचारमा टुनामुना होइन र फूमन्तर पनि होइन । यसको पछि लाग्दा क्रान्ति नायकहरूले आत्मग्लानीमा जल्नु पर्ला भन्ने खबरदारी गरेका छन् । गणेशप्रसाद शर्माको *कवि र कविता*मा कविले वर्तमान साहित्यिक विसङ्गतिलाई उदाङ्गो पार्ने प्रयास गरेका छन् । विसङ्गति र अत्याचारको बारेमा लेख्ने कवि अवसर पाएमा ऊ आफै विसङ्गतिको पात्र बन्न पछि पर्दैन भन्ने वर्तमान यथार्थलाई कविले प्रस्ट्याएका छन् । अनिल सिग्देलको *मैले लेखेको कथा* कवितामा विक्षिप्त जीवन, असफल जीवनको प्रतिनिधित्व गरेको पाइन्छ । उनले आफ्ना छोरालाई आफ्नो मृत्युपश्चात् आफ्ना योजनाहरू, आफ्ना दुःख-कष्टका कहानीहरू खोज्न, पत्ता लगाउन अनुरोध गरेका छन् । श्रीमती राधा पौड्यालको *श्रम शक्तिको सम्मान गरौँ* कवितामा कवयित्रीले

चर्को भाषण गर्नुभन्दा श्रम गरेर यो सुन्दर हिमाली मुलुकको उन्नति-प्रगति गर्नुका साथै यसको शान विश्वमा उठाउन सकिन्छ भन्ने सन्देश दिएकी छन् । केशवराज भट्टराईको *रम्य शृङ्गार* कवितामा पृथ्वीको सुन्दर प्रकृतिको चित्रण गरिएको पाइन्छ । प्रभातकुमार जोशीको *मलाई माया गर्न देऊ* कवितामा देशमा आइपरेको युद्धको सन्त्रास र पीडाको समयमा सबैमा देशभक्तिको भावना हुनुपर्ने विचार प्रकट गरिएको देखिन्छ । दसैँको शुभकामना दिँदै टीकाराम अर्यालको *दसैँ* कविता रहेको पाइन्छ । दुर्गाप्रसाद पोखरेलको *गुच्छा शुभेच्छाका* कवितामा सबै मानव जातिलाई सुखले, आनन्दले खुसी साथ रहन आग्रह गरेका छन् । बालापन किशोर अवस्थाको जस्तो सम्झने शक्ति र सिर्जनाशक्ति आफूमा घट्दै गएकाले गर्मीमा नै जाडोको अनुभव गर्न पुगेका मणि काफ्लेको *गर्मीको जाडो* कविता उत्कृष्ट मानिन्छ । श्री पशुपतिनाथ शर्मा आचार्यको *नेतृत्व* कवितामा देशको कार्यभार सम्हाल्न चनाखो भई सबै जनताको हितमा फैसला लिन र देशको विकासमा अघि बढ्ने नेतृत्वलाई सुझाव दिइएको पाइन्छ । मान्छेको ढँटुवा स्वभावले हरेक क्षेत्रलाई असर पारेको र असत्यलाई बढुवा दिँदै मान्छेले आफ्नो जीवन निर्वाह गरेको विचार नारायणदत्त शास्त्रीको *ढँटुवा* कवितामा प्रकट गरिएको पाइन्छ । राजकृष्ण कँडेलको *गोर्खा* कवितामा नेपाललाई एकीकरणको एउटै मालामा गाँस्ने राष्ट्रपिता पृथ्वीनारायण शाहप्रति श्रद्धाभाव व्यक्त गरिएको छ । साथै यस्तो व्यक्तित्वको राष्ट्रवादी सोचलाई सबैले स्मरण गर्नुपर्ने सन्देश दिइएको पाइन्छ । दीनबन्धु अर्यालको *रवि ! तिमी कति बेइमान* कवितामा समय नभएर कार्य गर्न पाएनौ भन्नेहरूप्रति सशक्त व्यङ्ग्य गरिएको पाइन्छ । समयमा कार्य गर्नुपर्ने जिम्मेवारी बोकेका विभिन्न ओहदा र पदमा बस्ने कर्मचारीदेखि किसान वर्गसम्म सबैलाई व्यङ्ग्य गर्दै समयलाई नै बेइमान बनाइएको पाइन्छ । सिर्जन अविरलको *भविष्य हराएका बालकहरू* कवितामा कविले युद्धको चपेटामा आफ्नो सम्पूर्ण परिवारजन गुमाउन पुगेका नाबालकहरूले आफ्नै देशमा शरणार्थी जीवन बिताउन पुगेका छन् भन्ने भाव दर्साइएको पाइन्छ । देशमा जस्तो सुव्यवस्था हुनुपर्ने हो त्यस्तो छैन र मान्छेको स्वभाव स्वार्थी बन्दै गएकाले खोक्रो नारा नलाऊ बरु आफूलाई, समाजलाई र देशलाई परिवर्तन गर भन्ने खबरदारीपूर्ण भाव डी.डी. शर्माको *खोक्रो नारा नलाऊ* कवितामा पाइन्छ । धनराज गिरीको *चिसापदेखि निसापसम्म* कवितामा भरतपुरदेखि पर्साको रौतहटसम्मको यात्रालाई वर्णन गर्दै साहित्यिक कार्यक्रममा सहभागी बनी फर्कंदासम्म सँगै रहनुभएका साथीहरूको सम्बोधनसहित कवितात्मक शैलीमा लेखिएको यस रचनामा चिसापको साहित्यिक कार्यक्रमको चर्चा रमाइलो शैलीबाट गरिएको पाइन्छ । रविलाल जमरकट्टेलको *सबै हुन् सपुत* कवितामा कर्मठ, सच्चा नेपाली भई देशको विकासमा सम्पूर्ण नेपालीलाई जुट्न आग्रह गरिएको देखिन्छ । आचार्य नारायणप्रसाद शर्माको *कृष्णा गण्डकी* कवितामा काली गण्डकीको सुन्दराको

चित्रण गरिएको पाइन्छ । गोपी सापकोटाको *बिम्बहरू* कवितामा कविले टाढा रहेको प्रेमीलाई नजिकबाट नियाल्दै आफ्नो प्रेमभाव प्रकट गरेका छन् । वर्तमान अवस्थामा कविता (सृजना) ठूलाठालु मान्छेबीच देखिने गरेको कुलघरानामा जन्मने गरेको घरानियाँहरूले पाल्ने पोस्ने गरेको सन्दर्भमा कविले यस्तो प्रवृत्तिमाथि प्रहार गर्दै चेतना, सिर्जना तलैबाट, जनमानसबाट, राष्ट्रियताको भावना बोकेर उठ्नु पर्ने खाँचोलाई भरत रेग्मीले आफ्नो कविता *फेरि उठ्नु परेको छमा* दर्साएका छन् ।

### ३.१.२.१० '**वागीश्वरी**' **वर्ष १४ अङ्क १०** (२०५९) **मा प्रकाशित कविता/मुक्तक/गीत/गजल/हाइकु/छेस्का**

**वागीश्वरी**को यो अङ्क बहुभाषिक कविता विशेषाङ्कको रूपमा आएको पाइन्छ । यसमा राष्ट्रभाषाका साथै संस्कृत तथा राष्ट्रिय भाषाका कविता पनि समावेश भएका छन् । राष्ट्रभाषाका कविताहरूमा सर्वप्रथम माधवप्रसाद घिमिरेको *राम्रो* कविता रहेको छ । गोविन्दराज विनोदीको *नायक/प्रतिनायक* कवितामा पीडा र वेदनाले आक्रान्त बनेको समय नायक हुँदाहुँदै प्रतिनायक बनेकोमा दुःख व्यक्त गरिएको पाइन्छ । शरद परासरको *रामलखनहरू अझै पनि खेत जोतिरहन्छन्* कवितामा कविले वर्तमान विसङ्गतिहरूप्रति व्यङ्ग्य प्रहार गर्दै धर्तीपुत्र किसानहरू विविध कठिनाइहरूको बीच पनि परम्परागत ढङ्गले माटोसँग खेलिरहेको चित्र जीवन्तरूपमा प्रस्तुत गरेका छन् । तत्कालीन अशान्ति, जनतामा उम्लिएको आवेग, निराशाबाट विक्षिप्त भएका कवि सुमन सिलवालले *मेरो सपना, नेपालीको सपना* कवितामा वर्णन गर्ने विषयवस्तुको छनोट छुट्याउन नसकेको दुखेसो व्यक्त गरेका छन् । बुद्धिनाथ अधिकारीको *प्रवेशद्वार* कवितामा कविले अनेकतामा एकता खोजेका छन् र आफ्नो देशमा भएको विविधतालाई समन्वय गरी एक सूत्रमा बाँध्न सकेमा यो मुलुक एकतारूपी प्रवेशद्वार बन्न सक्छ भन्ने उद्घोष गरेको पाइन्छ । पुष्करको *गजल*मा आजकल नेताहरू भ्रष्ट र माफियाका भाइ बनेका छन् भन्ने व्यङ्ग्य प्रस्तुत गरिएको छ । मनोज गौतमको *एकता दिवस र पृथ्वीका सपनाहरू* कवितामा कविले आफ्नो देशको एकता समृद्धि र उन्नतिका लागि शुभकामना व्यक्त गरेका छन् । प्रकृतिलाई गुरुसँग तुलना गरेका छन् र प्रकृतिमा आएको रम्य परिवर्तनप्रति भावविभोर भई एकदेव रिमालको *गुरु प्रेरणा* कविता आएको छ । आचार्य खेमराज केशवशरणको *राष्ट्रनिर्माताप्रति श्रद्धासुमन* कवितामा कविले पृथ्वीनारायण शाहको साहस, एकताको भावनालाई सदैव देशवासीले बचाउन सकून् र राष्ट्रनिर्माणमा अघि बढ्न सकून भन्दै राष्ट्रनिर्माताप्रति श्रद्धाभाव व्यक्त गरेका छन् । धेरै वर्ष बितिसक्दा पनि मृदु भावनालाई पानाभरि उतार्न असमर्थ भइरहेको गुनासो गर्दै डी.डी. शर्माले *खोली-बाँसुरी* कवितामा चिसाप त्यो उर्वरभूमि हो जहाँ विभिन्न उत्कृष्ट सिर्जनकारको सिर्जनालाई

ग्रहण गर्न सकिन्छ र नन्दनको सङ्गीतको राग सुन्न सकिन्छ भन्ने भाव व्यक्त गरेका छन् । भीमराज सापकोटाको *कविता*मा कविले युद्धले पिल्सिएको देशमा शान्ति, खुसी र मानवतालाई बम र बारुदले खरानी बनाएको, चारैतिर सन्नाटा छाएको अवस्थाको चित्रण गर्दै खुसी अब महँगो भइसकेकोले यसलाई कसरी प्रत्येक नेपालीको मुहारमा पठाउने हो भन्ने भाव पाइन्छ भन्ने गायत्री श्रेष्ठको *गीत*मा जीवन आफूले बुझेजस्तो सहज नभएकोले जीवनको कुनै औचित्य नरहेको भाव प्रकट भएको छ ।

## ३.१.२.११ **'वागीश्वरी' वर्ष १५ अङ्क** ११ (२०६०) **मा प्रकाशित कविता/मुक्तक/गीत/गजल/हाइकु/छेस्का**

**वागीश्वरी**को यो अङ्क सामयिक अङ्कको रूपमा रहेको छ । दोस्रो पृष्ठमा गोविन्दराज विनोदीको *नगरकोटकी रजनी* कविताबाट यो अङ्कको सुरुवात भएको छ । यस कवितामा कविले नगरकोटको प्राकृतिक दृश्यको चित्रण गर्दै साथीहरूको अनुरोधमा कविता सिर्जना गरेर सुनाउँदा भावलाई व्यक्त गरिएको पाइन्छ । मानिसको दुष्प्रवृत्तिलाई बाँदरको प्रवृत्तिसँग तुलना गर्दै मानिसले देखाएको गलत व्यवहारले दिक्क मान्दै कवयित्री गायत्री श्रेष्ठको *प्रवृत्ति* कविता देखापरेको पाइन्छ । ईश्वर 'बा' खनालको *स्रष्टाशक्ति* कवितामा कविले शस्त्रअस्त्रले गर्न नसक्ने काम स्रष्टाको कलमले गर्ने र धरतीमा चेतनाको दीप स्रष्टाले नै बाल्न सक्छन् भन्ने सन्देशका साथ स्रष्टाको सिर्जनाशक्तिलाई उजागर गरेका छन् । युद्धविरामलाई पूर्णविरामको रूपमा हेर्न चाहने कवि हरिहर खनालको *युद्धविराम* कवितामा दोहोरो भिडन्तबाट तहसनहस बनेका नेपाली जनतालाई शान्तिको छहारी दिने अभिलाषा प्रकट भएको पाइन्छ । राजकृष्ण कँडेलको *प्रजातन्त्र* कवितामा प्रजातन्त्र ल्याउनका लागि सहिद भएकाहरूको त्याग र बलिदानको मूल्य नरहेको, गरिब र दु:खी बस्ती र गाउँका जनतालाई प्रजातन्त्र नआएको, ठूलाबडा र शासकले मात्र प्रजातन्त्रलाई बन्दी बनाई सुख सयलको भाँडो बनाएकोले असलमा देशमा साँचो प्रजातन्त्र नै नआएको यथार्थतालाई प्रकट गरिएको देखिन्छ । एल.बी. क्षेत्रीको *अहा ! कति मजा आयो* कवितामा कविले समाजलाई दुर्गन्धित पार्ने, असभ्यहरूप्रति व्यङ्ग्य प्रहार गरेका छन् । त्यस्ता व्यक्तिहरू शारीरिक बलमा मात्र भर परेर छिट्टै उनीहरूको अन्त्य निश्चित भएको उद्घोष कविले आफ्नो कवितामा गरेका छन् । आफ्नो मातृभूमिको महिमागान गर्दै उमेशचन्द्र परदेशीको *हाम्रो आदर्श* कविताले आदर्श जीवन र राष्ट्रप्रेमको वखान गरेको देखिन्छ । केदार खनालको *नेपाली संस्कृति* कवितामा आफ्नो भेषभूषा र संस्कृतिलाई त्यागेर विदेशी संस्कृतिप्रति आकर्षित युवाहरूलाई स्वसंस्कृतिको अवमूल्यन नगर्न आग्रह गरिएको पाइन्छ । निरङ्कुशता र प्रजातन्त्रबीचको लडाइँ धेरै समयदेखि चलिरहेकाले कविले नि:शस्त्र लडाइँ प्रजातन्त्रका लागि लडिरहने र निरङ्कुशतालाई परास्त अवश्य गर्ने भन्ने सन्देश होमनाथ सापकोटाको *बुस र सद्दामहरूसँग मेरो लडाइँ* कवितामा पाइन्छ । मणि

काफ्लेको *पृथ्वीको देशमा कर्मनेताको खोजी* कवितामा पृथ्वीनारायण शाहले एकताको सूत्रमा बाँधेर उन्नतिको मार्गमा हिँडाएका देशमा कर्मनेताको अभाव भएको भाव प्रकट गरिएको पाइन्छ । देशको हिमाली क्षेत्रमा रहने वृक्ष देवदारको फाइदाजनक कार्यको चित्रण गर्दै प्राकृतिक सौन्दर्यको अनुपम दृश्य देवदारलाई मानी नारायणदत्त शास्त्रीको *देवदार* कविता आएको देखिन्छ । सुवर्णभारी कक्षपतिको *भोगाइ* कविताले पदमोह र निर्लज्ज सकुनीको चाल चलेभैँ यिनै प्रवृत्ति बोकेका व्यक्तिहरूले जनताका पीडा र मर्नुको कष्टलाई भोग गर्नुपर्छ भन्ने भाव प्रकट गरेको देखिन्छ । परिश्रमी, निष्ठावान्, चरित्रवान् तपस्वी योगी नरहरिनाथको सम्झना र उनको चरित्रको चित्रण गर्दै उनीप्रति श्रद्धाभाव प्रकट गरिएको श्यामानन्द पौडेलको कवि प्रवर योगी नरहरिनाथको सम्झनामा कवितामा उनलाई कर्मयोग सिकाउने कृष्णरूप मानिएको पाइन्छ । लक्ष्मण भण्डारी 'गाउँले' को *माटो अमर रहोस्* कवितामा मानिस पञ्चतत्त्व मिलेर निर्मित हुन्छ र पञ्चतत्त्वमै विलिन हुन्छ, माटो सबैकालाई बन्दनीय छ, सभ्यता र संस्कृतिको सार पनि माटो नै भएकाले माटोलाई सम्मान गर्न आग्रह गर्दै माटो अमर रहने छ भन्ने भाव प्रकट गरिएको देखिन्छ । नमुना शर्माको *तिमी आइदेऊ* कवितामा प्राकृतिक वातावरणसँगै शून्य भइरहेका झुपडीहरूले समेत परिवर्तनको, सम्पन्नताको न्यानो भविष्यको आशामा पर्खिरहेको र छिट्टै आउन आग्रह गरिउको भाव प्रकट गरिएको देखिन्छ । नेपाली आमा मातृभूमिले आफ्नै सन्ततिको आपसी युद्धबाट आक्रान्त भई देशको अस्मितालाई जोगाइराख्ने आग्रह सरला घिमिरेको *आमा के भन्छिन् ?* कवितामा गरिएको छ । डी.डी. शर्माको *राम कहानी* कविताले मानिसले पशुवत व्यवहारले मानिसको पहिचानलाई नै खराब बनाएकोले मानिस भएर सत्कर्ममा लाग्न अनुरोध गरेको पाइन्छ । आजको मानिस युद्ध, अशान्ति र भयबीच बाँच्न थालेकाले स्वतन्त्र जीवनका लागि छट्पटाइरहेका हरेक व्यक्तिले स्वार्थ, लोभ र मोहको भुमरीबाट आफूलाई निकाल्न नसकेको यथार्थ सी.बी. अधिकारीको *आजको मानिस* कवितामा पाइन्छ । एकदेव रिमालको *मृत वर्तमानता : शून्यको प्रहर* कवितामा कविले विकृति र विसङ्गतिले जकडिएको वर्तमानलाई मृत ठान्दै यहाँ व्याप्त शून्यतालाई चित्रण गरेका छन् । आफ्नो देशको प्राकृतिक सौन्दर्यको चित्रण गर्दै श्यामप्रसाद न्यौपानेको *हाम्रो मुलुक* कवितामा देशलाई स्वर्गको रूपमा लिइएको पाइन्छ । होमनाथ सिद्धार्थको *सहिदका सपना* कवितामा कविले मानिसको स्वार्थी प्रवृत्तिलाई औँल्याउँदै सहिदको सद्भावना र सम्मानमा कुठाराघात नगर्न आग्रह गरेका छन् । भीष्मराज पौडेलको *आउनु पर्ने हो वसन्त अब त !* कवितामा प्रजातन्त्रलाई वसन्तसँग देशलाई बगैँचासँग, बगैँचाका फूलहरूलाई जनतासँग र मालीलाई निरङ्कुश शासकसँग तुलना गरिएको पाइन्छ । देशमा प्रजातन्त्र आएपछि पनि पुनः निरङ्कुशता लादेको प्रसङ्ग कवितामा उल्लेख गरिएको छ । एकात्मक राज्य व्यवस्थाको अन्त्यपछि देशमा सम्पूर्ण क्षेत्रको विकास र समृद्धि प्राप्त होला भन्ने मनोकाङ्क्षा देशभक्त पण्डितको *त्यो बेला मात्र होला* कवितामा पाइन्छ । विमलप्रकाश देवकोटाको *झ्याल खुला छ,*

*ढोका बन्द छ* कवितामा स्वतन्त्रसँग मानिस जिउन नसकेको र सत्य बोल्ने व्यक्ति सधैं झूटो बनिरहेको यथार्थ प्रकट भएको देखिन्छ । लालीगुराँसको सौन्दर्यको बखान गर्दै आफूलाई समेत लालीगुराँस बनाउन चाहने भाव गीता लामिछानेको *म पनि गुराँस हुन पाए* कवितामा पाइन्छ । युद्ध र हिंसाको वातावरणमा जिउँदा मान्छे र मानव अस्तित्व खोज्दा मात्र अशान्ति र पीडा भेट्टाएको अनुभव विपिन्द्र कोइरालाले *आफ्नो गाह्रो अवस्थाभित्रको म* कवितामा गर्न पुगेका छन् । मरुभूमिको हतास वातावरणमा पिल्सिन पुगेका मृगहरूलाई युद्ध र हिंसामा जल्न पुगेका नेपाली जनतासँग तुलना गर्दै सावित्री सापकोटा सन्ध्याको *मरुभूमिका मृगहरू* कविता देखापरेको छ जसमा भयभित निस्लोट विक्षिप्त मानसिकताबीच पनि मानव अस्तित्वको खोजी गरिएको पाइन्छ । कृष्ण सुदामाको *घण्टी* कवितामा कविले समयको महत्त्व दर्साउँदै परिवर्तन र चेतनाको सभ्यताको संस्कृतिको चिनारी नेपालको गाउँ-गाउँमा गराउन घण्टी झुन्ड्याउन पाए हुन्थ्यो भन्ने सन्देश दिएका छन् । चिरञ्जीवी श्रेष्ठको *नरोऊ आमा अब* कवितामा धेरै दु:खका साथ प्रजातन्त्र ल्याएकोले अब देशमा शान्ति सद्भाव रहने छ र प्रजातन्त्रका विरोधी बिलाएर जानेछन् भन्ने भाव दर्साइएको पाइन्छ । समाजमा व्याप्त गरिबीले गर्दा भोको पेट लिएर बाँच्नुपर्ने स्थितिको चित्रण गर्दै सामना पहाडको *भोको पेट र रित्तो पोल्टो* कविता देखापरेको छ । राजेन्द्र हमालको *समय* कवितामा कविले गृहयुद्धको चपेटामा परेका आम नेपालीहरूको मृत्यु सामान्य बन्न पुगेको र मृत्युका समाचारले भयभित समयको चित्रण गर्न पुगेका छन् । हिंसाले ग्रस्त बनाएको देशमा सबैजना मिली हत्या, हिंसा र युद्धलाई पछाडि छोडेर शान्तिको दीप बाल्न राधा पौडेलको *शान्तिको दीप बाल* कविताले आग्रह गरेको देखिन्छ । तेजराज सुवेदीको *बिग्रियो हालचाल* कवितामा गृहकलहले ध्वस्त बन्दै गएको देशमा भाइभाइबीच लडाइँले शत्रुले मौका पाउने खतरा बढ्दै गएकाले हतियार बिसाइ नौलो नेपालको निर्माण गर्न आग्रह गरिएको पाइन्छ । हिंसाले आक्रान्त बनाएको समाजको मनस्थितिको चित्रण गर्दै सूर्यप्रकाश जमरकट्टेलको *विक्षिप्तताले खोजेको दुर्दशा* कवितामा कविले शान्ति स्थापनाका लागि यस्तो अशान्तिलाई टाढा भगाउनु पर्ने सन्देश दिएका छन् । हरेक दु:ख-कष्टलाई बिर्सेर मानव जातिले आफ्नो कर्तव्य सम्झेर देशलाई उन्नतिको बाटोमा लैजान कर्मशील बनौं भन्ने भाव फणिन्द्र शर्मा सापकोटाको *जीवनलाई कर्मशील बनाऊँ* कवितामा पाइन्छ । हेमराज रिजाल 'दयालु' को *सहिदको सम्झना* कवितामा कविले सहिदको त्याग र बलिदानलाई वर्तमान समाज र देशका नागरिकले बेवास्ता गर्दै देशप्रति जनता उत्तरदायित्वहीन बन्दै गएकोले सहिदको सम्झना गर्दै उनीरूलाई सम्मान गर्न आग्रह गरेका छन् । देशभित्र कलह हुँदा यसको फाइदा पराइले लिन पुग्छ र विलासी नेताका खराब चरित्र र प्रवृत्तिले गर्दा नेपाल आमाको शिर झुक्न पुगेको राष्ट्रवादी स्वर पद्मपाणि विरक्तिको *उठाऊ आमाको शिर* कवितामा पाइन्छ । देवीदास अधिकारीको *पीडा अति नै भयो* कवितामा कविले देश युद्धले गर्दा लक्ष्यविहीन बन्दै गएको र नैतिक, धर्म, इमान, सत्य सबै निस्सार भएकोले यस्तो पीडालाई सुन्दिन आग्रह गरेका छन् ।

कवि कल्पनाको प्राप्ति नै काव्यधारा कवितामा पाइन्छ । श्रीमती कमल भण्डारीको *आज म यही प्रश्न गरिरहेछु* कवितामा कवयित्रीले मानव क्रमशः दानवीय प्रवृत्तिमा उद्धत बन्दै गएकाले नेपाली आमालाई धोका दिनेहरूप्रति प्रश्न गरेकी छिन् । धर्तीमाताले आफूले सुपुत्र जन्माइरहेको बेला हाल कुपुत्र जन्माउन पुगेकाले आमाप्रति श्रद्धाभाव नराख्ने सन्तानको निकृष्ट व्यवहारले रोगी बन्दै गएकोले वीर सुपुत्रको आगमनले नै आफ्नो रोग सन्चो हुने भाव र सन्देश केशवराज सुवेदीको *आमाको सन्देश* कवितामा पाइन्छ । गजल र गीततर्फ सत्रजना गजलकारका गजलहरू समावेश भएको छ । प्रेमविनोद नन्दनको गजल गुञ्जनमा देशभक्तिको भावना पाइन्छ । कपिल अज्ञातको मुक्तक शृङ्खलामा राज, रसभोग, जीवन र परिस्थितिप्रति व्यङ्ग्य गरिएको छ । बूँद रानाको *बालगजल*मा बालबालिकालाई मनोरञ्जन हुने र सतर्क गराउने सन्देश भेटिन्छ । विद्या भण्डारी 'चिराग' को *गजल*मा जीवनप्रतिको दृष्टिकोण पाइन्छ भने पिताम्बर चापागाईं 'पदमपाणि', रविन धरेल, सुशील खनाल र प्रकाश थापाको गजलमा प्रणयभाव रहेको छ । दुर्गा कँडेलको *गजल*मा प्रकृतिप्रेम पाइन्छ भने सनत अञ्जाम र बालकृष्ण थपलियाको *गजल*मा प्रेमिकाको हाउभाउलाई अझै चिन्न नसकेकोले दुःख व्यक्त भएको भाव पाइन्छ । किसानप्रेमी र अर्जुन अस्तफलका *गजल*मा शृङ्गारिक भाव ओतप्रोत भएका छन् र प्रणयभाव जागृत भएको पाइन्छ । शीतल गुरुङको *एक गीत* र अमर न्यौपानेको *गीत*मा प्रणय भाव पाइन्छ भने विश्वनाथ खनालको *गीत*मा देशप्रेमको भाव व्यक्तिएको छ । चूडा ढकालको *तीन हाइकुहरू*मा व्यङ्ग्यभाव पाइन्छ ।

### ३.१.२.१२ '**वागीश्वरी**' **वर्ष** १६ **अङ्क** १२ (२०६१) **मा प्रकाशित कविता/मुक्तक/गीत/गजल/हाइकु/छेस्का**

**वागीश्वरी**को यो अङ्क राष्ट्रकवि माधव घिमिरे विशेषाङ्कको रूपमा आएको छ । यो अङ्कलाई कविता खण्ड र समीक्षा तथा लेख खण्ड गरी दुई भागमा विभाजन गरिएको छ । कविता खण्डमा उन्नाइसजना कविका कविता समावेश भएका छन् । तीर्थराज कोइरालाको *राष्ट्रकवि विश्वकवि पनि* कवितामा माधवप्रसाद घिमिरेको काव्यकलाको प्रशंसा गर्दै घिमिरेलाई राष्ट्रकविको रूपमा मात्र नभई विश्वकविको रूपमा स्थापित गराउन खोजिएको पाइन्छ । माधवप्रसाद घिमिरेको काव्यरचनाको प्रशंसा गर्दै उनका कवितामा कालिदास, किट्स, शेली, रविन्द्र आदि कविको काव्यशैली समाहित भएको यथार्थ चित्रण गर्दै होमनाथ सापकोटाको *कविवर माधव घिमिरे : स्वागत अभिनन्दन* कविता यो अङ्कको उत्कृष्ट कविता बन्न सफल भएको पाइन्छ । माधवप्रसाद घिमिरेलाई रसको मूल फुटाउने, साहित्यका गद्य-पद्य दुई पाङ्ग्रा गुडाउने, धर्तीमा सुन्दर फूल फुलाउने कविको रूपमा चित्रण गर्दै जनकविकेशरी धर्मराज थापाको *राष्ट्रकवि श्री माधव घिमिरेज्यूका करकलममा अभिनन्दन* कवितामा कविले घिमिरेप्रति श्रद्धाभाव प्रकट गरेका छन् । श्रीभक्त अच्युत वाग्लेको *राष्ट्रकविप्रति* कवितामा

कविले चितवनका वनजङ्गल, नदीनाला, वन्यजन्तु, बालक, युवा-युवती र बृद्ध, बास्नादार फूलहरू सबैले घिमिरेको अभिनन्दन गर्न लालायित भएका र त्यस क्षणको प्रतीक्षामा रहेका भाव प्रकट गरेको पाइन्छ । माधव घिमिरे र उनको पत्नी गौरीको सफल दाम्पत्य जीवनमा कुठाराघात भएपछि पत्नीको मृत्युशोकमा डुबेर **गौरी** काव्यको सिर्जना गर्न पुगेका घिमिरेको यो काव्य मीठो काव्य हो र यसले सधैँभरि साराको मन खिच्न सार्थक बनोस् भन्ने मनोकाङ्क्षा नारायणदत्त शास्त्रीको *गौरी मीठो काव्य हो* कवितामा पाइन्छ । देवीदास अधिकारीको *पुस्तुनको गुराँस नेपाली साहित्यको गजुर* कवितामा कविले लमजुङको पुस्तुनमा जन्मिएर नेपाली धरतीभरि काव्यसुधा बगाउन सफल घिमिरेलाई नेपाली साहित्यका गजुरका रूपमा राखी उनीप्रति श्रद्धाभाव प्रकट गरेका घिमिरेले पत्नी वियोगमा लेखेका **गौरी** काव्य पढ्दा आफ्नो आँसु रोक्न खोज्दा पनि नरोकिएर ढिकाझैँ बर्बरी खसेको र **गौरी** काव्य पढ्दा सबै कुरा थाहा पाएकोले तिम्रो दर्शन गर्न लालायित छु भन्ने भाव पद्मपाणि विरक्तिको *पाइन्छ के दर्शन* कवितामा पाइन्छ । खनाल रेवतीमरणको *सम्बोधन राष्ट्रकविलाई* कवितामा कविले उकालीओरालीका कवि, साहित्य अलङ्कारका कवि, अनुप्रास, लय र झङ्कारका कवि, युवामा जोश-जाँगर भर्ने कवि घिमिरेप्रति शुभेच्छा दर्साउन पुगेका छन् । राष्ट्रिय गीत, बालगीत, शोकाव्य, गीतिनाटकजस्ता अनुपम रचना दिएका घिमिरेको साहित्यसागरभित्र नाम सदैव उच्च रहोस् भन्ने भाव रह शर्माको *राष्ट्रकविप्रति* कवितामा प्रकट भएको पाइन्छ । काव्य गुणका धनी माधव घिमिरेलाई चितवनमा अभिनन्दन गर्न पाउँदा चितवन धन्य भएको र आफू गौरवान्वित बनेको भाव चूडामणि ओलीको *स्वागत राष्ट्रकवि* कवितामा पाइन्छ । घिमिरेका विभिन्न काव्यले उनको सिर्जनधर्मिताको उच्च प्रमाण दिएकाले केशवराज सुवेदीको *राष्ट्रकवि माधव घिमिरेप्रति श्रद्धाका पुष्पहरू* कवितामा कविले कविप्रति श्रद्धाका पुष्पहरू अर्पण गरेका छन् । प्रेमराज कोइरालाको *शुभकामना* कवितामा सिर्जनाका धनी घिमिरेलाई चितवनले हार्दिक स्वागत गर्दछ र नेपाल र नेपालीको अस्तित्व बचाउन सदैव तयार होऊ भन्ने शुभेच्छा प्रकट गर्दै घिमिरेप्रति शुभकामना व्यक्त गरिएको पाइन्छ । माधव घिमिरेले जन्मस्थान लमजुङमा पहिलोचोटि शिक्षाको सुरुवात गरेकाले त्यस क्षेत्रका मानिसले शिक्षाको ज्योतिबाट वञ्चित हुन नपरेको र साहित्य सधैँ घिमिरे असल गुरु पनि हुनु भएको सन्देश कमलनाथ घिमिरेको *राष्ट्रकवि गुरु माधव घिमिरेको देन* कवितामा पाइन्छ । चितवनको अभिनन्दन समारोहलाई प्रकाश पार्दै घिमिरेको काव्यसुधा रसपानका साथै उनको सिर्जनाले मनमा शब्दको फूल फुल्छ भन्ने भाव हेमराज रिजाल 'दयालु' को *अभिनन्दन राष्ट्रकविलाई* कवितामा प्रकट भएको पाइन्छ । होमनाथ सापकोटा 'सिद्धार्थ' को *राष्ट्रकवित्व : त्याग र आनन्दभित्र* कवितामा कविले त्याग गर्नुपर्ने, राष्ट्रप्रति अगाध स्नेह गरेर मात्र अगाध आनन्द प्राप्त हुने हुँदा राष्ट्रकवित्व सहजै बनिदैन, धेरै मिहिनेत र त्याग गर्नुपर्छ भन्ने विचार व्यक्त गरेका छन् । २०६० साल वैशाख २६ गते लमजुङवासीका तर्फबाट सम्पन्न गरिएको रथारोहणको चर्चा गर्दै चन्द्रवदना

घिमिरेको *राष्ट्रकवि श्री माधवप्रसाद घिमिरे लमजुङवासीका तर्फबाट सम्मान प्राप्त* कवितामा माधव घिमिरेलाई दिइएको सम्मानको प्रसङ्ग उल्लेख गरिएको पाइन्छ । रावल कृष्णको *चुली चढ्न बाँकी छ* कवितामा कविले घिमिरेको उन्नति र प्रगतिको कामना गर्न पुगेका छन् । घिमिरे र देवकोटाका **गौरी** र **मुनामदन** काव्य पढेपछि आफू पनि उत्तम काव्य सिर्जना गर्ने सङ्कल्प गर्छु भन्ने भाव शराहको *सङ्कल्प* कवितामा पाइन्छ ।

### ३.१.२.१३ 'वागीश्वरी' वर्ष १७ अङ्क १३ (२०६२) मा प्रकाशित कविता/मुक्तक/ गीत/गजल/हाइकु/छेस्का

**वागीश्वरी**को यो अङ्क गजल विशेषाङ्कको रूपमा आएको छ । चौसट्ठी गजलकारका गजलहरू यस विशेषाङ्कमा समावेश भएका छन् । प्रेमविनोद नन्दनको *निकुञ्ज गजल*मा हरियाली वातावरणमा बम, बारुद र बन्दका समस्याहरू नभई स्वच्छ सुगन्धहरू प्रवाहित भइरहेका भाव दर्साइएको छ । ह्युँचुली जसरी जन्मन नहुने र चक्रब्यूहमा फस्न नहुने जिन्दगीलाई फूलसरी जिउन गोविन्दराज विनोदीको *जमेर ह्युँचुली सरी* गजलले आग्रह गरेको छ । नारायणप्रसाद खनालको *घडी मैयाँ* गजलमा गजलकारले आधुनिक पोसाकको व्यङ्ग्य गर्दै सौन्दर्यकी रानी घडी मैयाँको सौन्दर्य चित्रण गर्न पुगेका छन् । केदारनाथ खनालको *आफ्नै घर जलाएर* गजलमा देशमा चर्किएको गृहयुद्धबाट दाजुभाइबीच काटमारको अवस्था आएकाले आफ्नै घर जलाएर आगो नताप्न आग्रह गरिएको छ । शीतल कादम्बिनीको *आफ्नै घर जलाएर* गजलमा प्रेमिकाप्रति रोष व्यक्त गरिएको छ भने धनराज गिरीको *मुटु-मुटु मिलाउने* गजलमा भाइचारा फैलाउने र स्वाभिमान बचाउने गीत कहाँ छ भन्ने प्रश्न गरिएको छ । समाजका विकृति र विसङ्गतिलाई रमेश समर्थनले आफ्ना *नपढ्दै नलेख्दै गजल जिन्दगीको* गजलबाट देखाउन खोजेका छन् । आफ्नै मान्छेबाट धोका भएको भाव होमनाथ सापकोटाको *आफ्नै मान्छे ठानूँ भने* गजलमा पाइन्छ । हरिहर पौडेलको *न्यानो न्यानो तिम्रो प्यार* गजलमा सुख मात्र होइन दुःख र पीडा पनि जिन्दगी हो भन्ने भाव प्रकट भएको पाइन्छ । शराहले *आफ्नो कुन उद्देश्य पूरा गर्न* गजलमा आफ्नै भाइभाइबीच किन लडाइँ गऱ्यौ र वसुधैव कुटुम्बकम्को सीमा किन नाघ्यौ भन्ने प्रश्न गरेका छन् । श्रीभक्त अच्युत वाग्लेको *फूलको त्यो झटारो* र गोपाल पौडेलको *अचानक भेटियौँ हामी* गजलमा प्रणयभाव पाइन्छ । रमेश प्रभातको *यो पानीमा रुझेर* गजलमा पीडैपीडा बोकेर लुक्नुभन्दा स्वतन्त्र भएर हिँड्न मजा हुन्छ भन्ने सन्देश दिइएको पाइन्छ । पुष्प अधिकारी अञ्जलिको *आफ्नै घर जलाएर,* विमलप्रकाश देवकोटाको *पूर्णिमाको जूनमा पनि* र खनाल रेवतीमरणको *जानी बुझी स्वजनलाई* गजलहरूमा गृहयुद्धको सन्त्रासले उब्जाएको विषम परिस्थितिको चित्रण पाइन्छ । केही व्यक्तिहरूको स्वार्थी प्रवृत्ति र घमण्डी पाराले दिक्क बनी नमुना शर्माले *आफूलाई शिखरमाथि पार्नुहुन्छ* गजलमा आफूलाई उन्नतितिर लैजाँदा अरूलाई पातालमा झार्ने प्रवृत्तिप्रति आक्रोश

व्यक्त गरेकी छिन् । भोकानाङ्गाहरूलाई भोक आङ् छोप्न र विपुल विश्वको सुवास बनेर शान्ति र परिवर्तनको आभास गराउन चाहना गर्ने भाव सरिता तिवारीको *उज्यालोले सजूँ धर्ती* गजलमा पाइन्छ । प्रेमिकाको साथबाट विछोडिएकोले प्रेमिकालाई निष्ठुरी मान्दै किसानप्रेमीले *आफ्नो निष्ठुरीको नै आउँछ याद* गजलमा प्रेमिकाको याद आएको भाव प्रकट गरेका छन् । सुरेन्द्र अस्तफलको *आफ्नै घर जलाएर,* नवराज ढुङ्गानाको *खुकुरीको धारमा हिँडेको,* नकुल अर्यालको *आफ्नै घर जलाएर,* विनु सुवेदीको *आफ्नै घर जलाएर,* सन्ध्या विवश पथिकको *आफ्नै घर जलाएर,* सविना 'सम्झौता' खनालको *आफ्नै घर जलाएर,* ठूलै बैरागीको *आफ्नै घर जलाएर,* इन्द्रलाल श्रेष्ठको *आफ्नै घर जलाएर,* अदृश्य प्रतिबिम्ब, भानुभक्त सापकोटाको *आफ्नै घर जलाएर* गजलहरूमा देशमा युद्धका कारण देखिएको हिंसा र रक्तपातले जनजीवनमा पारेको पीडा, भाइभाइबीच देखिएको शत्रुताले नेपाली पहिचानलाई धमिलो बनाएको तर्क प्रस्तुत गरिएको पाइन्छ । सङ्गीत आयामको *जिन्दगीको गाडीलाई* गजलमा गजलकारले महँगीले गर्दा जनजीवन कष्टकर बन्दै गएको भाव व्यक्त गरेका छन् । अरूबाट हेपिएको, अपमान भएको अनुभव गर्ने ऋषिप्रसाद लामिछानेको *पैतालाको धुलो ठान्यौ* गजलमा पीडाबोध पाइन्छ । बालकृष्ण थपलियाले *दिलको ढोका खोली देऊन* गजलमा प्रियसीलाई आफ्नो दिलमा राख्न आग्रह गरिएको पाइन्छ । बिग्रिएको साइनोलाई सपार्न मिलाउन चाहना गरेर प्रेमिकासँग गरिएको अनुरोध तेजविलास अधिकारीको *बिग्रिएको हाम्रो साइनो* गजलमा पाइन्छ । गणेशप्रसादको *सपना कस्तो* गजलमा जीवनप्रतिको वितृष्णा र पीडालाई आत्मबोध गरेको पाइन्छ । प्रकाश पौडेल 'माइला' को *दिनभरिको थकान* गजलमा गरिबी र अभावको पीडासँगै जिउनुपर्ने बाध्यतालाई प्रस्ट पारिएको पाइन्छ । मन मिल्ने राजकुमार पाएर खुसी प्रेमिकाले आफूलाई रानीको रूपमा हेर्दै जिन्दगीभरि साथ रहने वाचा अमर न्यौपानेको *धेरैपछि बल्ल आज* गजलमा गरिएको छ । सजल नयनको *चलेकै छ यो जिन्दगी* गजलमा विसङ्गत जीवनभोगाइको पीडा पाइन्छ । सरला जोशीको *कान्तिछटा कोमल पुष्प* गजलमा प्राकृतिक वातावरणको मनोरम चित्रण पाइन्छ । धोका र छलबाट घायल बनेको जीवन जिउनुको पीडा चिरागको *आवेगी सम्मोहनको यो हिसाब* गजलमा अभिव्यक्त भएको छ । सनत अन्जामको *म मौन बनेको बेला* गजलमा गजलकारले आफ्नो प्रेमिकाबाट धोका पाएको र आफ्नो प्रेमलाई सस्तो ठानेकोमा दु:ख व्यक्त गरेका छन् । केही पाउन धेरै त्याग गर्नुपर्ने र विषम वातावरणमा अमृत छर्न सकेमात्र बाँच्नुको अर्थ हुने भन्ने भाव द्वारिका नेपालको *समताको अन्तर्ज्योति बलोस्* गजलमा पाइन्छ । गोपी दवाडीको *उसलाई कुर्ता सलवार* गजलमा घायल मन भएकोले सबै वस्तु मनपर्न छाड्यो भन्ने भाव पाइन्छ भने एच.के. *बगाई आँसुको धारा* गजलमा विसङ्गत जीवनको चित्रण गरिएको छ । सरिता गुरुङको *हार नै थियो मेरो,* ढाकाराम लामिछानेको *तिमी कमल फुल्यौ,* रेशमलाल राजभण्डारीको *सार्दैछौ र डेरा,* शम्भु गिरी 'निर्दोष जीवन' को *रुवाएर गयौ मलाई,* आरजु गिरीको *बल्ल आज देख्न पाएँ,* बाबुराम लम्सालको *हेर्नलाई त हुन्छ होला,*

लीला अनमोलको *लेखैं तिम्रा कथाहरू,* अशोक थापाको *पीरैपीरले चिरिएका,* राजनविफल पौडेलको *आज कुनै आफैलाई,* तिलकराज शर्माको *प्रेयसीको काख,* धिरज गिरी 'कल्पित' को *सधैंभरि सँगै हुनु* गजलहरूमा प्रणयसम्बन्धमा बाँधिएर कहीं संयोग र कहीं वियोगका भावहरू रहेका छन् । प्रेमिकालाई जीवनको सारभन्दा भएको भाव प्रकट भएका छन् । सूर्यप्रकाश कँडेलको *कमाउन पैसा यहाँ* गजलमा पैसाका लागि तल्लो काम गर्न पछि नपर्ने मानवीय प्रवृत्तिलाई देखाउन खोजिएको छ भने मदन भट्टराई 'प्रवृत्ति' को *जगत्को पाप धर्म* गजलमा गरिबको दु:ख, मर्म र अरूको समस्यालाई चिनिदिने र उनीहरूप्रति सहानुभूति देखाउने प्रवृत्ति राख्न आग्रह गरिएको पाइन्छ । देशमा देखिएको बेरोजगारको समस्याले विदेसिन पुगेका युवाहरूको मनस्थितिको चित्रण सुरेश रानाभाटको *पसिना बगाउने युवाको रगत* गजलमा भेटिन्छ । गणेश शर्मा पौडेलको *आफ्नै घर जलाएर* गजलमा खराब राजनैतिक व्यवहारले देश जल्न पुगेको र नेपाली वीरताका ऐतिहासिक उपलब्धीलाई मास्न पुगेको दृष्टिकोण पाइन्छ । देशमा शान्तिको बाली मौलाएर हरियाली छाएको सपना नरेन्द्रराज पौडेलको *टुक्रिएको सिसाबाट* गजलमा देखिएको छ । लेखराम सापकोटाको *कति जानेर भए* गजलमा आफूबाट भएका नराम्रा व्यवहार, गल्तीबाट प्रायश्चित मागेको भाव पाइन्छ भने डा. घनश्याम न्यौपाने 'परिश्रमी' को *बहार आयो तर* गजलमा खुसी आउँदा पनि उजाड रहेका वनपाखाहरू, अस्वस्थ बनेका युवाहरूलाई देख्दा अझै परिवर्तन र बहार आएको रहेनछ भन्ने दृष्टिकोण पाइन्छ । बूँद रानाको *मरुभूमिमा परेँ* गजलमा गजलकारले अभाव, दु:ख र पीडाबाट नै आफू गजलकार भएको भाव प्रकट गरेका छन् ।

### ३.१.२.१४ 'वागीश्वरी' वर्ष १८ अङ्क १४ (२०६३) मा प्रकाशित कविता/मुक्तक/ गीत/गजल/हाइकु/छेस्का

**वागीश्वरी**को यो अङ्क सामयिक अङ्को रूपमा रहेको छ । गोविन्दराज विनोदीको *काँडाका आँखा* कवितामा कविले परपीडन दिने मान्छेहरू, कठोर हृदय भएका मान्छेहरूप्रति व्यङ्ग्य गरेका छन् । आफ्नो काव्यसुधा कठोर र विरसिलो भए तापनि रसिलो मानी ग्रहण गर्न तीर्थराज कोइरालाको *अलिकता यसो चाख है* कवितामा आग्रह गरिएको पाइन्छ । नारायणदत्त शास्त्रीको *शान्तिको दीप बालौं* कवितामा नेपाललाई जोगाउन र एकतामा बाँध्न वीरहरूले देखाएको वीरतालाई सम्मान गर्दै देशमा सदैव शान्तिको दीप बाली एकताका साथ रहन अनुरोध गरिएको छ । आफ्नो प्रिय आफूभन्दा टाढा भएपछि उनको सम्झनामा छट्पटिएका कवि राजकृष्ण कँडेलले *उनी* कवितामा टाढा भएपछि उनी झन् मूल्यवान् भएको भाव प्रकट गरेका छन् । निरङ्कुशतालाई पछि पार्दै लोकतन्त्रको आह्वानको निम्ति गरिएको जनआन्दोलनको चित्रण गर्दै हरिहर खनालको *लोकतन्त्रको फूल* कवितामा आफ्नो हक र अधिकारका लागि मर्न तयार विशाल जनताको चाहना प्रकट गरिएको पाइन्छ । छालहरूलाई

परिवर्तनसँग तुलना गर्दै परिवर्तन नयाँ सङ्केत लिएर आउँछ र देश बनाउँछ भन्ने दृष्टिकोण भूपिल व्याकुलको *छालहरू* कवितामा भेटिन्छ । श्रीभक्त अच्युत वाग्लेको *अघि बढ अघि बढ* कवितामा कविले कुतन्त्र र निरङ्कुश शासनको अन्त्य गर्न र लोकतन्त्रलाई आमन्त्रण गर्न आन्दोलनमा अघि बढ र आफ्नो अधिकार र देशलाई तानाशाहीबाट बचाऊ भन्ने आग्रह गरेका छन् । जनताको विद्रोह र परिवर्तनलाई कुल्चिने र निमोठ्ने प्रयत्न गर्ने शासकले बलेको आगो र बगेको पानीसरी जनमानसमा देखिएको घृणा र ऊप्रतिको विद्रोहको चाहना अझै शासकवर्गले बुझ्न नसकेको भन्ने भाव मुकुल दाहालको *निर्णय* कवितामा सङ्घर्षमय जीवनको चित्रण गरिएको छ । मणि काफ्लेले आफ्नो चाहना *स्वैरिणी : पूर्वापर पक्ष* कवितामा शासक पक्षलाई अपरपक्ष बनाई पश्चात्तापबोध गराइएको छ भने जनतालाई पूर्वपक्ष बनाई लोकतन्त्रको मन्त्र जप्दै आगो भई निस्किएको र जुनसुकै शक्तिलाई पनि हराउने लक्ष्यका साथ अघि बढेको जनआन्दोलनको चित्रण गर्न पुगेका छन् । देशमा चर्किएको गृहयुद्धबाट छाएको अशान्तिबाट आक्रान्त बनेकी नेपाल आमाको पीडालाई नमुना शर्माले आफ्नो *आमाको वेदना* कवितामा देखाउन खोजेकी छन् । देशका लागि बैरीसँग लड्दै आफ्नो ज्यान गुमाउन पुगेका सहिदहरू र प्यारो देशको सम्झना गर्दै होमनाथ पौडेलको *प्यारा सहिद प्यारो देश* कवितामा सहिदको अपमान नगरी सदा स्मरण गर्न आग्रह गरिएको पाइन्छ । युद्धको सन्त्रासले साना बालबालिकामा देखिएको नकारात्मक सोचले उब्जिएको समस्याबाट भाग्न विवश आमाबाबुले युद्ध, बम र बारुदको व्याख्या बालबालिकालाई गर्न नसक्ने परिस्थितिको चित्रण सुरेन्द्र अस्तफलको *'बाबा' मलाई बन्दुक ल्याइदिनोस्न* कवितामा गरिएको छ । सरस्वती रिजालको *मृत्युबोध* कवितामा जीवन र मृत्युको तुलना गर्दै मृत्युको पीडादायी, दु:खदायी अवस्था र जीवनको सुन्दर अवस्था दुवै सत्य भएकाले यसको बोध सबैमा हुनुपर्ने भाव व्यक्त भएको पाइन्छ । सर्जकका हातले मानव शृदयलाई कलमका माध्यमबाट खुसी बनाउँछ, अत्याचार र शोषण नगर्न खबरदारी गर्छ, मातृभूमिको सेवामा सत्कर्महरू गर्दै जान्छ भन्ने भावना ईश्वरचन्द्र घिमिरेको *म र मेरा हातहरू* कवितामा व्यक्तिएको पाइन्छ । गणेशप्रसादको *घर* कवितामा गरिबीपूर्ण जीवन बिताउन बाध्य परिवारको चित्रण गरिएको पाइन्छ । जगन्नाथ पण्डितको *मकर काव्ययामिनी* कवितामा कविले माघेसङ्क्रान्तिको मेलामा देवघाटको तीर्थयात्रामा जुटेका श्रद्धालु भक्तजनहरूलाई दर्शन दिन स्वयम् भगवान् नै अवतरित हुनुभएको त छैन भन्ने अनुभव गर्न पुगेका छन् । युद्धको सन्त्रासले अन्धकार बनेको देशमा आशाका मुनाहरू भाँचिएका, चुँडिएकाले दु:खित बनेको भाव सरस्वती शर्मा 'जिज्ञासु' को *भाँच्चिएका सपनाहरू* कवितामा पाइन्छ । नवराज ढुङ्गानाको *कुरुक्षेत्र र महाभारत* कवितामा गृहयुद्धका समयमा हरेक ठाउँमा कुरुक्षेत्रको लडाइँ भएकोले देशका विभिन्न ठाउँ भारत र कुरुक्षेत्र बन्न पुगेको दृष्टिकोण प्रस्तुत भएको देखिन्छ । पूर्वको मेचीदेखि पश्चिमको महाकालीसम्म हिंसाको चोटले रगताम्य बनेको माटोलाई चित्रण गर्दै देवीदास अधिकारीको *रगत र आँसुले भिजेको*

*माटो !* कवितामा कविले युद्धको भयानक स्थितिले उब्जाएको डर र त्रासलाई दर्साउन खोजेका छन् । होमनाथ सापकोटो *भूकम्प : कलिला मन र नानीहरू* कवितामा भूकम्पको खताराबाट आफू र आफ्ना सन्तानलाई सुरक्षित राख्न संरचनालाई मजबुत बनाउनुपर्ने, सहर र गाउँका सुन्दर वस्तुहरूलाई संरक्षण गर्नुपर्ने दृष्टिकोण प्रस्तुत गरिएको पाइन्छ । अनिता गिरीको *भो बन्दिनँ म ठूलो मान्छे* कवितामा दुराचार र भ्रष्टाचारी भएर लागू पदार्थमा सधैँ डुबेर ठूलो मान्छे बन्ने प्रचलनप्रति व्यङ्ग्य गर्दै यस्तो मान्छे बन्न नचाहने भाव व्यक्त भएको पाइन्छ । विपीन्द्र कोइरालाको *ढुङ्गा* कवितामा ढुङ्गाको उपयोगिता बताउँदै मानिस ढुङ्गाजस्तो सहनशील बन्न नसकेको भाव पाइन्छ । मायाप्रेमको साथ खुसी भएर आफ्नो घरसंसार सम्हाल्न आग्रह गर्दै गोर्खे साइँलोको *यी क्षण* कविता आएको पाइन्छ । गृहयुद्धले ध्वस्त बनेको देशको चित्रण गर्दै अशान्तिले गर्दा माटो बिरामी भएको दृष्टिकोण हुसैन खाँको *माटो बिरामी भयो* कवितामा पाइन्छ । कृष्णप्रसाद पोखरेलको *मलाई* कवितामा विसङ्गत जीवनमा आएका खराब मोडहरूले आफूलाई दिक्क बनाएको र स्वार्थी व्यवहारबाट टाढा रहन चाहेको भाव दर्साइएको पाइन्छ । जनताको मर्मलाई बुझ्ने निःस्वार्थी ज्ञानी सज्जन जो गरिब निमुखालाई रक्षा गर्छ त्यस्तो जनसेवक यो धर्तीमा कहिले आउला भन्ने भाव कृष्णहरि देवकोटाको *आउला को ?* कवितामा भेटिन्छ । देशको भूतकालको रामराज्यलाई, शान्तिमय वातावरणलाई स्मरण गर्दै वर्तमानमा देखिएको हत्या, हिंसा र अशान्तिको जालो कसरी लाग्यो भन्ने चिन्ता अष्टदेव खनालको *हाम्रो वर्तमान* कवितामा पाइन्छ । प्रणय सम्बन्धमा प्रेमिकाबाट धोका पाएका र उनको व्यवहारले घायल बनेको भाव शङ्कर सुवेदीको *घायल* कवितामा पाइन्छ । गिरिधारी विशिष्टको *कवि तीर्थराज कोइरालाको स्मृतिमा* कवितामा कविले साहित्यकार तीर्थराज कोइरालाको स्मरण गर्दै कविको अभावमा आफू विक्षिप्त भएको पीडाबोध प्रकट गरेका छन् । स्रग्विणी छन्दको चर्चा गर्दै प्रकृतिको अनुपम सौन्दर्यको चित्रण डी.डी. शर्माको *स्रग्विणी* कवितामा भेटिन्छ । चेतकान्त चापागाईंको *पूर्वस्मृति* कवितामा कविले बालककालमा पहाडबाट चितवनको गितानगरमा बसाई आउँदा पाएका दुःख र पीडालाई पुनः स्मरण गर्न पुगेका छन् । सीताराम कोइरालाको *कविताप्रतिको प्रतिबद्धता* कवितामा कविले गरिबीले आक्रान्त बनेकी कथाकी पात्र रूपको चित्रण गर्दै उनलाई कवितामा खुसी र उमङ्गको रूपमा राख्न लालायित भएको भाव प्रकट गरेका छन् । गजलतर्फ प्रेमविनोद नन्दनको *गजल*मा जनआवाजले रोजेको परिवर्तनलाई छेक्ने काम कसैबाट पनि नहोस् भन्ने भाव पाइन्छ । धनराज गिरीको *गजल*मा राष्ट्रियभाव पाइन्छ भने शराहको गजलमा लोकतन्त्रको आगमनको चर्चा पाइन्छ । किसानप्रेमी, ईश्वर अर्याल, कृष्णाकुमारी महत, सुधा भट्टराई 'अर्याल' का *गजलहरू*मा प्रणयभाव पाइन्छ भने पुष्प अधिकारी 'अञ्जलि'को *गजल*मा नेपालीको गाउँ, बस्ती र सहरमा रुवावासी भएको र मानव दानवमा परिणत भएको भाव पाइन्छ । नकुल अर्यालको *गजल*मा तिहारको रमाइलो वातावरणको चर्चा गरिएको पाइन्छ भने विमलप्रकाश देवकोटाको *गजल*मा समानताको बिगुल

फुक्नुपर्ने भाव पाइन्छ । नरेन्द्रराज पौडेलको *गीत*मा प्रेमिकाको मोहनी रूपले आक्रान्त बनेको प्रणयभाव पाइन्छ भने शीतल कादम्बिनीको गीतमा प्रकृतिमा गुञ्जिएका विभिन्न धुनबाट मोहित बनेका भाव पाइन्छ । बालकृष्ण थपलियाको *गीत*मा विछोडको पीडामा रहेकाले जति माया गरे पनि बैगुनीले आफूलाई धोका दिएको भाव दर्साइएको पाइन्छ । इन्द्र रेग्मीको *चार ताङ्काहरू*मा व्यङ्ग्यभाव पाइन्छ ।

### ३.१.२.१५ 'वागीश्वरी' वर्ष १८ अङ्क १५ (२०६४) मा प्रकाशित कविता/मुक्तक/ गीत/गजल/हाइकु/छेस्का

**वागीश्वरी**को यो अङ्क सामयिक सङ्कलन मनकामना काव्यिक यात्रासहितको अङ्कको रूपमा आएको छ । गायत्री श्रेष्ठको *सुस्तसुस्त कदम तिम्रो* कवितामा शान्तिका अनि प्रेमका सन्देश दिने दूतहरूलाई सधैँ आइरहन आग्रह गरिएको पाइन्छ । व्यस्तताले गर्दा जीवनको पछिल्लो अवस्थाको चित्रण गर्दै मणि काफ्लेको *उँघौली पर्खाइ* कविता चाउरिएछौँ भने भेट होला भन्ने भाव पाइन्छ । नारायणदत्त शास्त्रीको *मेरो ह्वार्लाङ्गे सुरुवाल* कवितामा कविले पोसाकको पहिरनमा परम्परावादी नयाँ विचारका युवाहरूमा देखिएको भिन्नताको चर्चा गर्दै आफ्नो परम्परागत पोसाक छाड्न नसकेको भाव प्रकट गरेका छन् । भानुभक्तले रोजेका कान्तिपुर आधुनिकताको धोखाबाजीले स्वच्छ सुन्दर नभइकन विकृति र विसङ्गतिको पोको काठमाडौँ बन्न पुगेको यथार्थभाव सुरेन्द्र अस्तफलको *भानु तिम्रो कान्तिपुर* कवितामा पाइन्छ । गणेशप्रसाद शर्माको *प्रश्नहरू* कवितामा विभिन्न समस्या र सोचाइमा प्रश्नचिह्न खडा गरी त्यसको महत्त्वलाई दर्साउन खोजिएको पाइन्छ । कृष्णकुमारी महतको *दसैँ* कवितामा दसैँको आगमनसँगै देखिएको उत्साहलाई चित्रण गरिएको पाइन्छ । रावल कृष्णको *मानवताको हारजीत हुँदैन* कवितामा मानवतासँग विजय र पराजयको तुलना गर्न नसकिने र मानवता मनसँग मात्र सम्बन्धित हुन्छ भन्ने भाव पाइन्छ । लोकतन्त्र आगमनपछि भोकतन्त्रको रूपमा यसलाई परिणत नगराउन आग्रह गर्दै भूमिश्वर पौडेलको *लोकतन्त्र* कवितामा लोकतन्त्रको सम्मान गर्न र सबै मिली यो देश हराभरा बनाउन आग्रह गरिएको पाइन्छ । जानकी बरालको *शङ्खघोष* कवितामा लोकतन्त्रको मर्मलाई नबुझ्ने, आन्दोलनको जनलहरलाई पछि पार्ने, गोली खाएका सहिद र पिठ्युमा दूधेबालक बोकेर आन्दोलनमा होमिएकी आमालाई अपमान गऱ्यौ भने अर्को जनआन्दोलनको शङ्खघोष जनताले गर्नेछन् भन्ने आक्रोश नेतृत्वप्रति देखिएको भाव पाइन्छ । लोकतन्त्रलाई भोकतन्त्र, रोगतन्त्र र शोकतन्त्र नबनाउन आग्रह गर्दै सरला जोशीको *लोकतन्त्र* कवितामा सत्ताको खेलमा नलाग्न र निमुखा जनताको आशाको किरण बन्न नेतृत्व वर्गलाई खबरदारी गरिएको पाइन्छ । सूर्यप्रकाश कँडेलको *बिहानीको रातो घाम* कवितामा परिवर्तन र नयाँ बिहानीका रूपमा गणतन्त्रलाई ठान्दै यसको रक्षा गर्न आग्रह गरिएको भाव भेटिन्छ । प्रसन्नको *घाम लुकाउने हिमाल* कवितामा हिमाललाई परिवर्तनको विकासको बाधक

ठान्दै यसको अहम्लाई झुकाउन भूकम्पजस्तो शक्तिशाली धक्का आउनुपर्ने भाव प्रकट गरिएको देखिन्छ । दुःख र पीडामा रहेका मान्छेलाई ऐनाको अगाडि राख्दा पनि आफ्नो प्रतिबिम्बलाई जहाँकहीँ देख्न सक्छन् भन्ने भाव अमर न्यौपानेको *ऐना* कवितामा भेटिन्छ । ऋषभ रिजालको *मभित्रै छ मेरो जीवन* कवितामा कविले आफ्नो साथलाई तोडेर जाने स्वर्गमय घरलाई अन्धकार बनाउने प्रेमिकाप्रति रोष व्यक्त गर्दै तिमी नभए पनि म बाँच्न सक्छु र मभित्रै मलाई ब्युँझाउने थुप्रै जीवनहरू छन् भन्ने भाव प्रकट गरेका छन् । शराहको *प्रतीक्षा वसन्तको* कवितामा नयाँ बिहानी र परिवर्तनको आग्रह गरिएको पान्छ । खेमराज दवाडीको *यस्तै छ लेखा पनि* कवितामा कविले विभिन्न अभावका बावजुद पनि यस्तै रहेछ भनी समयसँग सम्झौता गर्नुबाहेक अरू विकल्प नभएको भाव प्रकट गरेका छन् । वी.पी. तिवारीको *विजयादशमीको शुभकामना* कवितामा सम्पूर्ण जनमानसलाई प्रगतिपथमा अघि बढ्न र मान्छे बनी जिउन आग्रह गर्दै विजयादशमीको शुभकामना व्यक्त गरिएको पाइन्छ । कृष्णादेवी शर्मा (श्रेष्ठ) को *मोतीको सम्झनामा* कवितामा भाषाको उत्थान गर्ने र नेपाली साहित्यको भण्डार भर्ने कवि मोतीराम भट्टप्रति श्रद्धाभाव अर्पण गरिएको पाइन्छ । निरज क्षेत्रीको *पर्खिरहेछु म !* कवितामा गरिब र धनीबीचको असमाना बलको प्रयोगले भयभीत र हतासको वातावरणलाई पछि पार्दै शान्त, सुन्दर संसारको कामना गरिएको भाव दर्साइएको पाइन्छ । शान्तिको चाहनाको अपेक्षा गर्दै हुसैन खाँको *शुभकामना* कवितामा लोकतन्त्रलाई बलियो पार्दै सत्यम् शिवम् सुन्दरम्को भावनामा अघि बढ्न नववर्षको शुभकामना प्रकट भएको पाइन्छ । चेतराज रेग्मी 'दीपक' को *ए फूल !* कवितामा फूलको सौन्दर्यको बखान गरिएको पाइन्छ । बिना छन्दका कविता राम्रा र माधुर्य नहुने भएकाले छन्दमा नै सम्पूर्णता हुने हुँदा छन्द नत्याग्न आग्रह गोर्खे साइँलोको *छन्द नै मीठो* कवितामा गरिएको पाइन्छ । सामना पहाडको *निमन्त्रणा गर्भाशयकी पुत्रीलाई* कवितामा छोरी जन्माउँदा दुःखित हुने आमाहरूप्रति व्यङ्ग्य गर्दै गर्भाशयमा पुत्री नै रहने र पुत्री जन्माउन लालायित भएको भाव प्रकट गर्दै छिट्टै आउन गर्भाशयकी पुत्रीलाई आग्रह गरिएको पाइन्छ । नवराज ढुङ्गानाको *अब तिमी फुल्नुपर्छ* कवितामा फूललाई परिवर्तनसँग तुलना गर्दै परिवर्तनको बाहकलाई छेक्न खोज्नेहरूप्रति खबरदारी गरी सिर्जनाको, शान्तिको र परिवर्तनको फूल फुल्नु पर्ने आग्रह गरिएको देखिन्छ । विकास, शान्ति र परिवर्तनका पालुवा उमार्न र सम्पूर्ण मानिसलाई आशाको प्रतिफलस्वरूप उमङ्ग र खुसी दिन अवश्य आउन पर्थ्यो कवितामा पाइन्छ । गोविन्दराज विनोदीको *तीन थुँगा पद्य-पुष्प* कवितामा कविले केबुलकारको निर्माण गर्ने लक्ष्मणबाबुप्रति आभार व्यक्त गर्दै मनकामनामा हुने पशुबलि मनकामनाको इच्छा होइन भन्ने कौतुहलताको भाव व्यक्त गरेका छन् । मनकामना आध्यात्मिक दृष्टिले महत्त्वपूर्ण धार्मिकस्थलका साथै प्राकृतिक मनोरमताले समेत महत्त्वपूर्ण धार्मिकस्थलका साथै प्राकृतिक मनोरमताले समेत महत्त्वपूर्ण र आकर्षक केबुलकारको यात्राले गर्दा मुख्य आकर्षक स्थल धार्मिक क्षेत्र बन्न पुगेको भाव प्रा. शिवहरि

मरहट्टाको *सम्झना* कवितामा कविले आस्थाकी देवी मनकामनाप्रति श्रद्धाभाव व्यक्त गर्दै यस सम्बन्धको तार टुटे जीवन निशेष हुन्छ भन्ने भाव दर्साइएको पाइन्छ । कपिल अज्ञातको *केबलुकार* कवितामा केबुलकारको प्रशंसा गर्दै जमाना जस्तो छ त्यस्कै अघि हिँड्नु बुद्धिमानी हुन्छ भन्ने दृष्टिकोण व्यक्त गरिएको पाइन्छ । श्यामजी अतिथि र शङ्कर सुवेदी दुवैको *मनकामना* कवितामा देवीको शक्तिको महिमा गर्दै मनकामनाप्रति श्रद्धासुमन अर्पण गरिएको पाइन्छ । विमलप्रकाश देवकोटाको *गीतिकविता* कवितामा मनकामनाको भौगोलिक र पुण्यभूमिको चित्रण गर्दै मनकामना हेर्न जान सम्पूर्णसँग आग्रह गरिएको पाइन्छ । गजलतर्फ प्रेमविनोद नन्दनको *गजल*मा प्रणयभाव पाइन्छ भने बालकृष्ण थपलियाको *गजल*मा यथार्थ जीवनको चित्रण गरिएको पाइन्छ । रमेश प्रभातको *गजल*मा नेपालको बहुजाति बहुभाषी जनताहरू एकताबद्ध भई बाँच्न आग्रह गरिएको पाइन्छ भने इन्द्रलाल श्रेष्ठ 'अद्वितीय' को *गजल*मा राजनैतिक विसङ्गतिले ल्याएको नकारात्मक पक्षको चित्रण गरिएको पाइन्छ । किसानप्रेमीको *गजल*मा प्रणयभाव पाइन्छ भने विनोद अनुजको *गजल*मा वर्तमानमा देखिएको विकृतिको भाव प्रकट गरिएको पाइन्छ । केशवराज आमोदीको गजलमा भक्तिरसको भाव पाइन्छ । रामबाबु घिमिरेको *मुक्तक*मा व्यङ्ग्यभाव पाइन्छ भने दिनेशकुमार थपलियाको *गीत*मा प्रणयभाव पाइन्छ । प्रकाश पौडेल 'माइला' र इन्द्र रेग्मी दुवैको *हाइकु*मा जीवनबोध पाइन्छ ।

### ३.१.२.१६ **'वागीश्वरी' वर्ष १९ अङ्क १६ (२०६५) मा प्रकाशित कविता/मुक्तक/ गीत/गजल/हाइकु/छेस्का**

**वागीश्वरी**को यो अङ्क सामयिक सङ्कलनको रूपमा आएको छ । प्रेमविनोद नन्दनको *देवकोटा शब्द रेखाङ्कन* कवितामा देवकोटाको व्यक्तित्व र साहित्यिक प्रवृत्तिका बारेमा प्रस्ट पारिएको पाइन्छ । धरतीलाई दुःख नदिई बचाइराख्न आकाशप्रति आग्रह गरिएको भाव गोविन्दराज विनोदीको *आकाशप्रति* कवितामा झल्किएको पाइन्छ । राजकृष्ण कँडेलको *मेरी आद्या* कवितामा कविले मनको मन्दिरलाई सजाउने जीवनसाथीको आगमनले उत्साहित भएको भाव व्यक्त गरेका छन् । चितवनको प्राकृतिक सौन्दर्यको चित्रण गर्दै नारायणदत्त शास्त्रीको *चितवन* कवितामा चितवनलाई अझ भव्य, रसिलो बनाउन आग्रह गरिएको पाइन्छ । श्रीभक्त अच्युत वाग्लेको *एउटा मृत्यु र ढुकुर* कवितामा अनायासै जीवन गुमाउन पुगेकाहरूलाई ढुकुरसँग तुलना गर्दै बिनाकारण बिनागल्ती ज्यान गुमाउनेहरूले न्याय पाएका छैनन् भन्ने यथार्थ व्यक्तिएको पाइन्छ । नेपाललाई आँखाको नानी र मुटुको ढुकढुकी मान्ने शैलेन्द्रप्रकाश नेपालको *नेपाल मेरो हो* कवितामा राष्ट्रप्रेमको भाव प्रकट भएको पाइन्छ । स्रष्टाकै सिर्जना सिङ्गो राष्ट्रको प्रतिबिम्ब मान्ने धनेश्वर भट्टराईको *स्रष्टासँग* कवितामा लेख्न नछाड्न र जीवनका मीठा गीत सुनाउन आग्रह गरिएको पाइन्छ । गणेशप्रसाद शर्माको *पहाडहरू*

कवितामा कविले पहाडको तुलना जनतासँग गर्दै यिनीहरू सधैँ अत्याचार सहँदैनन् कहिलेकाहीँ विद्रोह पनि गर्छन् त्यो विद्रोह भयानक हुनजान्छ भन्ने भाव प्रकट भएको पाइन्छ । देशमा गणतन्त्र आउँदा पनि हत्या, लुट, तस्करी, मारामार बढ्दै गएको र नेतृत्व पक्ष सत्तामोहमै अल्भिएकोले यस्तै चालाले नयाँ नेपाल कसरी बन्ला भन्ने शङ्का प्रकाश चापागाईंको *साह्रै भयो आतुर* कवितामा भेटिन्छ । गोर्खे साइँलोको *बाधा मलाई भयो* कविता समस्यापूर्ति कविता हो यसमा दाजुका नाताले आफ्नो प्रेमीलाई घरमा बोलाएकी प्रेमिकाले अरूले थाहा पाउने डर भएपछि अब यहाँ नआउन आग्रह गरिउको भाव पाइन्छ । सर्पहरूसँग मानिसको व्यभिचारी र स्वार्थी प्रवृत्तिसित तुलना गर्दै नवराज ढुङ्गानाको *सर्पहरू* कवितामा यस्तो डरलाग्दो प्राणीसँग सधैँ जोगिएर हिँड्न आग्रह गरिएको पाइन्छ । लामो सङ्घर्ष र जनआन्दोलनपछि आएको नयाँ परिवर्तन गाउँका गरिब भुपडीमा पुग्न नसकेको यथार्थलाई प्रस्ट गर्दै दीपकप्रसाद गौतमको *तिम्रो प्रतीज्ञा र प्राप्ति* कवितामा गाउँघर उज्यालो बनाउने परिवर्तनको अपेक्षा गरिएको भाव प्रकट भएको पाइन्छ । नेपाली साहित्यको भण्डार भरेर विश्वसामु नेपाललाई चिनाउने महाकवि लक्ष्मीप्रसाद देवकोटाप्रति सीताराम अधिकारीको *महाकवि देवकोटाप्रति* कवितामा श्रद्धाभाव अर्पण गरिउको पाइन्छ । अनिता पोखेलको *नर्सिङ्गमा व्यङ्ग्य* कवितामा धनप्राप्ति हुने आशामा उसको चरित्र र स्वभावलाई विचार नगरी उसको पेसाप्रति आकर्षित वर्तमान समयको युवा पिँढीप्रति व्यङ्ग्य गरिएको पाइन्छ । जन्मसँगै मृत्यु पनि जोडिएर आएको हुनाले मृत्यु हुँदा शोक गर्नु व्यर्थ छ भन्ने भाव दशरथ तिवारीको *बिदाइको क्षण* कवितामा पाइन्छ । विष्णु तिवारीको *देशप्रेम* कवितामा कविले धेरै काटमारपछि शान्त भएको नेपाललाई विकास गरी रमाएर बाँच्ने अभिलाषा प्रकट गरेका छन् । एन.पी. परिहस्तको *शुभकामना* कवितामा जुवातासमा उठिबास नभइकन दिदी-बहिनीले दाजुभाइप्रति स्नेहको साटासाट गर्दै धनकी देवी लक्ष्मीको पूजाअर्चना गरी तिहार मनाउन आग्रह गर्दै दीपावलीको शुभकामना व्यक्त गरिएको पाइन्छ । भोका-नाङ्गा गरिब जनताको प्राण भर्न विवश र परिवर्तनको बाटोमा अघि बढ्ने योद्धाहरूलाई जोशमा होस राखी आफ्नो लक्ष्य प्राप्त गर्न पदमपाणि विरक्तिको *जोशमा होस राख* कवितामा आग्रह गरिएको पाइन्छ । कृष्णप्रसाद पोखरेलको *चोखो* कवितामा जे सोच्यो त्यही चोखो ठान्ने प्रवृत्तिलाई केलाउँदै चोखो शब्दप्रति नै व्यङ्ग्य गरिएको पाइन्छ । शिशुकाल, बाल्यकाल, किशोरावस्था र वयस्क अवस्था पार गरी वृद्ध अवस्थामा पुगेपछि जीवनका यी चरणहरू सम्भँदै होमनाथ पौडेल 'हिमांशु' को *दिन गए* कवितामा उज्यालो सिद्धिदै गएको र जीवनको अँध्यारो रात सुरु भएको भाव व्यक्त भएको पाइन्छ । हुसैन खाँको *नवबिहानीमा देश* कवितामा नयाँ परिवर्तनले देशमा वसन्त छाएको र जतातै हरियाली, खुसियाली आएकोले सबैजना सद्भावपूर्ण सुन्दर यो भूमिमा रम्न आग्रह गरिएको पाइन्छ । मणि काफ्लेको *नवविनीत रामभुपडी* कवितामा वर्तमान मानिसको विकृत मानसिकताप्रति व्यङ्ग्य गरिएको पाइन्छ । राजनैतिक नेतृत्वमा उभिएका डा. गङ्गाधर लम्सालको निधनपश्चात् उनको

जनसेवी जीवनदर्शनबाट प्रेरित भई उनलाई गुमाएपछि देवीदास अधिकारीको *डा. गङ्गाधर लम्सालप्रति श्रद्धाञ्जलि* कवितामा उनीप्रति श्रद्धाञ्जलि अर्पण गरिएको पाइन्छ । रमेश प्रभात, भूपिन व्याकुल, इन्द्रला श्रेष्ठ 'अद्वितीय', पुष्प अधिकारी 'अञ्जलि', भीम न्यौपाने, पुष्प आचार्य, रुद्रराज कँडेल, प्रमिला कोइराला, हरिकृष्ण खतिवडा 'अनुरूप', भावना पाठक 'तेजस्वी', शम्भु गिरी 'निर्दोषजीवन', धर्म प्रधान 'अकिञ्चन' का *गजलहरू*मा प्रेम सम्बन्ध, संयोजक र विछोड, घात-प्रतिघातका पीडा र प्रणयभाव पाइन्छ । धनराज गिरीको गजलमा मानिसको भाउ सारै तल झरेको भाव पाइन्छ । युद्ध मात्र नभई अब देशमा शान्ति चाहने अनुरोध विश्वनाथ खनालको *गजल*मा पाइन्छ भने द्वारिका नेपालको *गजल*मा नेपालमा पुरानै काम र उही गरिबको पीडा रहने हो भने गणतन्त्रको केही महत्त्व नभएको भाव पाइन्छ । तीजमा माइत जान राम्रा गहना र कपडाको चाहना राखी पतिसित किनेर ल्याइदिन आग्रह फजुल्का सङ्ग्रौलाको *गजल*मा गरिएको पाइन्छ भने भूमिश्वर पौडे 'शिरीष' को गजलमा वर्तमान मानिसमा देखिएको द्वैध चरित्रको चित्रण पाइन्छ । नेताहरूलाई सीमा स्तम्भ हल्लाउँदा पनि चुप लागेर बस्ने र विदेशी हस्तक्षेपको विरोध गरी सडकमा उत्रिन गणतन्त्रको आह्वानको भाव गणेश शर्मा पौडेलको *गजल*मा भेटिन्छ । जीवन सुवेदीको *गजल*मा बेरोजगारी समस्याले सहर छिरेपछि आफूमा नकारात्मक सोच हाबी भएको भाव पाइन्छ भने नकुल अर्याल 'परिचित' को गजलमा मानवीय भावना नरहेका धोकोबाज मानव प्रवृत्तिको चित्रण पाइन्छ । भानुभक्त सापकोटाको गजलमा मानिसको स्वार्थी प्रवृत्तिलाई उजागर पारिएको देखिन्छ भने सरस्वती आचार्य 'सरुसुधा' को गजलमा पश्चिमी संस्कृतिको रमझम होइन आफ्नै देशको गुन्यूचोली र संस्कृति प्यारो लाग्ने भाव दर्साइएको पाइन्छ । तितेपातीको गजलमा घमण्डले होइन सद्भावले सफलताको पाइला चाल्नुपर्छ भन्ने भाव पाइन्छ । सुदेश सत्यालको *गजल*मा देशभक्तिको भावना पाइन्छ । अर्जुनदाइ असफलको *गीत*मा प्रणयभाव पाइन्छ भने गायत्री श्रेष्ठको *गीत*मा जीवनवादी दृष्टिकोणका साथै जीवनको जटिलतामा प्रेमीका उपेक्षा गरिएको भाव पाइन्छ । विमलप्रकाश देवकोटाको *मुक्तमाला*मा भ्रष्टाचारी प्रवृत्ति, बेरोजगारी समस्याप्रति व्यङ्ग्य गरिएको पाइन्छ ।

### ३.१.२.१७ 'वागीश्वरी' वर्ष २० अङ्क १७ (२०६६) मा प्रकाशित कविता/मुक्तक/गीत/गजल/हाइकु/छेस्का

**वागीश्वरी**को यो अङ्क महाकवि देवकोटा विशेषाङ्कका रूपमा आएको पाइन्छ । यो अङ्कमा जम्मा सातजना कविका कविताहरू समावेश भएको देखिन्छ । पहिलो पृष्ठमा बुद्धिनाथ अधिकारीबाट सौजन्य गरिएको महाविकको नौ भाषाको कविता रहेको पाइन्छ । यसमा संस्कृत, नेपाली, हिन्दी, नेवारी, बङ्गला, उर्दू, अङ्ग्रेजी, फ्रेन्च, जर्मन आदि नौ भाषाका देवकोटाका कविता समावेश गरिएको पाइन्छ । प्रेमविनोद नन्दनको *महाकविको अमर कृतिको सम्झना*

कवितामा कविले **मुनामदन** खण्डकाव्यको सम्झना गर्दै मुनामदनको प्रगाढ प्रणयसम्बन्धका बारेमा प्रस्ट पारेको पाइन्छ । देवकोटाको मृत्युको खबरले सबै शोकमग्न भएको यथार्थतालाई प्रस्ट पार्दै श्रीभक्त अच्युत वाग्लेको *देवकोटाको श्रद्धाञ्जलि सभामा* कवितामा साहित्यका उज्ज्वल नक्षेत्र देवकोटाप्रति श्रद्धाभाव अर्पण गरिएको पाइन्छ । नारायणदत्त शास्त्रीको *कवि देवकोटा* कवितामा देवकोटाको जीवनभोगाइको चित्रण गर्दै उनको काव्यकारिताको प्रशंसा गरिएको देखिन्छ । धनराज गिरीको *देवकोटा गिरी संवाद* कवितामा देशको भद्रगोल स्थितिले ल्याएको अन्योलतादेखि दिक्क भएर गिरीले देवकोटाप्रति गुनासो व्यक्त गरेका पाइन्छन् । जसमा काव्य रचना गर्न अग्रसर भइरहेका र काव्य रचनामा नथाक्न देवकोटाले गिरीलाई सुझाव दिइएको भाव प्रकट भएको पाइन्छ । देवकोटाका सम्पूर्ण विधामा कलम चलाउने काव्यिक क्षमताको प्रशंसा गर्दै श्यामजी अतिथिको *महाकवि देवकोटालाई सम्झेर* कवितामा देवकोटाको सिर्जनशीलताको सम्मान गरिएको देखिन्छ । देशमा रहेको राणाकालीन निरङ्कुशताको विरोध गर्दै प्रवासमा रहेर साहित्यिक विकासमा देवकोटाले दिएका योगदानको चर्चा सामना पहाडको *मातृभूमिका निम्ति* कवितामा पाइन्छ । गोर्खे साइँलोको *लक्ष्मी तिमी* कवितामा देवकोटाको लक्ष्मी पूजाको समयमा जन्म भएको र साहित्यको क्षेत्रमा उज्ज्वल नक्षत्रको रूपमा स्थापित भएका कविप्रति सम्मान व्यक्त भएको पाइन्छ । ऋषिराम बरालको *हाइकुभित्र देवकोटा* र प्रकाश पौडेल 'माइला' को *देवकोटा हाइकु* हाइकुमा देवकोटाको स्मरण गरिएको पाइन्छ ।

### ३.१.२.१८ **'वागीश्वरी' वर्ष २१ अङ्क १८** (२०६७) **मा प्रकाशित कविता/मुक्तक/ गीत/गजल/हाइकु/छेस्का**

**वागीश्वरी**को यो अङ्क सामयिक सङ्कलनको रूपमा आएको छ । यो अङ्कको पहिलो पृष्ठमा प्रेमविनोद नन्दको *आराधना* कविता समावेश गरिएको पाइन्छ । यस कवितामा कविले कविता विधालाई आफ्नो आद्य मानी आराधना गर्न पुगेका पाइन्छन् । गोविन्दराज विनोदीको *मान्छे अचेल* कवितामा मान्छे स्वार्थी, घमण्डी हुँदैगएको र मान्छे मानव नभएर दानव बन्न पुगेको भाव पाइन्छ । सुरेन्द्र अस्तफलको *ऊ अर्थात् ऊ* कवितामा हत्या र हिंसाको आधारमा आफूलाई सर्वशक्तिमान ठान्ने, जनताको सेवक मान्ने वर्गप्रति व्यङ्ग्य गरिएको पाइन्छ । आफ्नो भनेपछि सम्पूर्ण चिज प्यारो हुने विचार सिद्धार्थ श्रमणको *आफ्नोपन* कवितामा पाइन्छ । राजकृष्ण कँडेलको *नारी* कवितामा कविले नारीको महिमागान गाउन पुगेका छन् । भूपिन व्याकुलको *अस्तित्व उत्सव* कवितामा विकृति र विसङ्गतिपूर्ण जीवनमा अस्तित्वको खोजी गरिएको पाइन्छ । हाम्रो समाज देशमा भएका नराम्रा कुराहरूलाई फालेर राम्रा कुराहरूको बीजारोपण गर्दै नौलो नेपाल बनाएर छाड्ने प्रण केशवराज आमोदीको *म नेपाल नौलो बनाएर जान्छु* कवितामा पाइन्छ । सरिता तिवारीको *उभिरहेको मान्छे* कवितामा कवयित्रीले उभिरहेको मान्छेलाई लक्ष्यबिनाको, परिवर्तनबिनाको मान्छेको रूपमा राख्दै त्यस्ता

प्रवृत्ति बोकेका मान्छेले समाज र देशको मुहार फेर्न नसक्ने ठान्दै वर्तमान समय उभिरहेका मान्छेहरूको पङ्क्तिले भरिएको छ भन्ने व्यङ्ग्य प्रकट गरेकी पाइन्छन् । गोर्खे साइँलोको *दुःखी आमाको आशीर्वाद* कवितामा पत्नीप्रेममा अन्धो भई आफ्नो आमाबाबाप्रति अपमान गर्ने, दुःख दिने सन्तानप्रति दुःखी आमाले दिएको आशीर्वादको भाव व्यक्त भएको पाइन्छ । भोलिको बिहानी शान्ति र स्वाभिमानका लहरहरू छरिदिएर आउन परिवर्तनको बिहानी लिएर आउन भन्ने आग्रह गीता क्षेत्रीको *भोलिको बिहानी* कवितामा गरिएको पाइन्छ । अतीतको प्रेम सम्बन्धको स्मरण गर्दै वर्तमानमा त्यो प्रेम बिछोडिएर अर्काको पोल्टोमा गएको स्वयम्बरको तस्विरले देखाएको भाव हेमन यात्रीको *स्वयम्बरको तस्विर* कवितामा छचल्किएको देखिन्छ । अनेकतामा एकताको सूत्रमा बाँधिएको उपखण्ड नेपालको भौगोलिक, सांस्कृतिक महिमाको चर्चा गर्दै राष्ट्रको असिमता सधैँ उच्च भई बाँचिरहोस् भन्ने कामना मित्रराज घिमिरेको *अखण्ड मेरो देश* कवितामा गरिएको पाइन्छ । पद्मपाणि विरक्तिको *देशभक्ति जोगाऊँ* कवितामा कविले राष्ट्रिय भावनाको कमी नेतृत्व पक्ष र जनमानसमा देखिदै गइरहेको देशभक्तिको भावना जगाई नेपालीको इज्जत रहने देशभक्ति जगाउन आग्रह गरेका छन् । कहिल्यै पनि नसुनेको गीत सुन्न चाहना व्यक्त गर्ने प्रसन्नको *कविता*मा प्रेम, दुःख र अभावका गीत होइन शान्ति र समृद्धिको गीत सुन्ने चाहना व्यक्त भएको पाइन्छ । सिर्जन अविरलको *पहाडको एक छेउ* कवितामा विकृति र विसङ्गतिले ढाकेको जीवनको चित्रण पाइन्छ जहाँ जीवन सरस र सहज होइन पीडा र अभावको कहालिलाग्दो पहाड बनेको छ । आमाहरूको स्नेहपूर्ण सुन्दरताका अगाडि मोनालिसाको सुन्दरता फिका परेको अनुभव सुमनराज श्रेष्ठको *मानोलिसा र आमाहरू* कवितामा गरिएको पाइन्छ । प्रेम र आनन्दका कविता लेख्न खोज्ने कविका अगाडि अनेक शीर्षकका कविता पीडाका भाव बोकेर आइदिनाले कविता लेख्न नसकेको विचार लक्ष्मण भण्डारीको *मैले कविता लेख्न सकिनँ* कवितामा व्यक्तिएको पाइन्छ । डा. हरिहर पौडेलको *धागो* कवितामा युद्ध र अराजकताले छिन्नभिन्न भएका मानिसहरूको मनलाई सयौँ वर्षसम्म नटुट्ने गरी सयौँ फूल एउटै मालामा उन्न सक्ने बलियो धागो खोजेको भाव पाइन्छ । वर्तमान समयमा सञ्चार माध्यमबाट प्रसारण हुने विज्ञापनको महत्त्वलाई दर्साउँदै नवराज ढुङ्गानाको *विज्ञापन* कवितामा विज्ञापनले हरेक मानिसलाई आफूतिर आहर्षित गरेको भाव प्रकट भएको देखिन्छ । नरेन्द्रराज पौडेलको *साँढे हौ कि सभासद्* कवितामा कविले साँढे र सभासद्बीच तुलना गर्दै सभासद्को प्रवृत्ति मान्छेको जस्तो नभई उन्मत्त पशुको भैँ भएको विचार प्रकट गरेका छन् । नवयुवा पुस्ताले अब पुराना कविका छन्दकविताप्रति मोह छोडेर गजल, नौलाभाका र पपगीतप्रति आफ्नो मोह बढाएपछि निराश भएको अनुभव नारायणदत्त शास्त्रीको *बूढो कवि* कवितामा कविले गर्न पुगेका पाइन्छन् । शराहको *सर्प, भ्यागुतो र बिच्छी* कवितामा कविले सर्प, भ्यागुतो र बिच्छी एकैसाथ रहँदा एकदेखि अमर्कामा हुने खतराको डरले यिनीहरूको सातोपुत्लो गएको र यिनीहरूको अस्तित्व खतरामा परेको चित्रण गर्न पुगेका छन् ।

सुशील घिमिरेको *गणतन्त्र* कवितामा गणतन्त्रलाई देखावटी रूपमा नभई आत्मैदेखि स्वीकार्न र यसको संरक्षण गर्न आग्रह गरिएको पाइन्छ । कृष्णप्रसाद पोखरेलको शुभकामना कवितामा कविले लोकतान्त्रिक गणतन्त्रको उदयले नयाँ प्रेरणा, सचेतना ल्याउन सकोस् भन्ने शुभकामना व्यक्त गर्न पुगेका छन् । भ्रष्टाचारले गर्दा देश खोक्रो बनेको र यस्ता भ्रष्टाचारीलाई रोक्न सबै ठाउँबाट खबरदार गर्नुपर्ने दृष्टिकोण एन.पी. परिहस्तको *भ्रष्टाचार* कवितामा दिइएको पाइन्छ । होमनाथ पौडेल 'हिमांशु' को *दिन गए* कवितामा कविले गर्भावस्थादेखि बुढ्यौलीसम्मका रमाइला दिनहरूको स्मरण गर्दै अब ती दिन बिते भन्दै दु:ख प्रकट गरेको पाइन्छ । श्रीभक्त अच्युत वाग्लेको *प्रचण्डलाई चार मुक्तक*मा राजनीतिक नेता प्रचण्डलाई सहमतिको बाटोमा हिँड्न, विश्वासिलो बन्न आग्रह गरिएको पाइन्छ । बरुण पौडेलको *दुई मुक्तक*मा प्रणयभाव र राष्ट्रप्रेमको भाव पाइन्छ । गजलतर्फ बालकृष्ण थपलियाको *गजल*मा समसामयिक राजनीतिक चित्रण पाइन्छ भने किसानप्रेमीको गजलमा प्रेमिकाले विश्वासघात गरेपछि निराश भएको भाव पाइन्छ । सामना पहाडको *गजल*मा सहर होइन गाउँमा कर्म गरी खाने रहर पाइन्छ भने चिरागको *गजल*मा विकृत जीवनको चित्रण पाइन्छ । प्रभाकर पण्डितको गजलमा गरिबीको चित्रण पाइन्छ । मिलन समीर, राजु भण्डारी, मनिषा कोइराला 'घायल', बेलभक्त अधिकारी, आकाश अधिकारी 'हरि', प्रवीण ज्ञवाली, महेश गिरी 'दृढ' का *गजलहरू*मा मायाप्रेम, मिलन-विछोडको कथा-व्यथा र प्रगाढ प्रणयभाव पाइन्छ । हुसैन खाँको *गजल*मा राजनीतिक विसङ्गतिको चित्रण पाइन्छ भने रमेश प्रभातको *गजल*मा आफन्तले दिएको पीडा पाइन्छ । विजयराज ज्ञवालीको गजलमा सहरमा हुने नकारात्मक सोचप्रति असन्तुष्टि व्यक्त गरिएको पाइन्छ । रेशमलाल श्रेष्ठको *गीत*मा पोखराको प्राकृतिक सौन्दर्यको वर्णन गरिएको पाइन्छ भने युवराज अर्यालको गीतमा प्रियसीको रूप, रङ्ग र सौन्दर्यको वर्णन गरिएको पाइन्छ । प्रकाश पौडेल 'माइला' को *हाइकुहरू*मा प्राकृतिक सौन्दर्यमा प्रणयभाव पाइन्छ भने ऋषिराम बरालका *पाँच हाइकु*मा कमलको फूल र भमरोको दिनचर्याको चित्रण पाइन्छ ।

### ३.१.२.१९ **'वागीश्वरी' वर्ष २२ अङ्क १९** (२०६८) **मा प्रकाशित कविता/मुक्तक/गीत/गजल/हाइकु/छेस्का**

**वागीश्वरी**को यो अङ्क सामयिक सङ्कलनका रूपमा आएको पाइन्छ । गोविन्दराज विनोदीको *विजयासँग* कवितामा जति विजयादशमीमा आशीर्वाद दिए पनि शान्ति र एकता अझै देशमा आएन भन्ने पीडाबोध पाइन्छ । एक पेट खानका लागि र बालबच्चा परिवार पाल्नका लागि सीमापारिको देशमा काम गरिरहेका आजका युवाहरूको विवश र लाचार जीवनको चित्रण श्रीभक्त अच्युत वाग्लेको *सीमापारिको समय* कवितामा पाइन्छ । अज्ञानतालाई फालेर ज्ञानको बाटो रोज्न र ईश्वरलाई आफ्नो मार्गदर्शक मान्न नारायणदत्त शास्त्रीको *बुझ्नै पर्‍यो*

*लौ अब* कवितामा आग्रह गरिएको पाइन्छ । राजकृष्ण कँडेलको *मेरो देश* कवितामा देशको प्राकृतिक सौन्दर्यको वर्णन गर्दै यो देश बनाउने जिम्मा सम्पूर्ण नेपालीको काँधमा छ भन्ने भाव दर्साइएको देखिन्छ । गायत्री श्रेष्ठको *नेपाल आमा* कवितामा नेपालीहरूका कारण नेपाल आमाको मुहार अँध्यारो भएको, चिन्तित भएको भाव पाइन्छ । राजनीतिक नेतृत्वमा लोकतन्त्रपछि दम्भको उन्माद बढ्दै गएको र कुर्सीको मोहमा अरू सबै कुरा गौण बनेकाले लोकतन्त्र मनपरी गर्नेहरूलाई मेला खुलेझैँ भएको भन्ने भाव नरेन्द्रराज पौडेलको *मेला* कवितामा पाइन्छ । चे.चा.चि.को *भाँडभैलो भयो अति* कवितामा संविधान बनाउन गएका सभासद्ले कानुन नबनाई बाँडभैलो गरेर बसेको विचार पाइन्छ । रेशमलाल श्रेष्ठ, रमेश प्रभात, प्रभाकर पण्डित, तितेपाती, शराह, हरिहर सविता, डा. दुण्डीराज पौडेल, एम.के. ज्वालाका *भाँडभैलो भयो अति* कविताहरू र गजलहरूमा राजनीतिक अस्तव्यस्तता नेताबाट भएको भद्रगोल देशको सम्पूर्ण क्षेत्रमा देखिएको नकारात्मक परिवेशले कुनै नियम र कानुन, कुनै निश्चित बाटोमा देश नगई भाँडभैलोको मूलथलो बन्न गएको भाव पाइन्छ । खनाल रेवतीरमण, इन्द्रलाल श्रेष्ठ ‘अद्वितीय’, इन्द्र रेग्मी, कृष्णप्रसाद कोइरालाका *कैले होला भेट हाम्रो संविधानको मितिसित* कविताहरूमा संविधानको मिति सरेकोसऱ्यै गरी संविधान आउने अनिश्चितजस्तै भएपछि संविधानको प्रतीक्षामा रहेका लाखौँ जनमानसको भावनास्वरूप नेताहरूलाई प्रश्न गरी छिटो संविधान ल्याउन आग्रह गरिएको पाइन्छ । गणेशप्रसाद शर्माको *कुरा नमिलेपछि* कवितामा कविले कुरा नमिल्दा विभिन्न ठाउँमा असर त सामान्य हो तर राजनीतिक दलका नेताहरूको कुरा नमिल्दा देशै नरहला भन्ने चिन्ता व्यक्त गर्दै व्यङ्ग्य प्रदान गरेका छन् । आमाले आफ्नो गर्भबाट प्यारो नानीलाई जन्म दिँदा उसले सम्पूर्ण पीडालाई बिर्सिएर आफ्नो सृष्टिलाई जोगाउन सङ्घर्ष गरिरहने भाव सरिता तिवारीको *मेरो प्यारो नानीलाई* कवितामा दर्साइएको पाइन्छ । विष्णु तिवारी ‘उषा’ को *कठै ती पुतलीहरू* कवितामा क्षणिक उज्यालोका लागि आफ्नो ज्यान गुमाउनु पर्ने नियतिको चित्रण गर्दै प्राकृतिक सौन्दर्यका खानी पुतलीहरूलाई कृत्रिमताले नछोएको भाव देखिन्छ । सहर र गाउँबीचको तुलना गर्दै सहरमा बसेकोमा दु:ख बोध, पीडा भएको र गाउँमा बस्न नपाएकोमा चिन्ता व्यक्त गर्दै सुमनराज श्रेष्ठको *कविता*मा गाउँतर्फ आकर्षित मनको चित्रण गरिएको पाइन्छ । नवराज ढुङ्गानाको *गोठालो, साँढे र वस्तुभाउहरू* कवितामा कविले छाडातन्त्र, मनपरी व्यवहारले साँढे बनेको जनप्रतिनिधिहरू एकआपसमा लड्नबाहेक अरू काम नभएकाले वस्तुभाउसँगै तुलना गरिएका जनता दिक्क भएको व्यङ्ग्यभाव प्रकट गरेका छन् । कृष्णप्रसाद पोखरेलको *गाउँखाने कविता*मा गाउँखाने प्रश्न र उत्तर दिइएको नयाँ कविताको ढाँचाका रूपमा समसामयिक विषयवस्तु रहेको पाइन्छ । रहर मानिसको उमेरसँगै हुर्केर मृत्यु नजिक पुग्दासम्म रहिरहने

यथार्थताको चित्रण मीना रिमालको *रहर* कवितामा झल्किएको पाइन्छ । राधा कोइरालाको *शङ्खेकीराहरू* कवितामा देशका विनाशक तत्त्वलाई शङ्खेकीरासँग तुलना गर्दै यस्ता प्रवृत्तिले देश खोक्रो बन्दै गएको भाव पाइन्छ । दीपक सेतीको *नेपालको मायामा* कवितामा कविले देशभक्तिको भावना र राष्ट्रप्रेम प्रकट गरेका छन् । पूर्णबहादुर अधिकारीको *म रक्षक यो घरको* कवितामा म रक्षक हुँ भन्नेले नै देशको अस्तित्व समाप्त पार्ने खेल खेल्दैछन् भन्ने व्यङ्ग्यभाव प्रकट भएको पाइन्छ । प्रेमविनोद नन्दनको *गजल*मा जीवनवादी दृष्टिकोण पाइन्छ भने सामना पहाडको गजलमा नारी स्वतन्त्रताको अपेक्षा गरिएको पाइन्छ । जीवन पानीको *गजल*मा मान्छेका अनेक स्वभाव र प्रवृत्तिको चित्रण पाइन्छ भने रामकृष्ण पौडेल 'अनयास' को *गजल*मा कुर्ची र भत्ताको लोभमा लठ्िएको राजनैतिक नेतृत्वप्रति व्यङ्ग्य गरिएको पाइन्छ । विमला चन्द 'सानु' को गजलमा विकासको बाटोमा लम्किदै जान शुभेच्छा व्यक्त गरिएको पाइन्छ भने हुसैन खाँको गजलमा देशको अगाडि आइपरेको चुनौतीहरूको चित्रण गरिएको पाइन्छ । शान्ति शर्माको *गजल*मा छोरीलाई विवाह गरी अन्त पठाउने प्रचलनप्रति आमासँग प्रश्न गरिएको भाव पाइन्छ । अरुण पौडेलको *मुक्तक*मा राष्ट्रप्रेमको भाव पाइन्छ भने गोर्खे साइँलोको गजलमा विसङ्गत जीवनको चित्रण पाइन्छ । डा. ईश्वरचन्द्र घिमिरेको *सहारा* कवितामा कोही कसैको पनि सहारा बन्न नसकेको यथार्थलाई प्रस्ट पारिएको देखिन्छ ।

## ३.१.३ अन्तर्वस्तु वा भावविधान

अन्तर्वस्तु कविताको वर्णनीय पक्ष हो । **वागीश्वरी** साहित्यिक पत्रिकामा रहेका प्रत्येक कविताहरूको अन्तर्वस्तु र भावविधानको चर्चा गर्नु सम्भव नदेखिएको कारणले गर्दा प्रमुख किताबहरूको अन्तर्वस्तु विश्लेषण गरिएको छ । यहाँ देशप्रेमको भावना, समर्पण, धार्मिक सहिष्णुता, प्रणयभाव, भविष्यप्रतिको मोह परिवर्तनतर्फ उन्मुख, संस्कार वर्णन, आत्मीयताको चित्रण, प्रेरणाको प्रेरकजस्ता विषयवस्तुहरूले क्रमशः स्थान पाएका छन् । यो अङ्कमा विशेषगरी कविताविधामा छन्दमा शार्दूलविक्रीडित, अनुष्टुप्, मन्दाक्रान्ता, शिखरिणी, पञ्चचामर, वसन्ततिलका र वंशस्थ छन्द देखिएका छन् । यसमा खासगरी केही विषयवस्तुहरूमा रहेका कवितालाई उल्लेख गर्न सकिन्छ ।

(क) राष्ट्रप्रेमको भावना

(ख) औपदेशिकता

(ग) जीवनप्रतिको वितृष्णा

(घ) युद्धको चित्रण

(ङ) शान्तिको चाहना

(च) अस्तित्वको खोजी

(छ) परिवर्तनको चाहना

(ज) संस्कृतिको चित्रण

**(क) राष्ट्रप्रेमको भावना**

**वागीश्वरी**को विभिन्न अङ्कमा राष्ट्रप्रेमको भावना रहेको कविता समावेश भएका छन् । जसले देशप्रेम र नेपाली हुनुको गौरव प्रस्तुत गरेको पाइन्छ ।

कतै मधेशको राग, कतै छ थर जातको
प्यारो कतै बन्यो भाषा, कतै छ धर्मवाद त्यो
सत्ताको स्वाद लिप्सामा, राष्ट्र गौरव छिन्न भो
यौटै हो मुटुको मर्म, स्वार्थले मात्र भिन्न भो ॥

- मित्रराज घिमिरे, *अखण्ड मेरो देश,* २१/१८, २०६७ ।

हाम्रो यात्रा अझ छ अधुरो छौं र हामी स्वतन्त्र
हामीमाथि छ नि दमन षड्यन्त्रको तन्त्रमन्त्र
दाउ हेर्दै वर र परको हाउ गर्दै छ म्याऊँ
अङ्गै भङ्गै गरन यसको देशभक्ति जोगाऊँ ॥

- पद्मपाणि विरक्ति, *देशभक्ति जोगाऊँ,* २०६७ ।

गायत्री मन्त्र जप्दछु नेपाल बाँचोस् है भनेर
म कर्म गर्छु नेपाली माटो हाँसोस् है भनेर
कविता लेख्दा काली र मेची देख्दछु तस्विर
नेपालको जन्म नेपालमा मर्छु म पनि आखिर

- दीपक सोती, *नेपालको मायामा,* २०६८ ।

**(ख) औपदेशिकता**

हे गोर्खा ! तिमि आदि जन्मभुमि हौ नेपालको काखमा
हौ रे शान्त तपोभुमी मनुजका संसारको माझमा ।
हे गोर्खा ! तिमि भाग्य भूमि पनि हौ नेपालिका खातिर
तिम्रैबाट बस्यो विशाल जग यो नेपालको सुन्दर ॥

- राजकृष्ण कँडेल, *गोर्खा,* २०५७ ।

**(ग) जीवनप्रतिको वितृष्णा**

चितामाथी चल्दै छ यो लाश भनि सुनाइदिनु
टुक्राइदियौ मुटु अनि आश भनि सुनाइदिनु

- प्रवीण ज्ञवाली, *गजल,* २०६७ ।

सिसाकलमले कोरिएको धर्काजस्तो लाग्छ
जिन्दगी ऊनै नकात्ने चर्खाजस्तो लाग्छ ॥
खै के फुलाउने हो यहाँ
जिन्दगी मरुभूमिको गर्खाजस्तो लाग्छ ॥

- गोपाल पौडेल, *गजल,* २०५३

**(घ) युद्धको चित्रण**

हत्या, हिंसा, दुष्टता मार्ग रोज्छ
आफ्नो मात्र होस् भलो यति सोच्छ
स्वार्थी, दम्भी दानवी, खेल्छ खेल
मान्छेजस्तो छैन मान्छे अचेल ॥

- गोविन्दराज विनोदी, *मान्छे अचेल,* २०६७ ।

**(ङ) शान्तिको चाहना**

हँसाउला को मुहार माताको गरी त्याग समर्पण
ल्याउला को सब भाइ एक ठाउँ हेरी राष्ट्र दर्पण ।

- कृष्णहरि देवकोटा, *आउला को ?*, २०६३ ।

**(च) अस्तित्वको खोजी**

कसरी बिर्सन सकिन्छ विभत्सताहरूलाई
लेखाइएका इतिहासमाथि, अब गर्व गर्न छोडे हुन्छ
देशान्तरका धर्काहरूमा होइन
भूगोलको सीमा नाघेर, मनका मसिना तारहरूबीच
'राष्ट्रियता' मूर्च्छनामा बाँचिरहेछ
मलाई मेरो राष्ट्रको माया गर्न देऊ ।

- प्रभातकुमार जोशी, *मलाई माया गर्न देऊ*, २०५७ ।

**(छ) परिवर्तनको चाहना**

हे नेपाली नवयुवक हो दिपको ज्योति छर्दै ।
भोका-नाङ्गा दलितहरूका वेदनालाई चिर्दै ॥
बाटो खन्दै अघि बढ तिमी दृढ सङ्कल्प लेउ
नेपाली हो ! हिम शिखरको मोती भै चम्किदेऊ ॥

- प्रकाश चापागाईं, *मोती भै चम्किदेऊ*, २०४७ ।

**(ज) संस्कृतिको चित्रण**

गाग्रीभरी ल्याउँथ्यौ तिमी पँधेरीको पानी
पाहुना पाछ्रा रिझाउन सेवा गर्ने बानी
गुन्यु चोलो लगाएर गाउँबेसी गर्ने
तिम्रो छवि यसै लुक्यो अब कसो गर्ने ?

- तीर्थराज कोइराला, *धरतीको छोरी*, २०५३

## ३.१.४ सारांश

यस प्रकार **वागीश्वरी**को अङ्क १ देखि १९ सम्मका कविताहरूको विश्लेषण गर्दा प्रकाशित कवितामा धेरै प्रकारका भाव अभिव्यक्त भएको पाइन्छ । गीत/गजलमा प्राय: जिन्दगीका गीतहरू, प्रणयको उत्कर्ष, प्रणयवेदना तथा प्रणयमूलक भावहरू व्यक्त छन् । कतिपय कवितामा युद्धको सजीव चित्रण गरिएको छ भने केही कविताहरूमा व्यक्तिगत स्वार्थभन्दा माथि उठेर सत्तामोह त्यागी देशको बारेमा चिन्तन गर्नुपर्ने भाव व्यक्त गरिएको छ । हत्या, हिंसालाई त्यागेर शान्तिको कामना गरिएका र जनताका अधिकारहरू सुरक्षित हुनुपर्ने भावहरू धेरैजसो गीत, गजल, कवितामा व्यक्त छन् । यसरी **वागीश्वरी** पत्रिकामा प्रकाशित कवितामा विविध भावको अभिव्यक्ति पाइन्छ ।

कविताको भावना, अनुभूति, चिन्तन, संवेग आदिलाई अभिव्यक्त गर्ने सूक्ष्म प्रक्रियालाई दृष्टिबिन्दु भनिन्छ ।[५] प्रथम पुरुष दृष्टिबिन्दु र तृतीय पुरुष दृष्टिबिन्दु गरी दुई किसिमका दृष्टिबिन्दु रहेका छन् । **वागीश्वरी**मा पनि यी दुवै दृष्टिबिन्दु प्रयोग गरेर कविता, गीत, गजलहरूको रचना भएका छन् ।

---

५ खगेन्द्रप्रसाद लुइटेल र अन्य, **नेपाली कवि र कविता**, (काठमाडौं : विभूऋभू प्रकाशन, २०५८), पृ. ८ ।

# चौथो परिच्छेद

# 'वागीश्वरी' पत्रिकामा प्रकाशित गद्यविधा र अन्यको योगदानको सङ्क्षिप्त अध्ययन

## ४.१ 'वागीश्वरी' पत्रिकामा प्रकाशित कथा/लघुकथा

### ४.१.१ विषयप्रवेश

साहित्यका विभिन्न विधामध्ये कथा विधा आख्यान विधाअन्तर्गत पर्दछ । नेपाली कथाले वि.सं. १९९१ देखि यता वर्तमान समयसम्म झण्डै सातदशक लामो अवधिभित्र आफ्नो विधागत स्वरूप ग्रहण गर्दै गएको देखिन्छ ।[१] सर्वप्रथम कथाको परिभाषा एड्गर एलेन पोले दिएका छन् उनका अनुरूप 'कथा भनेको एउटा यस्तो कथात्मक कृति हो, जुन छोटो बसाइँमा पढेर सिध्याउन सकिन्छ । पाठकमा एउटा प्रभाव जन्माउनका निमित्त यो लेखिन्छ र यसरी प्रभाव जन्माउन बाधा गर्ने सबै कुराहरू यसमा रहँदैन । यो आफैमा पूर्ण हुन्छ'[२] भनेका छन् । लक्ष्मीप्रसाद देवकोटाको कथाको परिभाषाअनुसार - 'छोटो किस्सा एउटा सानो आँखीझ्याल हो, जहाँबाट एउटा सानो संसार चिहाइन्छ ... थोरैमा मीठो र भरिलो हुनु छोटो किस्साको बान्की हो ... यो जत्तिको समाजसुधारक र मनुष्यउपर प्रभावकारी कुरा अरू छँदै छैन कि जस्तो लाग्छ । यसैमा सबै रस निकाल्न सकिन्छ ... यसमा काल छ ... यसको ढङ्ग नाटकीय हुन्छ ... चट्ट जीवनलाई एक हृदयमा छुन्छ'[३] भनेका छन् । नेपाली साहित्यले आधुनिक कालमा प्रवेश गरेपछि **शारदा, सुन्दरी, माधवी, गोरखा संसार, गोरखापत्र**जस्ता थुप्रै पत्रिकाले साहित्यको समृद्धिमा विशेष योगदान पुऱ्याउँदै आएका छन् । ती पत्रपत्रिकामध्ये २०४६ सालदेखि प्रकाशित **वागीश्वरी** पत्रिका पनि एक हो । **वागीश्वरी** पत्रिकामा २ देखि १९ औँ अङ्कसम्मका प्रकाशित कथा/लघुकथा रहेका छन् । यहाँ कथाकारदेखि नवसर्जकहरूलाई

---

१ केशवराज उपाध्याय, **साहित्य प्रकाशन**, (काठमाडौँ : साझा प्रकाशन, २०३४), पृ. १३१ ।

२ दयाराम श्रेष्ठ, **नेपाली कथा,** भाग ३, (ललितपुर : साझा प्रकाशन, २०५७), पृ. ७ ।

३ ऐजन ।

समेत स्थान दिइएको पाइन्छ । प्राय: कथाहरूमा आदि, मध्य र अन्त्यको शृङ्खला मिलेको र समाजमा घट्ने घटनाहरूलाई विषयवस्तु बनाएर लेखिएका कथाहरू यहाँ उल्लेख गरिएका पाइन्छन् ।

### ४.१.२ 'वागीश्वरी' वर्ष ६, अङ्क २ देखि वर्ष २२ अङ्क १९ सम्ममा प्रकाशित कथा/लघुकथाको विश्लेषण

**वागीश्वरी** वर्ष ६, अङ्क २ मा पाँचजना कथाकारका कथाहरू समावेश भएका पाइन्छन् । २०५१ को यस अङ्कमा तीन लघुकथा र दुई कथा रहेको देखिन्छ । चेतनाथ अधिकारीको *के सरिता मरिन् ?* कथा यथार्थवादी कथाको कोटिमा राख्न सकिन्छ । समाजमा रहेर जीवन दु:ख र पीडादायी बनेपछि संसारबाट नै टाढा हुने हीनताबोधी मानसिकताबाट यस लघुकथाकी नायिका प्रभावित भएकी देखिन्छिन्, जसको फलस्वरूप आत्महत्यालाई स्वीकार्न पुगी कायरता प्रस्तुत गरिएको पाइन्छ । अधिकारीको यस लघुकथामा समाजको विसङ्गतिपूर्ण पक्षलाई उजागर गर्न खोजिएको देखिन्छ । अर्जुन अस्तफलको *नेता र मतदाता* लघुकथामा नेपाली समाजमा राजनैतिक नेताभन्दा मतदाताहरूमा राजनैतिक अटलता भेट्न सकिन्छ भन्ने व्यङ्ग्य भाव पाइन्छ । राजनैतिक स्वार्थ र व्यक्तिगत महत्त्वलाई बढवा दिई पार्टीको नियमविरुद्ध जाने अधिकांश नेतृत्वको खराब प्रवृत्तिलाई छर्लङ्ग पारिएको देखिन्छ । सरस्वती रिजालको *अपाङ्ग वर्षको उद्घाटन* लघुकथामा समाजमा देखिएको खराब आचरणलाई देखाउन खोजिएको पाइन्छ । मान्छेको द्वैध चरित्र र यसले पार्ने नकारात्मक प्रभावले समाजमा विकृतिलाई बढवा दिँदै गइरहेको सन्देश यस कथामा पाइन्छ । आफ्नो गाडीले ठक्कर दिएर अपाङ्ग बनेको बालकको वास्ता नगरी देखावटी र स्वार्थलाई महत्त्व दिँदै अपाङ्ग वर्षको उद्घाटनमा सरिक हुन लालायित मन्त्री दम्पत्तिको चरित्रको यथार्थ चित्रण गरिएको देखिन्छ । हरिहर पौडेलको *मनोनयन* कथामा समाजको यथार्थ चित्रण भेटिन्छ । राजनीतिमा आफ्नो सम्पूर्ण समय समर्पित गरेका राजनैतिक नेतालाई गरिएको अपमानपूर्ण व्यवहारलाई प्रस्ट पारिएको छ । मान्छेको भावना सम्मानलाई कुल्चिएर हिँड्ने प्रवृत्तिप्रति आक्रोश व्यक्त गरिएको पाइन्छ । आफ्नो स्वार्थ पूरा भएपछि त्यस व्यक्तिको कुनै खाँचो नभएको र त्यस मान्छेलाई बेकार सामानको रूपमा सोच्ने समाजको नेतृत्ववर्गको मानसिकतालाई प्रस्ट पारिएको देखिन्छ । हरिहर खनालको *सिट छैन/सिट छ* कथामा यात्राका क्रममा घट्ने घटनाको विवरण प्रस्तुत गरिएको पाइन्छ । नारायणगढदेखि काठमाडौँसम्मको बस यात्रामा कथाको नायकमा देखिएको मानसिक उतारचढावलाई देखाउन खोजिएको देखिन्छ ।

वर्ष ७, अङ्क ३ मा दुईजना कथाकारका कथाहरू समावेश भएको पाइन्छ । सरस्वती रिजालको *अनिर्णित मृत्यु* कथामा समसामयिकताका विषयवस्तु रहेका छन् । २०४६ को चुनावी

समयमा कुनै पनि दल वा राजनीतिक पार्टीमा सम्बद्ध नभएको सोझो, असल र स्वतन्त्र व्यक्तिको लाश बेवारिसे अवस्थामा खोलामा भेटिएको घटनाबाट यस कथा सुरु भएको छ । उक्त व्यक्ति मर्नुभन्दा पनि मारिनुको तर्क पोस्टमार्टम रिपोर्टले दिएपछि कुन राजनैतिक पार्टीको हो भन्ने विचार सुरु भएको व्यङ्ग्य भाव पनि यस कथामा रहेको पाइन्छ । कुनै पक्षको नभएकाले नै उसको मृत्यु विवादास्पद भएको र त्यस व्यक्तिको जीवन निरर्थक बनेको दृष्टिकोण यस कथामा भेटिएको छ । हरिहर पौडेलको *प्रतीक्षा* कथा समसामयिक विषयवस्तुमा केन्द्रित रहेको पाइन्छ । यस कथामा पृथ्वीका सम्पूर्ण मानिस केही कुराको प्रतीक्षामा नै आफ्नो जीवन बिताउँछ भन्ने भाव प्रकट भएको पाइन्छ ।

वर्ष ८, अङ्क ४ मा तीनजना कथाकारका कथाहरू समावेश भएको देखिन्छ । डा. सूर्यमणि अधिकारीको *आत्मअवतार* कथामा पारिवारिक विषयवस्तु पाइन्छ । घरमा पत्नी र छोरा हुँदाहुँदै अर्को विवाह गर्ने पति र सौतने भए पनि छोरीले देखाएको सहानुभूतिमा यस कथा केन्द्रित छ । छोरी जुलीको प्रयासबाट अवहेलनामा दाजु र आमाले पाएको मानसम्मानले जुलीको सशक्त नेतृत्वलाई मूल्याङ्कन गरिएको पाइन्छ । कुनै लक्ष्य लिएर आदर्श जीवन बिताउन खोज्दा लक्ष्यमा नपुगी बीचमै थलिएको कथावस्तुमा व्यङ्ग्यको भाव पनि नपाइने होइन । एम.पी. मनोहरको *माया* कथामा पौराणिक विषयवस्तुको सन्दर्भ ल्याई संसारमा कसैले कसैलाई आफू मिटेर माया गर्दैन भन्ने सन्देश दिन खोजिएको पाइन्छ ।

वर्ष ९, अङ्क ५ मा तीनजना कथाकारका कथाहरू समावेश भएको पाइन्छ, जसमा डा. सूर्यमणि अधिकारीको *बगैँचा* कथा रहेको छ । यस कथामा बेरोजगार समस्याले आक्रान्त बनेको शिक्षितवर्गको समस्यालाई उजागर गर्दै आफ्नै गाउँको सानो ठाउँबाट रोजगारको समस्यालाई निवारण गर्न सकिन्छ भन्ने सन्देश पाइन्छ । सिर्जन अविरलको *अभिशप्त* कथामा गाउँको नाम चलेका व्यक्तिबाट त्यहाँमा बस्ने गरिब मानिसहरूले सहनुपरेको अन्याय र अत्याचारको पराकाष्ठा पाइन्छ । यस कथाको पात्र शङ्करले आफ्नो जीवनमा आइपरेका समस्याबाट सहनुपरेको पीडालाई प्रस्तुत गरिएको पाइन्छ । एल.बी. क्षेत्रीको *बाजे फर्केनन्* कथामा समसामयिक पारिवारिक घटना प्रस्तुत गरिएको देखिन्छ । यस कथाका पात्र बाजे आफ्नो अपाङ्ग छोराको औषधि-उपचार गर्ने विचार गर्दा उनी नै यस संसारलाई छाडेर जान पुगे ।

वर्ष १०, अङ्क ६ मा चारजना कथाकारका कथाहरू समावेश भएका छन् । डा. सूर्यमणि अधिकारीको *काकी* कथामा अरूलाई समस्या पर्दा सुझाव दिन सजिलो हुन्छ तर त्यही घटना वा समस्या आफूमा पर्दा ज्यान पनि गुमाउनुपर्छ भन्ने दृष्टिकोण प्रस्तुत भएको पाइन्छ । गणेशप्रसाद शर्माको *स्तरीयता* कथामा व्यङ्ग्यभाव पाइन्छ । अतिथिको सत्कारबाट नै साहित्यिक कार्यक्रमको स्तरीयता बढ्ने वा घट्ने हुन्छ भन्ने व्यङ्ग्य यस कथामा भेटिन्छ । दुवै पक्षको अभिमान र शत्रुताको कारण युद्धको चपेटामा पिल्सिन पुगेका जनताको दुःखद

मनस्थितिलाई एल.बी. क्षेत्रीको *युद्धपीडन* कथामा देखाइएको पाइन्छ । सुरेन्द्र अस्तफलको *उसकी आमा* कथामा आफ्नो पति र छोरालाई लत्याएर पूर्वप्रेमीको अँगालोमा बाँधिन पुगेकी कठोर आमाको मानसिकतालाई प्रस्तुत गरिएको पाइन्छ । समाजमा देखिएको विकृतिलाई यस कथाबाट देखाउन खोजिएको छ ।

वर्ष ११, अङ्क ७ (२०५६) मा चारजना कथाकारको उत्कृष्ट कथाहरू समावेश भएको पाइन्छ । डा. सूर्यमणि अधिकारीको *बैसाखी* कथामा अध्ययन गर्न टाढा पुगेका छोराछोरीप्रति आमाबाबुको र आमाबाबुप्रति छोराछोरीको अगाध माया, पीर, चिन्तालाई यस कथामा देखाइएको छ । गोप्य रूपमा विवाह गरी बीचैमा छोडेर जाने बाबुको छोरा र पत्नीले गर्नुपरेको लामो प्रतीक्षा र आमाले आफ्नो छोरोलाई लायक बनाएको प्रसङ्ग एल.बी. क्षेत्रीको *अनन्त प्रतीक्षा* कथामा पाइन्छ । रमेश प्रभातको *सम्मान* कथामा जीवनभर शिक्षा दिएर विभिन्न विद्यार्थीलाई डाक्टर, इन्जिनियर बनाउने शिक्षकको नै पैसाको अभावले उपचार गर्न नपाई मर्नुपरेको यथार्थलाई व्यक्त गरिएको पाइन्छ । सरस्वती रिजालको *प्रतिबद्ध* कथामा महिला अधिकारका लागि भाषण गर्ने वा नेतृत्व गर्ने महिला नै महिलाको विरोधी भएको व्यङ्ग्य पाइन्छ ।

वर्ष १२, अङ्क ८ (२०५७) मा एकजना कथाकारको कथा रहेको पाइन्छ । जीवनराज वाग्लेको *आइमाईको जात* कथामा आइमाईको विभिन्न स्वभावको चित्रण गर्दै आइमाई जातिको भूमिका र स्थानका बारेमा चर्चा गरिएको पाइन्छ ।

वर्ष १५, अङ्क ११ (२०६०) मा पाँचजना कथाकारको कथाहरू समावेश भएका छन् । सरस्वती रिजालको *महत्त्वाकाङ्क्षाको अन्त्य* कथामा बढी महत्त्वाकाङ्क्षी बनेमा एकदिन त्यसैबाट आफ्नो अन्त्य हुने सन्देश पाइन्छ । समाजको विसङ्गत पक्षलाई उजागर गर्दै महिलाको जीवन कति रहस्यमय छ भन्ने विचार सिर्जन अविरलको *रहस्य* कथामा पाइन्छ । गणेशप्रसाद शर्माको *जीवन* कथामा जीवनलाई राम्रोसँग बुझ्न नसक्दा र खराब सङ्गतको लत लाग्दा आफ्नो जीवनलाई गुमाउन परेको यथार्थता व्यक्तिएको पाइन्छ । धनराज गिरीको *अवतार* कथामा अर्कालाई दु:ख र पीडा दिन चाहने यस कथाको पात्र रूपबहादुर पछि आफू आफ्नो साथी भद्रनारायणबाट अपमानित भएपछि आफ्ना नराम्रा आचरणको पीडाले अन्त हुन पुग्दछ । यही कथावस्तुमा सामाजिक यथार्थता पाउन सकिन्छ । युद्धको पीडाबाट जन्मिएको सन्त्रासलाई नृत्यको माध्यमबाट देखाउन थालेपछि यस्तो नृत्य नदेखाउन आग्रह गरिएको छ र युद्धको सन्त्रासलाई शान्तिमा परिणत गर्न आवाज उठाइएको कथावस्तु सीताराम कोइरालाको *शङ्का* कथामा भेटिन्छ ।

वर्ष १८, अङ्क १४ (२०६३) मा एकजना कथाकारको कथा रहेको छ । शिवहरि अधिकारीको *दसैं* कथामा विभिन्न समस्याले घर आमाको हातको टीका थाप्न जान नसकेको,

छोराको प्रतीक्षामा अबेरसम्म छोरा आउँछ कि भनी प्रतीक्षा गरेकी आमाको मनोदशालाई चित्रण गरिएको पाइन्छ ।

वर्ष १८, अङ्क १५ (२०६४) मा दुईजना कथाकारका कथाहरू समावेश गरिएको पाइन्छ । शिवहरि अधिकारीको *सपेराको अवसान* कथामा प्रगतिको बाटोमा लम्कन दिइएको प्रेरणा र साथलाई लक्ष्यमा पुगिसकेपछि बिर्सिएको यथार्थ चित्रण पाइन्छ । राजनैतिक पार्टीमा लागेका व्यक्तिमा समय-समयमा देखिएको फरकपन र स्वार्थी आचरणप्रति सिर्जन अविरलको *समयान्तर* कथाले व्यङ्ग्य गरेको पाइन्छ ।

वर्ष १९, अङ्क १६ (२०६५) मा ६ जना कथाकारका कथाहरू समावेश भएका छन् । सरस्वती रिजालको *परिवर्तन* कथामा सधैँ पतिबाट दमन र पीडा सहेकी पत्नीमा आफ्नो पतिविरुद्ध आवाज उठाउन सक्ने अवस्थाको परिवर्तन आएको विचार प्रस्तुत गरिएको पाइन्छ । बुर्जुवा शिक्षाको नाममा हाम्रा संस्कृति र अक्षरहरूमा भएको आक्रमणको विषयवस्तु अमर न्यौपानेको *अक्षरहरूको आगो* कथामा पाइन्छ । हरिहर पौडेलको *साटफेर* सूत्रकथामा नेपालमा बढ्दै गएको विकृतिप्रति व्यङ्ग्य गरिएको पाइन्छ । रमा घिमिरेको *परिवर्तित मानसिकताले चल्न सिकौँ* कथामा एउटै परिवारमा छोरा र छोरीमा हुने भेदभाव र विवाहपछि छोरीलाई माइतमा बस्न हुने कष्टलाई परिवर्तन गर्ने इच्छा व्यक्त गरिएको पाइन्छ । उपेन्द्र रिजालको *कल्पनामा डुबुल्की मार्दा* कथामा सपनामा डुबेको कारण पाडी कराएको बेवास्ता गर्दा भैंसी फुत्केर रोप्नेबेलाको बीउ खाएको रमाइलो प्रसङ्ग पाइन्छ । पुष्पा पौडेलको *बुमेराङ* कथामा एउटा समस्याको निवारण गर्दा अर्को समस्या झन् जटिल भएको कथावस्तु पाइन्छ ।

वर्ष २१, अङ्क १८ (२०६७) मा दुईजना कथाकारको कथाहरू समावेश भएको पाइन्छ । उपेन्द्र रिजालको *पाटो एउटा जीवनको* कथामा समाजमा विद्यमान पुरुषतन्त्रको मिचाइ र हेपाइलाई यस कथाले प्रस्ट पारेको छ । सन्तानहीन महिलालाई समाजले मात्र होइन आफ्नो श्रीमान्ले कतिसम्मको दुर्व्यवहार गर्दछन् र महिलाको जीवन कति कष्टकर बन्दै गइरहेको छ भन्ने यथार्थ झलक *पाटो एउटा जीवनको* कथामा देख्न सकिन्छ । एल.बी. क्षेत्रीको *ओ नेपालवाले* कथामा हास्यव्यङ्ग्यको प्रबल प्रभाव छ । यात्राका क्रममा भएका घटनालाई आधार बनाएर कथा लेखिएको छ ।

वर्ष २२, अङ्क १९ (२०६८) मा तीनजना कथाकारका कथाहरू पाइन्छ । सरस्वती रिजालको *अर्को रङ्ग जिन्दगीको* कथामा सुखद दाम्पत्य जीवनको यात्रामा बिस्तारै बिरसिलो जीवनको भोगाइले दु:खी बनेकी अञ्जुको मानसिकतालाई देखाउन खोजेको पाइन्छ । युद्धको समयमा आफ्नी छोरीले बाबुसँग गरेका बन्दुक र अन्य हातहतियारको जानकारी देशको युद्धले जन्माएको वातावरणको उपज बनेको छ, धनराज गिरीको *एक काँटी सलाइ* कथा । सीताराम कोइरालाको *राजा साहेब* कथामा कुलको मर्यादाले आफ्नो जीवनलाई बर्बाद पार्दा पनि कुलको

मर्यादा र नियमलाई धानिराख्ने, बचाइराख्ने राजा साहेबको जीवन-चरित्रलाई प्रस्ट्याउन खोजेको पाइन्छ ।

### ४.१.३ सारांश

**वागीश्वरी**को १९ औँ अङ्कमा प्रकाशित कथा, लघुकथामा लोभ, भ्रष्टाचार गर्ने नेताहरूको प्रवृत्ति र निकृष्ट चरित्रप्रति व्यङ्ग्य गरिएको छ । कतै गरिबी र सोझा-साझा किसानको पीडालाई चित्रण गरिएको छ । नारी मनोविज्ञानको चित्रण, मानव मनोविज्ञानको विकृत अवस्था, समाजको विकृत अवस्था, समाजको खोक्रो आडम्बर र देखावटी प्रवृत्ति, कुसंस्कार, अन्धपरम्पराप्रति व्यङ्ग्य गरिएको छ ।

अनमेल, आक्रोश, निराशा, सामूहिक चेतनाको कमीमा द्वन्द्व, ईर्ष्या आदि समसामयिकतालाई समेटिएका कथाहरू यस पत्रिकामा रहेका छन् । दृष्टिबिन्दु पात्र कथामा प्रथम पुरुषको रूपमा रहँदा आन्तरिक दृष्टिबिन्दु र तृतीय पुरुषको रूपमा रहँदा बाह्य दृष्टिबिन्दु हुन्छ । आन्तरिक दृष्टिबिन्दुमा केन्द्रीय र परिधीय गरी दुई प्रकारका हुन्छन् भने बाह्य दृष्टिबिन्दुमा सर्वदर्शी, सीमित र वस्तुपरक गरी तीन प्रकारका हुन्छन् ।[४] **वागीश्वरी** पत्रिकामा पनि यी दुवै दृष्टिबिन्दु प्रयोग गरेर कथाहरू रचना भएका छन् ।

## ४.२ 'वागीश्वरी' पत्रिकामा प्रकाशित लेख/निबन्ध/संस्मरणहरू/ विचार

### ४.२.१ विषयप्रवेश

'निबन्ध' संस्कृत व्याकरणको प्रक्रियामा 'नि' उपसर्ग लागेको 'बन्ध' धातुमा 'धगन्' प्रत्यय लागेर बनेको व्युत्पन्न शब्द हो । यसको अर्थ हुन्छ - निःशेष । हिसाबले बाँध्ने काम गर्नु अर्थात् भाव वा विचारका विकिर्ण कार्यहरूलाई अभिव्यक्तिका आयतनमा सङ्गृहीत गर्नु र निजात्मक अभिव्यक्ति दिनु ।[५] यसरी निबन्ध शब्द संस्कृत व्याकरणमा तयार भए पनि निबन्ध विधाको लेखन संस्कृत साहित्यको ऐतिहासिक कालखण्डमा हुन सकेको छैन । पाश्चात्य साहित्यमा फ्रान्सेली स्रष्टा तथा निबन्धकार भिचेल डि. मोन्टेनले सोह्रौँ शताब्दीमा पहिलोपटक निबन्ध सिर्जना गर्ने काम गरे । यस सिर्जनालाई ग्रिसेली शब्द भण्डारको एसाइज शब्दले सम्बोधन गरियो । यस शब्दको अर्थ अङ्ग्रेजीमा Essay र नेपालीमा निबन्ध हुन्छ । यसको

---

४ दयाराम श्रेष्ठ, **नेपाली कथा,** भाग ३, पूर्ववत् ।

५ राजेन्द्र सुवेदी, **स्नोतकोत्तर नेपाली निबन्ध**, भाग ३, (काठमाडौं : पाठ्यसामग्री पसल, २०६३), पृ. १ ।

परिभाषित अर्थ अङ्ग्रेजीमा प्रयत्न भन्ने हुन्छ भने नेपालीमा जमर्को भन्ने हुन्छ ।[६] अङ्ग्रेजी निबन्धकार बेकनको निबन्धको परिभाषाअनुसार निबन्धलाई छरिएको चिन्तन हो भनेका छन् भने विषयवस्तुमा केन्द्रित, पराक्रम एवम् ठोस विद्यतायुक्त निबन्ध हुनुपर्ने कुरामा प्रतिबद्ध देखिएका छन् ।[७] नेपाली निबन्धकार लक्ष्मीप्रसाद देवकोटाको परिभाषाअनुसार 'यो रौँचिरा दर्शन होइन, न हो पण्डित्य दर्शनको ढ्यास फू । यसमा गृहीत विषयलाई सर्वदृष्टिकोण र समीक्षणको जरुरत छैन । यो एक किसिमको धूर्त-बदमास ठिटो हो, जो सडकमा हिँड्दा कहिले ढुङ्गो हुन्छ, कतैकतै आनन्दले खुलेर हेर्छ तर घोरिँदैन । त्यो (निबन्ध) केवल गफ मात्र हो, शास्त्र होइन । यो एउटा फुर्सदको मनोरञ्जन हो । ... यहाँ एउटा रसिलो-हँसिलो गफाडी, चुट्किलो कुराकानी छ, जसको नाम प्रबन्ध (निबन्ध) हो ।'[८] निबन्धको वर्गीकरण आत्मपरक र वस्तुपरक गरी दुई प्रकारले गरिएको छ । आत्मपरकअन्तर्गत विचारात्मक, भावात्मक, वैयक्तिक र वस्तुपरकअन्तर्गत निबन्धलाई वर्णनात्मक र विवरणात्मक गरी छुट्याइएको छ । वर्णनात्मकअन्तर्गत प्रलेख, लेख, जीवनी, यात्रा-विवरण, शोधलेख, शोत्रप्रबन्ध, भूमिका गरी प्रशाखा देखाइएको छ । निबन्धमा विषयको बन्धन नरहने हुँदा लेखकले जुनसुकै विधालाई टिपेर पनि त्यसप्रतिको आत्म प्रतिपादनको एउटा सशक्त माध्यम रहिआएको निबन्ध साहित्यको पुरानो र प्रमुख विधा हो ।[९] यस विधाको विकासमा विभिन्न पत्रपत्रिकाहरूले महत्त्वपूर्ण भूमिका निभाउँदै आएका छन् । तीमध्ये **वागीश्वरी** पत्रिकाले पनि उल्लेखनीय योगदान पुऱ्याएको छ ।

**वागीश्वरी** पत्रिकाको विधागत योगदानमा कवितापछिको दोस्रो स्थान निबन्धले ओगटेको छ । यहाँ लेख, निबन्ध, संस्मरण, समीक्षा र विचारहरूलाई एउटै कोटिमा राखेर प्रकाशित गरिएको छ । यस पत्रिकामा आत्मपरक र वस्तुपरक सबै खालका निबन्धहरू प्रकाशित भएका छन् । लेखकका निजी विचारहरूले पनि निबन्धमा स्थान पाएका छन् ।

## ४.२.२ 'वागीश्वरी' अङ्क १ देखि १९ औँ अङ्कसम्ममा प्रकाशित लेख/निबन्ध/संस्मरण/विचारको विश्लेषण

**वागीश्वरी**को पहिलो अङ्क कविता विशेषाङ्क रहेको हुँदा दोस्रो अङ्कबाट लेख/निबन्धको विश्लेषण गरिएको पाइन्छ । **वागीश्वरी** वर्ष ६, अङ्क २ (२०५१) मा तीनजना लेखकको लेख समावेश भएको देखिन्छ । डा. सूर्यमणि अधिकारीले *ऐतिहासिक तीर्थस्थल वागीश्वरी* लेखमा प्रसिद्ध तीर्थस्थल वा मन्दिरको रूपमा वागीश्वरीको धेरै ठूलो महत्त्व रहेको

---

६ ऐजन ।

७ ऐजन ।

८ ऐजन ।

९ ऐजन ।

कुरा प्रस्ट्याइएको छ । केदारनाथ खनालको *भाषिक विविधताको वेणी चितवन* लेखमा विभिन्न समुदायबाट चितवनको उर्वरफाँटमा आई बसोबास गर्ने विभिन्न भाषिक समुदाय र भाषिकाहरूको सम्मिश्रण र अन्तर्क्रियापछि त्यसले मौलिक स्वरूपको पनि सिर्जना गर्दैछ भन्ने जानकारी दिन खोजिएको पाइन्छ । नारायणप्रसाद खनालको *पक्लिहवा स्थान नामको नालीबेली : निर्वचनका आधारमा* लेखमा रूपन्देही जिल्ला सिद्धार्थनगर नगरपालिकास्थित पक्लिहवा भन्ने गाउँको नामकरण कतिबेला केका आधारमा भयो भन्ने कुराको खोजी र विश्लेषण निर्वचनका आधारमा गरिएको प्रसङ्ग आएको छ ।

**वागीश्वरी** वर्ष ७, अङ्क ३ (२०५१) मा सातजना लेखक तथा निबन्धकारका सिर्जना समावेश भएको पाइन्छ । लक्ष्मणप्रसाद गौतमको *चितवनको वर्तमान साहित्ययात्रा : प्रवृत्तिगत केन्द्रीयतामा सङ्क्षिप्त दिग्दर्शन* लेखमा वर्तमान अवस्थामा साहित्यका विभिन्न विधा, जस्तै : कविता, कथा, निबन्ध, नाट्यविधातर्फ कस्ता प्रवृत्ति र प्रयोग देखिएको छ, त्यसलाई पाठकसामु छर्लङ्ग पारिएको पाइन्छ । नारायणप्रसाद खनालको *जीवनशैली हो सगरमाथा* निबन्धमा निबन्धकारले देखावटी रूपमा नेपालीपनको नक्कल गर्दै आएका नेपालीमा सगरमाथा फेसन बनेको तर जीवनशैली नबनेको प्रसङ्ग उल्लेख गर्दै आफ्नो जीवनमा सगरमाथा जीवनशैली बनेको भाव व्यक्त गरेको पाइन्छ । मणिराज शर्माको *चितवनमा बोलिने गुरुङ भाषा एवम् यसका क्षेत्रीय प्रवृत्तिको सङ्क्षिप्त अध्ययन* भाषिक लेखमा गुरुङ भाषाको परिचय दिँदै चितवनमा बोलिने गुरुङ भाषामा यसका क्षेत्रीय प्रवृत्तिको मिश्रण कसरी भएको छ, त्यो कुरा प्रस्ट्याएको पाइन्छ । लोकगीतको सैद्धान्तिक पक्षको परिचय दिँदै पश्चिमी चितवनमा प्रचलित लोकसुसेलीहरू उल्लेख सिद्धार्थको *पश्चिमी चितवनका केही लोकसुसेलीहरू* लेखमा गरिएको पाइन्छ । दीनबन्धु अर्यालको *शिक्षा नीतिबारे* लेखमा शिक्षाले भौतिक र आध्यात्मिक उन्नतिमा काम दिएको र सहकारी भावनाको विकास गराएको तथ्य पाउन सकिन्छ । रामबाबु घिमिरेको *अमर बनेका मृत क्षणहरू* संस्मरणात्मक लेखमा नारायण गोपालका स्वरले गुञ्जिएका गीतहरूको स्मरण गरिएको भाव पाइन्छ ।

**वागीश्वरी** वर्ष ८, अङ्क ४ (२०५३) मा दसजना लेखकको लेखहरू प्रकाशित भएको पाइन्छ । कपिल अज्ञातको *कविता सिर्जन प्रक्रिया : एक सङ्क्षिप्त चिन्तन* लेखमा कविता सिर्जनाका लागि आवश्यक पर्ने वातावरणको बारेमा चिन्तन गरिएको पाइन्छ । गङ्गाराम श्रेष्ठको *आत्म-चिन्तन* लेखमा हरेक व्यक्तिले आत्मालाई चिनेर आत्म-चिन्तन गर्नाले मान्छेको जीवन सार्थक रहने भाव पाइन्छ । रामबाबु घिमिरेको *अप्रासाङ्गिक कुराहरू* निबन्धमा पवित्र तीर्थस्थल त्रिवेणीधामको चर्चा गर्दै त्यस ठाउँमा जाँदा वैराग्यको अनुभूति भएको कुरा चर्चा गरेको पाइन्छ । नारायणप्रसाद खनालको *कञ्चनजङ्घा : केही संस्कृति केही विकृति* निबन्धमा कञ्चनजङ्घा हिमाललाई स्त्रीकरण गरी यसप्रति मानिसको सकारात्मक र नकारात्मक सोच प्रस्तुत गरी व्यङ्ग्य गरिएको पाइन्छ । हाम्रो भाषा र संस्कृति लोप हुने अवस्थाबाट चिन्तित

भरत रेग्मीको *इच्छा* निबन्धमा सन्ध्यालाई परिवर्तनको बाहकको रूपमा आउन आग्रह गरिएको पाइन्छ । रमेश गोर्खालीको *उहिले-अहिले र पछि-पछिसम्म* निबन्ध हाम्रो समाजमा बढेको हिंसा र तिक्तता कम हुने नभई पछिसम्म कायम रहने र यसले सबैको जीवनलाई बिरसिलो बनाउने दृष्टिकोण पाइन्छ । विष्णुप्रसाद सापकोटाको *चरीको आउँदैन दूध दु:खीको हुँदैन घरबार* लेखमा जटिलताको जीवनयापन गरिरहेका गरिब जनताका लागि देश विकासका नारा केवल चरीको दूध भएको छ भन्ने गाइनेद्वारा गाइएको गीतको प्रसङ्ग देखाइएको पाइन्छ । मणिराम शर्माको *गुरुङ भाषाको पारिवारिक वर्गीकरण एक अध्ययन* लेखमा गुरुङ भाषाको पारिवारिक वर्गीकरणलाई स्पष्ट खाकामा देखाइएको पाइन्छ । केदारनाथ खनालको *दोस्रो भाषाको रूपमा नेपाली शिक्षण* भाषा शिक्षण लेखमा मातृभाषाको सिकाइपछि दोस्रो भाषाको रूपमा नेपाली भाषालाई शिक्षण गर्दा देखिने विभिन्न समस्या र तिनको निवारणको जानकारी पाइन्छ । कुलप्रसाद ढुङ्गानाको *कविता के हो ?* लेखमा कवितालाई एउटै परिभाषाबाट व्यक्त गर्नसक्ने परिस्थिति नभएको र विभिन्न कवि तथा साहित्यकारले कवितालाई आ-आफ्नै तरिकाले परिभाषित गरेको कुरा प्रस्ट पारिएको देखिन्छ ।

**वागीश्वरी** वर्ष ९, अङ्क ५ (२०५४) मा चारजना लेखकहरूका लेख प्रकाशित भएको पाइन्छ । रमेश गोर्खालीको *एउटा दु:खद बिसाउनी* निबन्धमा आफ्नो व्यवहार र आचरणले गर्दा संयोगवश भूलचूक हुन्छ, त्यसले निम्त्याउने दु:खद बिसाउनीलाई प्रस्ट पार्न खोजिएको पाइन्छ । राजकृष्ण कँडेलको *मन* निबन्धमा मनले मान्छेले विभिन्न कार्य गर्दछ, ठूला-ठूला युद्धदेखि अहिंसा र शान्तिको सन्देशसमेत दिन सक्छ भन्ने कुरा दर्साइएको पाइन्छ । केदारनाथ खनालको *नेपाली भाषा शिक्षणको समस्या* (भाषा शिक्षण) लेखमा नेपाली भाषा राष्ट्रभाषा हो र यसको अध्ययन-अध्यापनमा विभिन्न समस्याहरू रहेको र यसको निवारणको प्रक्रियाबारेमा उल्लेख गरिएको पाइन्छ । नारायणप्रसाद खनालको *नगरको पहिचान सार्वजनिक पुस्तकालयबाट* लेखमा ७६ औँ जिल्लाको रूपमा चिनिने चितवन जिल्लालाई एउटा सार्वजनिक पुस्तकालय हुन जरुरी छ भन्ने विचार दर्साइएको पाइन्छ ।

**वागीश्वरी** वर्ष १०, अङ्क ६ (२०५५) मा तीनजना लेखकहरूको लेख प्रकाशित भएको पाइन्छ । नारायणप्रसाद खनालको *चितवन र लेखनाथ : केही सत्य केही तथ्य* लेखमा कवि शिरोमणि लेखनाथ पौडेलको चितवन जिल्लासँग कायम रहेको अटुट सम्बन्धका बारेमा चर्चा गरिएको पाइन्छ । केदारनाथ खनालको *सोमेश्वरको ओझेलमा परेका नेपालीहरू* यात्रा-विवरणमा सोमेश्वरको बारेमा वर्णन गर्दै यस क्षेत्रमा नेपालीहरूले पुऱ्याएको योगदानको बारेमा प्रस्ट पारिएको देखिन्छ । रामबाबु घिमिरेको *भवितव्य पऱ्यो भने* निबन्धमा पुरस्कारको महत्त्व र उपयोगिताको चर्चा गर्दै त्यसको व्यङ्ग्य भाव व्यक्त गरिएको पाइन्छ ।

**वागीश्वरी** वर्ष ११, अङ्क ७ (२०५६) मा सातजना लेखकहरूका लेख प्रकाशित भएको पाइन्छ । दीनबन्धु अर्यालको *शिक्षा र रक्षा विचार* लेखमा शिक्षामा राष्ट्रियता र नैतिकताको

पुट हुनु जरुरी छ भन्दै गुणस्तरीय शिक्षाको आवश्यकतालाई उल्लेख गरिएको पाइन्छ । *एक यात्रा दुई अनुभूति* यात्रा-संस्मरणमा अच्युत खनालले चन्द्रनिगाहपुरसम्म ट्रक यात्रामा ट्रकका ड्राइभरले भोगेका जीवनका अनेकौं उपकथा र मान्छेको विभिन्न प्रवृत्तिको चर्चा पाइन्छ । नारायणप्रसाद तिमल्सिना 'मधुप' को *देवघाटका तीन धार्मिक-ऐतिहासिक स्थल* खोजपत्रमा वागीश्वरी, गणेशस्थान र मौलाकालिका मन्दिरका महत्त्व र यस स्थलको संरक्षण र सम्बर्द्धन हुनुपर्ने कुरा औंल्याइएको पाइन्छ । हरिहर पौडेलको *काठमाडौंदेखि त्रियस्तसम्म* यात्रा-संस्मरणमा उनले इटलीका यात्रामा अनुभव गरिएका अनुभूतिहरूलाई संस्मरणको रूपमा प्रस्तुत गरिएको देखिन्छ । केदारनाथ खनालको *व्यतिरेकी विश्लेषण* भाषा शिक्षणमा व्यतिरेकी विश्लेषण पद्धतिद्वारा लक्ष्य र स्रोत दुई भाषाबीचको मूलभूत विशेषतालाई पहिल्याएर अध्ययन-अध्यापन गर्न सकेमा भाषा शिक्षण उद्देश्यपूर्ण एवम् प्रभावकारी हुनसक्ने कुरा बताइएको पाइन्छ । *एक स्रष्टा : दुई सृष्टि* लेखमा सुरेन्द्र अस्तफलले नारी र पुरुषलाई विभिन्न दृष्टिले हेरिए तापनि उनीहरूका भूमिकालाई केलाइए पनि नारी र पुरुषलाई समताको आँखाले नहेरेसम्म यी दुवैको वास्तविक अर्थ खुल्दैनन् भन्ने विचार प्रस्तुत गरिएको पाइन्छ । चन्द्रविलास अधिकारीको *राजनैतिक घोषणा-पत्रहरूमा (२०५६) संस्कृति, कला र साहित्यका कुरा* सान्दर्भिक लेखमा २०५६ को विभिन्न राजनीतिक दलहरूका घोषणा-पत्रमा संस्कृति, कला र साहित्यका विषयमा उल्लेख भएका कुराहरूलाई दर्साइएको पाइन्छ ।

**वागीश्वरी** वर्ष १२, अङ्क ८ (२०५७) मा पाँचजना लेखकहरूका लेख तथा निबन्धहरू प्रस्तुत भएको पाइन्छ । नारायणप्रसाद खनालको **सुन्दरी**मा प्रकाशित *लेखनाथका समस्यापूर्तिहरू* लेखमा **सुन्दरी** पत्रिकाले लेखनाथलाई कवि र कविलाई कविशिरोमणि उच्चतामा पुऱ्याउन एक मजबुत जग बन्न सफल भएको विचार प्रस्तुत गरिएको पाइन्छ । कपिल अज्ञातको *उखानका प्रवृत्ति* लेखमा उखानलाई लोकोक्तिको एक महत्त्वपूर्ण भेद मान्दै सूत्रात्मकता, भावगाम्भीर्यता, सजीवता, व्यङ्ग्यात्मकता, मौलिकता, सापेक्षिक सत्य, सापेक्षिक दृष्टि विरोधाभास, औपदेशिकता आदि उखानका प्रवृत्तिगत विशेषता रहेको कुरालाई प्रस्ट पारिएको देखिन्छ । तीर्थराज कोइरालाको *आजको माग* लेखमा धन, मान र प्रतिष्ठाबाट सर्वथा निरपेक्ष रही मानवीय संवेदनाका सोपान चढ्दै जानु नै कविको कर्तव्य हो भन्ने मागलाई प्रस्तुत गरिएको पाइन्छ । *कथा र यसका अन्य साहित्यिक विधासँगको सम्बन्ध* लेखमा पूर्णप्रसाद अधिकारीले कथासँग उपन्यास, नाटक, जीवनी, एकाङ्की, निबन्ध, कविता, आत्मकथाका सम्बन्धलाई प्रस्ट पार्न खोजेको पाइन्छ । राम पराजुलीको *शिरको टोपी* लेखमा टोपीको पहिरनलाई मान्छेले क्रमश: भुल्दै गएको र अपमान गर्न थालेको विषयलाई प्रस्ट पार्दै शिरको टोपी हाम्रो राष्ट्रियताको प्रतीक नै हो भन्ने विचारलाई दर्साइएको पाइन्छ । केदारनाथ खनालको *माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रम* लेखमा ९ र १० का पाठ्यक्रममा समावेश भएका विभिन्न विधाका चर्चा गरिएको पाइन्छ ।

**वागीश्वरी** वर्ष १३, अङ्क ९ (२०५८) संस्मरण विशेषाङ्कका रूपमा आएको छ । यस अङ्कमा सैँतीसजना लेखकहरूका संस्मरणात्मक लेखन प्रस्तुत गरिएको पाइन्छ । कार्यपत्र खण्डमा चारजना लेखकहरूका संस्मरणलाई समावेश गरिएको पाइन्छ । भिक्टर प्रधानको *संस्मरण साहित्यको सङ्क्षिप्त सैद्धान्तिक अनुशीलन* लेखमा निबन्ध विधाभित्रै पर्ने संस्मरणको सैद्धान्तिक पक्षलाई उल्लेख गरिएको पाइन्छ । नारायणप्रसाद खनाल र गोविन्दराज विनोदीको संयुक्त लेख *नेपाली संस्मरण साहित्य : हिजो र आज*मा संस्मरणको सैद्धान्तिक परिचयको उल्लेख गर्दै हाम्रोजस्तो परम्परावादी समाजमा यसको स्पष्ट विधागत मान्यता पाउन नसके पनि भविष्यमा यस विधाले आवश्यक मान्यता पाउन सक्ने छ भन्ने विचारलाई दर्साइएको पाइन्छ । *नेपाली यात्रा-साहित्य उद्‌भव र विकास* लेखमा कपिल अज्ञातले यात्रा-साहित्यको उद्‌भव र विकासको बारेमा चर्चा गर्दै सर्जक र समीक्षणका निम्ति बाह्य रूपबाट हेर्दा जति यो सरल र सहज देखिन्छ, आन्तरिक रूपमा त्यति नै जटिल रहेको कुरा व्यक्त गरिएको पाइन्छ । पूर्णप्रसाद अधिकारीले *संस्मरण र नेपाली संस्मरण साहित्य एक आँकलन* लेखमा संस्मरण साहित्यको परिचय दिएको पाइन्छ । कमल दीक्षितको *मलाई फोसा !* संस्मरण लेखमा चितवनको सौराहामा आयोजना भएको संस्मरण गोष्ठीका बारेमा उल्लेख गरिएको पाइन्छ । *ल्हासा यात्रा : एउटा सानो प्रसङ्ग* संस्मरण लेखमा डा. तुलसी भट्टराईले ल्हासामा महाकवि देवकोटाको मूर्ति स्थापना गर्ने कार्यक्रममा सहभागी बनेको प्रसङ्गलाई उल्लेख गरेका छन् । सनत रेग्मीको *स्मरणीय संस्मरण गोष्ठी* संस्मरण लेखमा चितवनको संस्मरण गोष्ठीमा उपस्थित हुँदा हुरीबतास-पानीले पुऱ्याएको बाधा र कार्यक्रम सञ्चालनमा पुगेको रुकावटको रमाइलो प्रसङ्ग व्यक्त गरिएको पाइन्छ । डा. टीकाराम पन्थीको *प्राच्य वाङ्मयमा अति चर्चित नेपाली भू-खण्ड* लेखमा गण्डकी क्षेत्रको परिचयका साथै आध्यात्मिक भावलाई प्रस्तुत गरिएको पाइन्छ । डा. केशवप्रसाद उपाध्यायको *प्राची* संस्मरण लेखमा आफ्नो अनुपस्थितिमा आफूदेखि न्यास्रिएकी नातिनी प्राचीले गरेको पीडालाई व्यक्त गरिएको पाइन्छ । सुधा त्रिपाठीको *क्याक्टस, रेबिजग्रस्त प्रजातन्त्र र महाभीर* स्मरण लेखमा चितवनको संस्मरण गोष्ठीमा सहभागी हुँदा काठमाडौँबाट बाइरोडको बाटो हुँदै चितवन पुगेको रमाइलो प्रसङ्ग प्रस्तुत गरिएको पाइन्छ । प्रेमविनोद नन्दनको *मेरो स्मृतिमा देवघाटको कविगोष्ठी* संस्मरण लेखमा देवघाटमा सम्पन्न भएको कविगोष्ठीको चर्चा भएको पाइन्छ । गोविन्द गिरी 'प्रेरणा' को *म पनि छुटेछु चितवनमा कतै !* संस्मरण लेखमा चितवनको संस्मरण गोष्ठीमा चितवन आउँदा अनुभव गरिएका भावनालाई उल्लेख गरिएको पाइन्छ । खेमराज केशवशरणको *श्री ५ वीरेन्द्र, श्री ५ ऐश्वर्य तथा श्री ५ दीपेन्द्र संस्मरणका ती कालजयी क्षण* संस्मरण लेखमा राजा-रानी र युवराजलाई भेटेको दिनको संस्मरण गर्दै २०५८ साल जेष्ठ १९ को दुःखद घटनाले पारेको शोकको भावलाई व्यक्त गरिएको पाइन्छ । सृजन लम्सालको *मनको धोको मनमै रह्यो* संस्मरण लेखमा चितवनको संस्मरण गोष्ठीमा सहभागी हुँदा आएको असिना, पानी र हुरीले दिएको सन्त्रासको

चर्चा गरिएको पाइन्छ । केदारनाथ खनालको *श्री ५ वीरेन्द्रसँगको अविष्मरणीय क्षण* संस्मरण लेखमा पहिलोचोटि राजा वीरेन्द्रसँग भेट हुँदाको रमाइलो क्षणलाई व्यक्त गरिएको पाइन्छ । गायत्री श्रेष्ठको *मेरो मानसपटलमा महाकाली एक संस्मरण* लेखमा महाकालीको प्राकृतिक सुन्दरता, प्राकृतिक सम्पदाले भरिएको, मानिसहरूका सरल र उदार भावनालाई स्मरण गर्दै महेन्द्रनगरको बसाईलाई आनन्ददायी रूपमा लिएको भाव पाइन्छ । राजकृष्ण कँडेलको *मेरो स्मृतिका पानाबाट टिपिएका कुराहरू* संस्मरण लेखमा विभिन्न अवसरमा वनभोज जाँदाका रमाइलो क्षणको चित्र उतारिएको पाइन्छ । धनराज गिरीको *हजुरको पनि जय होस् !* संस्मरण लेखमा चितवनमा जम्मा भएका साहित्यकारहरूसँगको भेटघाटले आनन्दित बनाएको क्षणलाई उल्लेख गरिएको पाइन्छ । हरिहर पौडेलको *गुलाफबागभन्दा पर ढुङ्गा र गुलाफको बगैँचामा* संस्मरण लेखमा गुलाफबगैँचाको सुन्दरताको बखान गरिएको पाइन्छ । लक्ष्मणप्रसाद गौतमको *देवकोटाले नेपाली ताजमहलमाथि किन कविता लेखेनन् ?* संस्मरण लेखमा पाल्पाको तानसेनमा पर्ने रानीमहलको सुन्दरतालाई प्रस्ट पार्दै यस्तो आकर्षित स्थान ओझेलमा परेको भानसमेत गरिएको पाइन्छ । विमलप्रकाश देवकोटाको *संस्मरण गोष्ठीलाई फर्केर हेर्दा* संस्मरण लेखमा चितवनको सौराहामा सम्पन्न गरिएको संस्मरण गोष्ठीका घटनाहरूलाई स्मरण गरिएको पाइन्छ । हरिहर खनालको *मैले बमको छिर्का कसरी लेखेँ* लेखमा बमको छिर्का कसरी लेखियो भन्ने इतिवृत्तलाई सङ्क्षेपमा व्यक्त गरिएको देखिन्छ । *जनआन्दोलन : श्रुतिस्मृति र अनुभूति* संस्मरण लेखमा दीनबन्धु अर्यालले २०४६ सालको जनआन्दोलनको समय र पक्राउ परेको अनुभवलाई देखाउन खोजेको पाइन्छ । नरेन्द्रराज पौडेलको *यात्रा एक सम्झना अनेक* संस्मरण लेखमा काठमाडौँदेखि चितवनसम्मको यात्रामा भोग्नुपरेका विभिन्न समस्या र त्यसले छोडेको मीठो सम्झनालाई प्रस्तुत गरिएको पाइन्छ । अच्युत खनालको *हिउँको आवरण* संस्मरण लेखमा चितवनको साहित्यिक कार्यक्रममा जाँदा परेको असिना-पानीलाई हिउँको संज्ञा दिँदै त्यसमा घटेका घटनाहरूलाई दर्साइएको पाइन्छ । *सौराहाको परिक्रमा* लेखमा राम पराजुलीले वृहत् नेपाली संस्मरण गोष्ठीमा चितवनको सौराहामा भएका रमाइला क्षणको चित्र उतारेको पाइन्छ । चिरञ्जीवी श्रेष्ठको *आत्मसंस्मरण* लेखमा आफ्नो जीवनको तीतोमीठो क्षणलाई प्रस्ट रूपमा देखाइएको पाइन्छ । सुरेन्द्र अस्तफलको *त्यो दिन* संस्मरण लेखमा लेखकका मनमा उठेका विभिन्न भावनालाई दर्साइएको पाइन्छ । नारायणदत्त शास्त्रीको *मलाई पनि लुटाहा पार्टीमा लाग्नुपऱ्यो* लेखमा पार्टीको नाम गरिने लुटाहा प्रवृत्तिप्रति व्यङ्ग्य गर्दै आफ्नो जीवनमा घटेको घटनाको वर्णन पाइन्छ । सकला पण्डितको *बूढी आमा र लालीगुराँस* लेखमा २०५१ सालमा लमजुङबाट तनहुँ फर्कने क्रममा यात्रामा भएका अनुभवलाई देखाइएको पाइन्छ । गणेशप्रसाद शर्माको *कालो रात* संस्मरण लेखमा राजपरिवारको सामूहिक हत्याकाण्डको त्यो अत्यासलाग्दो रातलाई कालो रातको संज्ञा दिँदै त्यहाँ देखिएका दु:खद घटनालाई प्रस्तुत गरिएको पाइन्छ । बटुलबाटुल खण्डमा डा. ध्रुवचन्द्र गौतमको *संस्मरणको संस्मरण* लेखमा चितवनको संस्मरण

गोष्ठीमा भएका रमाइला क्षणको प्रस्तुति पाइन्छ । डा. रामदयाल राकेशको *चितवन जमघट : संस्मरण साहित्यको पहिलो गोष्ठी* संस्मरण लेखमा साहित्यिक गोष्ठीमा सहभागी हुनुभएका साहित्यकारहरूको जमघटको अनुभवलाई दर्साइएको देखिन्छ । मनोज दाहालको *नेपाली संस्मरणका लागि सम्झनायोग्य बनेको दिन* लेखमा गोष्ठीमा सहभागी साहित्यकारहरूलाई पर्खंदा र प्राकृतिक विपत्तिको सानो घटनालाई सम्झनायोग्य ठान्दै आफ्नो घटना देखाइएको पाइन्छ । **चितवन साप्ताहिक** र **नेपाल समाचारपत्र**मा *चितवनको साहित्यिक वातावरण ऊर्जाशील र संस्मरण निबन्धकै उपविधा भएको सहमति* लेखमा चितवनलाई साहित्यिक ऊर्जाका लागि शक्तिशाली मानिँदै आएको र संस्मरण निबन्धकै उपविधा हो भन्नेमा सबैको सहमति भएको विचार उल्लेख गरिएको पाइन्छ । भीम विरागको *सम्झँदै कहाली लाग्ने सङ्गमको कविगोष्ठी* संस्मण लेखमा देवघाटको त्यस पावन भूमिमा राजा महेन्द्र सरकार उपस्थित रहनुभएको कविगोष्ठीमा आएको समस्यालाई स्मरण गरिएको पाइन्छ ।

वर्ष १५ अङ्क ११ (२०६०) मा ६ जना लखेक तथा निबन्धकारका रचनाहरू समावेश भएका पाइन्छन् । केदारनाथ खनालको *मन त त्यतै छुटेछ क्यारे !* संस्मरण लेखमा चितवन जङ्गल लजमा सम्पन्न भएको सोह्रौं वन महोत्सव-२०६० वैशाख १२, १३ र १४ मा कार्यक्रममा सहभागी संस्मरणकारलाई त्यस ठाउँ छोडेर आउन गाह्रो भएको र त्यसको सुन्दरताले आकर्षित तुल्याएको भाव पाइन्छ । नारायणप्रसाद खनालको *सारनाथ : मेरा आँखामा* यात्रा निबन्धमा भारतको सारनाथ धार्मिक भूमिको वर्णन गरिएको पाइन्छ । लक्ष्मणप्रसाद गौतमको *चितवनका नारीहस्ताक्षरहरू : सङ्क्षिप्त चर्चा* लेखमा चितवनमा क्रियाशील महिला साहित्यकारहरूका परिचय दिँदै साहित्यमा नारीहस्ताक्षरको बलियो सम्भावनालाई देखाउन खोजिएको पाइन्छ । *गजलको ऐतिहासिक पृष्ठभूमि* लेखमा केशवराज आमोदीले गजलको उत्पत्ति र विकास, एवम् यसको लोकप्रियतालाई चर्चा गरेका पाइन्छन् । सुरेन्द्र अस्तफलको *चितवनको साहित्यिक क्षितिज २०५९ : एक सिंहावलोकन* लेखमा चितवनको साहित्य २०५९ सालमा निकै उर्वर रहेको विचार प्रस्तुत गरिएको देखिन्छ । कुलप्रसाद ढुङ्गानाको *मोतीमण्डलीको खोजी* लेखमा माध्यमिक कालमा मोतीमण्डलीको गठन गरी नेपाली साहित्यलाई उच्चकोटिमा पुऱ्याउने ती मण्डलीका सदस्यहरूप्रति आभार व्यक्त गरिएको पाइन्छ ।

**वागीश्वरी** वर्ष १६, अङ्क १२ (२०६१) राष्ट्रकवि माधव घिमिरे विशेषाङ्कका रूपमा समावेश भएको पाइन्छ । डा. नारायणप्रसाद खनालको *द्वन्द्व संरचनाको दृष्टिले राष्ट्रनिर्माताको खुकुलो अध्ययन* लेखमा कवि घिमिरेको राष्ट्रनिर्माता कवितामा रहेको छन्दका बारेमा प्रस्ट पारिएको पाइन्छ । कपिल अज्ञातको *राष्ट्रकविको सन्दर्भ र राष्ट्रवादी स्वर* लेखमा घिमिरेका कवितामा भेटिएको राष्ट्रवादी स्वरको चर्चा गरिएको पाइन्छ । रघुनाथ घिमिरेको *राष्ट्रकवि माधव घिमिरे र उनको काव्यगत मान्यता* लेखमा घिमिरेका काव्यमा भेटिने राष्ट्रवादी स्वर

हत्या-हिंसाको विरोध, हाम्रो सभ्यताको संरक्षण गर्नुपर्ने शुभेच्छा व्यक्त गरिएको पाइन्छ । कुलप्रसाद ढुङ्गानाको *कविवर माधव घिमिरे अभिनन्दन ग्रन्थ-२०६०* लेखमा यस ग्रन्थभित्र समावेश भएका घिमिरेको विभिन्न काव्यिक मान्यता र अभिनन्दन समारोहका बारेमा प्रकाश पारिएको पाइन्छ । सुरेन्द्र अस्तफलको *मनचिन्ते मुरलीभित्र व्यक्त शब्दचित्रहरूमा* लेखमा मनचिन्ते मुरलीभित्र कथासङ्ग्रहमा घिमिरेका के-कस्ता चिन्तन र सोच छरिएको छ, त्यसको विश्लेषण गरिएको पाइन्छ । *राष्ट्रकवि माधव घिमिरे र नारीसम्मान* लेखमा जनार्दन शर्मा पौडेलले घिमिरेका रचनामा नारीलाई दिएको उच्च सम्मानको चर्चा प्रस्तुत भएको देखिन्छ । राजकृष्ण कँडेलको *तिमी युगका सगरमाथा* लेखमा घिमिरेका विभिन्न उच्चतम कृतिका कारण उनलाई यस युगको सगरमाथाका रूपमा लिइएको पाइन्छ । *नेपाली साहित्यमा पृथक् काव्यप्रवृत्तिका स्रष्टा माधव घिमिरे* लेखमा शोभा अधिकारीले घिमिरेले अँगालेका दुई भिन्न धारा स्वच्छन्दतावादी र परिष्कारवादीको सफल संयोजनले उनलाई अन्य साहित्यकारभन्दा फरक र महत्त्वपूर्ण बनाएको चिन्तन प्रस्तुत गरेको पाइन्छ । गिरिधारी विशिष्टको *पुस्तुनको जगरा लेकमा हुर्किएका माधव घिमिरे आजका राष्ट्रकवि* लेखमा गाउँको सामान्य वातावरणमा हुर्किए पनि आफ्नो लगन र परिश्रमले उनले आफूलाई राष्ट्रकविको स्थानमा पुऱ्याउन सफल भएको भाव व्यक्त भएको पाइन्छ । सिर्जन अविरलको *राष्ट्रकवि - एक प्रसङ्ग एक अनुभूति* लेखमा घिमिरेका विभिन्न काव्य रचनाबाट निस्किएका प्रगतिवादी, मानवतावादी, शान्तिकामी सोचको बारेमा प्रस्ट पारिएको पाइन्छ । *लाग्दछ मलाई रमाइलो मेरै पाखा-पखेरो* लेखमा धनराज गिरीले घिमिरेको गीतमा व्यक्तिएको राष्ट्रवादी सोचलाई प्रस्तुत गर्दै चितवनमा घिमिरेलाई अभिनन्दन गर्न पाउनु सौभाग्य ठानेको अनुभूति व्यक्त गरिएको पाइन्छ । डा. किरण रेग्मीको *हाम्रा बा-आमाद्वारा सृजित आठ अध्यायहरू* लेखमा बा-आमाका आठ सन्तानलाई आठ अध्ययायहरूका रूपमा राख्दै विश्लेषण गरिएको पाइन्छ । तुलसीप्रसाद न्यौपानेको *कवि घिमिरेसँगका केही क्षण* लेखमा न्यौपानेले माधव घिमिरेसँग बिताएको क्षणको अनुभवलाई प्रस्तुत गरिएको पाइन्छ । *साहित्यिक प्रतिभा-कविवर माधव घिमिरे* लेखमा उमेशचन्द्रलाल कर्णले उनलाई भावनात्मक कविको रूपमा राख्दै साहित्यिक प्रतिभाको रूपमा प्रस्तुत गरेको पाइन्छ । *देशभक्त पण्डितको राष्ट्रकवि माधव घिमिरेप्रति श्रद्धाभाव* लेखमा राष्ट्रिय गीत - *'गाउँछ गीत नेपाली, ज्योतिको पङ्ख उचाली'* भन्ने रचनाबाट आफू ज्यादै आकर्षित हुन पुगेकाले घिमिरेप्रति श्रद्धाभाव व्यक्त गरिएको पाइन्छ । गणेशप्रसादको *कवि माधव घिमिरे : व्यक्तिगत विवरण र कवित्वको विकासक्रमको लघु अनुरेखाङ्कन* लेखमा घिमिरेको व्यक्तिगत विवरण र उनको साहित्यिक यात्रालाई प्रस्तुत गरिएको पाइन्छ । बालकृष्ण थपलियाको *राष्ट्रकवि घिमिरेज्यूसँग केही क्षणहरू* लेखमा चितवनमा सम्पन्न भएको घिमिरेको अभिनन्दन समारोहमा कविवरसँग साक्षात्कार भएको अनुभव दर्साइएको पाइन्छ ।

**वागीश्वरी** वर्ष १७, अङ्क १३ (२०६२) गजल विशेषाङ्कको रूपमा आएको पाइन्छ । डा. घनश्याम न्यौपाने 'परिश्रमी' को *गजलको स्वरूप र बहरहरूको चिनारी तथा नेपाली गजलको एक सङ्क्षिप्त अभिरेखाङ्कन कार्यपत्र* लेखमा गजललाई एक स्वतन्त्र विधाको रूपमा मान्दै यसको चिनारी दिइएको पाइन्छ । गोविन्दराज विनोदीको डा. घनश्याम न्यौपाने 'परिश्रमी' ज्यूद्वारा परिश्रमपूर्वक तयार गरिएको *गजलको स्वरूप र बहरहरूको चिनारी तथा नेपाली गजलको एक सङ्क्षिप्त अभिरेखाङ्कन* विषयक कार्यपत्रमाथि सूत्रात्मक आत्मदृष्टि लेखमा कार्यपत्रमाथि प्रकाश पार्न खोजिएको पाइन्छ । केशवराज आमोदीको *मुफरद बहरअन्तर्गत मुसम्मन सालिमसँग सम्बन्धित शेरहरूका केही बान्की* लेखमा गजलका बहरहरूको चिनारी दिइएको पाइन्छ ।

**वागीश्वरी** वर्ष १८, अङ्क १४ (२०६३) मा आठजना लेखक तथा निबन्धकारका रचना समावेश भएको पाइन्छ । डा. नारायणप्रसाद खनालको *दोहोऱ्याएर एब्स्ट्रयाक्टल चिन्तन : प्याज पढ्दा* निबन्धमा शङ्कर लामिछानेको निबन्ध *एब्स्ट्रयाक्टल चिन्तन : प्याज पढ्दा* पाएको परम आनन्दको भाव व्यक्त भएको पाइन्छ । केदारनाथ खनालको *हिमालकी रानीको झझल्को* यात्रा संस्मरण लेखमा दार्जीलिङलाई हिमालकी रानीसँग तुलना गर्दै शैक्षिक भ्रमणको उपयोगितालाई प्रस्तुत गरिएको पाइन्छ । *पाश्चात्य साहित्य प्रमुख कवितातत्त्व वा संरचक घटकहरू* लेखमा लक्ष्मणप्रसाद गौतमले पूर्वीय संस्कृत काव्य चिन्तन परम्परामा झैँ विविधतामय किसिमको काव्यतत्त्वको निर्धारण पाश्चात्य साहित्यमा कम भएको विचार प्रस्तुत गरेका छन् । केशवराज आमोदीको *गजलको सैद्धान्तिक स्वरूप* लेखमा गजललाई सैद्धान्तिक रूपमा चिनाइएको पाइन्छ । कपिल अज्ञातको *निकुञ्जको दर्शन* लेखमा चितवन राष्ट्रिय निकुञ्जको यात्रा र त्यसभित्र देखिएका जङ्गली जनावरको बारेमा रमाइलो प्रसङ्ग दर्साइएको पाइन्छ । प्रकाश पौडेल 'माइला' को *चितवन जिल्ला : हाइकु किल्ला* लेखमा चितवनमा लोकप्रियता हासिल गर्न थालेको हाइकु-कविताको परिचय प्रस्तुत गरिएको पाइन्छ । पूर्णप्रसाद अधिकारीको *नारायणगढ महोत्सव-२०६२ र कविगोष्ठी सङ्क्षिप्त पर्यवेक्षण* लेखमा क्यान्सरद्वारा पीडित रोगीहरूको सहयोगार्थ नारायणी नदी किनारमा सञ्चालित महोत्सव परिसरमा भएको कविगोष्ठीको जानकारी दिइएको पाइन्छ । अमर न्यौपानेको *सालिक* लेखमा सालिकको मनोदशा र त्यसप्रति देखाइएको अपमानजनक विचारलाई प्रस्तुत गरिएको पाइन्छ ।

**वागीश्वरी** वर्ष १८, अङ्क १५ (२०६४) मा आठजना रचनाकारको लेख तथा निबन्ध समावेश भएको पाइन्छ । डा. नारायणप्रसाद खनालको *नाराने ! तँ त बूढो भइछस् !* लेखमा बूढो भनिँदाको अवस्थामा मानिसका मनमा उठ्ने हर्ष र विस्मातको ज्वारभाटाले आक्रान्त भएको भाव व्यक्त गरिएको पाइन्छ । धनराज गिरीको *रीस मान्छेलाई सिध्याउने मन्द विष !* लेखमा रीसले नै मानिसलाई पागलजस्तो बनाउने हुँदा यसबाट पर रहन आग्रह गरिएको पाइन्छ । भूपिन व्याकुलको *आवाजको बन्दीगृह* निबन्धमा कैदीगृहमा बन्दीहरूको केवल आवाज

मात्र बन्दी रहेको छ, शरीर मृतक बनिसक्यो भन्ने भाव व्यक्त गर्दै समाजको विसङ्गत पक्षको उजागर गरिएको पाइन्छ । भागवतशरण न्यौपानेको *पारिजातको औपन्यासिकता* लेखमा पारिजातका उपन्यासमा प्रस्फुटित भएका प्रगतिवादी, अस्तित्ववादी, विसङ्गतिवादी सोचको बारेमा चर्चा गरिएको पाइन्छ । अनुवादक : सङ्गीत आयामको *ग्रामीण बाल्यावस्था* लेखमा दक्षिण अफ्रिकी जनताको जीवनको पहिलो चरण बाल्यावस्थाका विभिन्न मोडको चर्चा गरिएको पाइन्छ । *पुस्तक परिचय* लेखमा नरेन्द्रराज पौडेलले गजलसङ्ग्रह **संयोग–वियोग**को परिचय दिँदै गजलकार तथा लेखिका कृष्णाकुमारी महतको रचनाको चर्चा गरिएको पाइन्छ । केदारनाथ खनालको *स्मृतिपटलमा तरङ्गित मनकामनाको काव्यिक यात्रा* संस्मरण लेखमा धार्मिक क्षेत्र मनकामनाको परिसरमा सम्पन्न भएको काव्यिक कार्यक्रममा यात्रा गर्दाका अनुभव समेटिएको पाइन्छ । पूर्णप्रसाद अधिकारीको *मनकामना काव्यिक यात्रा एउटा जीवन्त अनुभूति* लेखमा मनकामना काव्यिक यात्रामा समावेश हुँदा त्यहाँ भएको मीठो अनुभूतिको वर्णन गरिएको पाइन्छ ।

**वागीश्वरी** वर्ष १९, अङ्क १६ (२०६५) मा सातजना लेखक तथा निबन्धकारका रचनाहरू समावेश भएको पाइन्छ । केदारनाथ खनालको *स्वर्गद्वारी : यात्रा एक, अनुभूति अनेक यात्रा* संस्मरणमा स्वर्गद्वारीको धार्मिक तथा प्राकृतिक सौन्दर्यको वर्णन गरिएको पाइन्छ । *काव्यगुण* लेखमा कुलप्रसाद ढुङ्गानाले संस्कृत काव्यशास्त्रमा उल्लेख भएको माधुर्य, ओज र प्रसाद गुणको बारेमा चर्चा गरेका छन् । डा. नारायणप्रसाद खनालको *रमणीय स्मृति र हराएको लेखबारे* लेखमा राममणि आदिको बारेमा चर्चा गरिएको पाइन्छ । प्रभादेवी कैनीको *समाज बदल्ने नारा र कैदी देवता* लेखमा जातपातको, छुवाछुतको संस्कारले शिक्षित वर्गलाई पनि उत्तिनै जकडेको छ भन्ने विचार दर्साइएको पाइन्छ । श्यामजी अतिथि सेढाईंको *चितवनको गौरव, मूर्तिकार सूर्य मध्यरात* लेखमा चितवनका विशिष्ट प्रतिभा मूर्तिकार सूर्य मध्यरातको कलाकारिताको परिचय दिइएको पाइन्छ । ज्ञानु अधिकारीको *समाज र नारीवाद* निबन्धमा समाजमा नारीको स्थान निम्न रहेको र हरेक पीडा र वेदनाको सिकार नारी बनिरहेकी छ भन्ने भाव पाइन्छ । राधा पाण्डेको *शब्द-सङ्कोच* निबन्धमा समाजमा देखिएको विसङ्गत पक्षको उजागर गरिएको पाइन्छ । केशवराज आमोदीको *नेपाली मुक्तकको ऐतिहासिक पृष्ठभूमि र वर्तमानिक अवस्था* लेखमा मुक्तक विधाको परिचय दिँदै यसको महत्त्व अझै फराकिलो बन्दै गएको विचार व्यक्त गरिएको पाइन्छ ।

**वागीश्वरी** वर्ष २०, अङ्क १७ (२०६६) महाकवि देवकोटा विशेषाङ्कका रूपमा आएको पाइन्छ । डा. गोविन्दराज भट्टराईको *शताब्दी महोत्सवको अन्त्यमा वागीश्वरीको सम्झना* लेखमा देवकोटाका विभिन्न रचनाको चर्चा गर्दै **वागीश्वरी** पत्रिकाको सफल प्रकाशनको कामना गरिएको पाइन्छ । *संस्कृत भाषाप्रेम, संस्कृत कविता र देवकोटा* लेखमा प्रा.डा. नारायणप्रसाद खनालले देवकोटा संस्कृत भाषाप्रेमी भएको कुरा व्यक्त गरेका छन् ।

कपिल अज्ञातको *शिक्षामा देवकोटाका शैक्षिक दृष्टिकोणहरू* लेखमा देवकोटाले शिक्षालाई यान्त्रिक वस्तु नमानी प्राकृतिक र व्यावहारिक तथा आन्तरिक रूपबाटै मानवले हासिल गर्ने माध्यम बन्नुपर्छ भन्ने भाव व्यक्त गरिएको पाइन्छ । केदारनाथ खनालको *चितवनमा लेखक आवास बनाउने देवकोटाको योजना अधुरै* लेखमा देवकोटाको यस्तो इच्छा पूरा हुन नसकेकोमा दु:खेसो पोखेको पाइन्छ । *मैले पहिलोपटक थाहा पाएको ठूलो मान्छे* लेखमा प्रभातकुमार जोशीले देवकोटालाई प्रवासी जीवन बिताउँदा भोगेका आर्थिक र शारीरिक समस्याहरूको उल्लेख गरिएको पाइन्छ । बालकृष्ण थपलियाको *जिल्लाका साहित्यिक गतिविधिहरू सङ्क्षेपमा* लेखमा चितवन जिल्लामा कहाँ, के, कस्ता साहित्यिक कार्यक्रम भए भन्ने जानकारी पाइन्छ ।

**वागीश्वरी** वर्ष २१, अङ्क १८ (२०६७) मा विभिन्न लेख-रचनाहरू समावेश भएका पाइन्छन् । केदारनाथ खनालको *एक अविष्मरणीय यात्रा* यात्रा संस्मरणमा भारतका विभिन्न धार्मिकस्थलको अनुभव र दृश्यावलोकनलाई निकै उत्कृष्ट रूपमा प्रस्तुत गरिएको पाइन्छ । डा. नारायणप्रसाद खनालको *मेरा साथी कुहिरो र हिरो* निबन्धमा कुहिरो र हिरोको उपस्थितिले आफ्नो मनमा परेको प्रभावलाई समेटेर आत्मपरक निबन्ध दिइएको पाइन्छ । गायत्री श्रेष्ठको *रमाइलो यात्रा मिल्टनकिन्सको* र श्यामजी अतिथिको *यात्रा एक : प्राप्ति अनेक* यात्रा संस्मरणले जीवन्तता पाएका छन् । कपिल अज्ञातको *अन्तर्मनको यात्रा* लेखमा समाजमा जिउने सम्पूर्ण प्राणीको जीवन कति सार्थक र निरर्थक छ भन्ने विचारलाई केलाइएको पाइन्छ । टेलिफोनको प्रयोगले आफूलाई टेलिफोन म्यानको रूपमा स्थापित गराइएको र टेलिफोन सम्पर्कले आफूलाई सबैले चिनेको रमाइलो प्रसङ्ग धनराज गिरीको *टेलिफोन म्यान* लेखमा आएको पाइन्छ । डी.आर. पोखरेलको *सबै जातिको फूलबारीमा हायु जातिको स्थान* लेखमा नेपालको जातजाति, भाषाभाषीको यो संयुक्त मेलमा हायु जातिको कस्तो स्थान रहेको छ भन्ने विश्लेषण पाइन्छ । डा. कुलप्रसाद ढुङ्गानाको *वैदिक भाषा र साहित्यको ऐतिहासिक रूपरेखा* लेखमा वेदको भाषाको बारेमा जानकारी दिइएको पाइन्छ । हरिभद्र खनालको *असमानताको उत्कृष्ट नमुना* र रमा घिमिरेको *आफ्नै नामले समाजमा चिनाऊँ* लेखमा जीवनका विभिन्न पाटोको चित्रण गरिएको पाइन्छ ।

**वागीश्वरी** वर्ष २२, अङ्क १९ (२०६८) मा नौजना साहित्यकारका लेख-रचनाहरू समावेश भएका पाइन्छन् । डा. नारायणप्रसाद खनालको *नेपाली समस्यापूर्ति कविताका व्यवस्थापक मोतीराम भट्टका समस्यापूर्तिहरू* लेखमा मोतीराम भट्टले थालनी गरेका समस्यापूर्तिको बारेमा जानकारी दिइएको पाइन्छ । सुरेन्द्र अस्तफलको *स्वप्न यात्रा र चिठी : एक दृष्टिकोण* लेखमा निबन्धकार नारायणप्रसाद खनालको निबन्धसङ्ग्रहको विश्लेषण गरिएको पाइन्छ । केदारनाथ खनालको *पद्‍मश्रीको ताजमा : झमक घिमिरे* लेखमा साहित्यकार झमक घिमिरेको व्यक्तित्व परिचय दिइएको पाइन्छ । कपिलमणि शर्माको *सावित्रीले साबित गरेको युगबोधी बयान* लेखमा साबित्री युगबोधले अनुप्राणित वस्तुस्थितिको सुन्दर प्रस्तुतीकरण हो भन्ने

मान्यता प्रस्तुत गरिएको पाइन्छ । *बन्दको बाढी* लेखमा श्रीओम श्रेष्ठ 'रोदन' ले बन्दका कारण साधारण जनतामा पर्न गएको असरको बारेमा आफ्नो विचार प्रस्तुत गरेको पाइन्छ । श्यामजी अतिथिको *सपना* लेखमा सपनालाई विश्लेषण गरिएको पाइन्छ । डा. कुलप्रसाद ढुङ्गानाको *नेपाली लोकनाटकको परिचयात्मक विशेषता* लेखमा नेपाली समाजलाई पश्चिमी सभ्यता र संस्कृतिको दौडमा लगाम लगाई नेपाली संस्कृतितिर उन्मुख गराउने माध्यम लोकनाटक बनेको विचार प्रस्तुत गरिएको देखिन्छ । पूर्णप्रसाद अधिकारीको *नेपाल पर्यटन वर्ष र स्वर्गद्वारी यात्राको सन्दर्भ* लेखमा स्वर्गद्वारीको धार्मिक महत्त्वका साथै प्राकृतिक सुन्दर छटाको चित्रण पाइन्छ । भूपिन व्याकुलको *साङ्ग्रिलाको हृदय* यात्रा संस्मरणमा विभिन्न पर्यटकीय स्थल हिमालयको सुन्दर चित्रको छवि उतारिएको पाइन्छ ।

### ४.२.३ सारांश

नेपाली भाषाको भाषिक स्थिति, राजनीतिक तथा सांस्कृतिक परिवेशअनुसार निर्मित नेपाली गद्यको प्राचीन परम्परा नै नेपाली निबन्धको पृष्ठभूमि हो । नेपाली निबन्धभित्रकै यात्रा संस्मरण, लेख पनि उत्तिकै मानिन्छ । सामाजिक बनोटअनुरूप विभिन्न समयमा आएको परिवर्तनको प्रभाव नेपाली निबन्धमा परेको देखिन्छ ।[१०] **वागीश्वरी** पत्रिकामा रहेका निबन्धमा पनि समसामयिकताको प्रभाव देखिन्छ । यसमा राष्ट्रिय ख्यातिप्राप्त निबन्धकारदेखि लिएर नवसर्जकहरूलाई पनि स्थान दिइएको देखिन्छ । कुनैमा नेपाली संस्कृति, समाज र धार्मिक पक्षको उल्लेख गरिएको छ । कुनैमा समाजको समसामयिक अवस्थाको चित्रण गरिएको छ भने कुनैमा द्वन्द्वबाट पीडित जनताको यथार्थ स्थितिको चित्रण पाइन्छ ।

## ४.३ 'वागीश्वरी' पत्रिकामा प्रकाशित समालोचना/समीक्षा विधाको विश्लेषण

### ४.३.१ विषयप्रवेश

समालोचना, आलोचना र समीक्षा लगभग एउटै अर्थका शब्द हुन् । 'लोच्' धातुमा 'आ' उपसर्ग र 'ल्युत' (अन) प्रत्यय लागेपछि स्त्रीलिङ्गमा टाप् (आ) प्रत्यय जोडिँदा आलोचना र त्यसमा 'सम्' उपसर्ग थपिँदा समालोचना शब्द बन्छ ।[११] समालोचना शब्दको अर्थ कुनै पनि विषयको गुण र दोष निष्पक्ष विवेचना गर्नु, समीक्षा गर्नु हुन्छ ।[१२] समालोचना कुनै साहित्यिक

---

१० दयाराम श्रेष्ठ र मोहनराज शर्मा, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास**, (ललितपुर : साझा प्रकाशन, २०६३), पृ. १३० ।

११ घनश्याम कँडेल, **नेपाली समालोचना**, (ललितपुर : साझा प्रकाशन, २०५५), पृ. 'क' ।

१२ रामचन्द्र ढुङ्गाना, **सङ्क्षिप्त नेपाली कोश**, (ललितपुर : साझा प्रकाशन, २०५७), पृ. ५११ ।

कृतिमा के-कति स्वायत्तता छ, स्वनिष्ठता छ, के-कति सङ्गति-विसङ्गति छ, अनि के-कति प्रयोजनको प्रतिफल भएको छ भन्ने बताउँछ । समालोचना कृतिको व्याख्या र मूल्याङ्कनपरक हुँदा यी दुवैमा सन्तुलन स्थापित हुन्छ ।[१३] समालोचना साहित्यिक कृति वा रचनाहरूको गुण, दोषहरू केलाएर वास्तविक मूल्य निर्धारण गर्दछ । साहित्यकारका कृतिको सहृदयतापूर्वक गरिने व्याख्या र पूर्वाग्रहविहीन भएर त्यसबारे गरिने निर्णय हो ।[१४] समालोचनालाई सैद्धान्तिक र व्यावहारिक गरी दुई तरिकाबाट वर्गीकरण गरिएको देखिन्छ । साहित्यिक पत्रिकामा राखिने विभिन्न स्तम्भहरूमध्ये समालोचना पनि एक हो । **वागीश्वरी**मा रहेका समालोचनाहरू प्राय: अनुसन्धानात्मक र विश्लेषणात्मक भएकाले बौद्धिक वर्ग तथा अनुसन्धानकर्तालाई विशेष सहयोगी हुने देखिन्छ, जसमध्ये विश्लेषणात्मक, विवेचनात्मक र समीक्षात्मक लेखहरू रहेका छन् । यस पत्रिकामा प्रकाशित सम्पूर्ण समालोचनाहरू महत्त्वपूर्ण देखिन्छन् ।

## ४.३.२ 'वागीश्वरी' अङ्क १ देखि १९ औँ अङ्कसम्म प्रकाशित समालोचना विधाको विश्लेषण

**वागीश्वरी** अङ्क ६, वर्ष २ (२०५१) मा एकजना समालोचकको समालोचना समावेश भएको पाइन्छ । डा. लक्ष्मणप्रसाद गौतमको *वागीश्वरीको पहिलो पाइलोतिर एक फन्को मार्दा* समालोचनामा **वागीश्वरी**को पहिलो अङ्कको साहित्यिक गतिविधिलाई प्रकाश पारिएको पाइन्छ ।

**वागीश्वरी** अङ्क ८, वर्ष ४ (२०५३) मा दुईजना समालोचकको समालोचना समावेश भएको पाइन्छ । लक्ष्मणप्रसाद गौतमको *'इतिवृत्त' भित्रका वृत्तहरू पात्रविधानको कोणबाट* समीक्षामा हरिहर पौडेलको **इतिवृत्त** कथासङ्ग्रहलाई पात्रविधानका आधारमा हेर्दा व्यक्तिगत चरित्रको प्रस्तुति नै **इतिवृत्त**का कथाकारको अभीष्ट हो भन्ने तर्क प्रस्तुत भएको पाइन्छ । सिद्धार्थको *'एक अन्त्य एक सुरुवात' भित्र चियाउँदा* कृति समीक्षामा गोपी सापकोटाका अट्ठाइसवटा कविताहरूको सँगालो **एक अन्त्य एक सुरुवात** उच्चस्तरकै कोटिमा पर्दछ भन्ने दृष्टिकोण पाइन्छ ।

**वागीश्वरी** वर्ष ९, अङ्क ५ (२०५४) मा कपिल शर्मा अज्ञातको र पूर्णप्रसाद अधिकारीको समालोचना रहेका छन् । कपिल शर्मा अज्ञातको *सरस्वती रिजालको 'एक झुल्को घाम' विश्लेषण र मूल्याङ्कन* कृति समीक्षामा रिजालको कवितासङ्ग्रह **एक झुल्को घाम**लाई विश्लेषण गरिएको पाइन्छ । पूर्णप्रसाद अधिकारीको *'सम्प्रेषण' का दस पाइलाहरूमा : एक परिक्रमा* समालोचनामा **सम्प्रेषण** पत्रिकाको १० औँ अङ्कसम्मको विश्लेषण गरिएको पाइन्छ ।

---

१३ दयाराम श्रेष्ठ र मोहनराज शर्मा, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास**, पूर्ववत्, पृ. १५७ ।
१४ घनश्याम कँडेल, **नेपाली समालोचना**, पूर्ववत्, पृ. 'ग' ।

**वागीश्वरी** वर्ष १०, अङ्क ६ (२०५५) मा लक्ष्मणप्रसाद गौतम र कपिल अज्ञातका समालोचनाहरू समावेश भएका पाइन्छन् । लक्ष्मणप्रसाद गौतमको *नेपाली साहित्यको समकालीन लेखन र समालोचना : सङ्क्षिप्त चर्चा* समालोचनामा समकालीन युगबोध र मूल्यबोधका आधारमा समकालीन पुस्ताले संवहन गरेको सामयिक लेखनलाई समकालीन लेखनको संज्ञा दिँदै यसको शक्ति र सीमाको जानकारी दिइएको पाइन्छ । कपिल अज्ञातको *विवेक (तेस्रो अङ्क) को समीक्षा* पत्रिका समीक्षामा वीरेन्द्र बहुमुखी क्याम्पसबाट प्रकाशित हुने **विवेक** पत्रिकाको तेस्रो अङ्कको समीक्षा गरिएको पाइन्छ ।

**वागीश्वरी** वर्ष ११, अङ्क ७ (२०५६) मा पाँचजना समालोचकका समालोचनाहरू समावेश गरिएका पाइन्छन् । कपिल अज्ञातको *कृति मूल्याङ्कनका आधार* समीक्षामा कृति मूल्याङ्कन गर्दा अपनाउनुपर्ने सिद्धान्तलाई प्रस्ट पारिएको पाइन्छ । डा. देवीप्रसाद कँडेलको *पुस्तक समीक्षा*मा डा. सूर्यमणि अधिकारीद्वारा लिखित **तनहुँ राज्यको इतिहास** पुस्तकको समीक्षा गरिएको पाइन्छ । फेरि जन्मनुपर्ने कविशिरोमणि लेखनाथ पौडेलको जन्मकुण्डलीको वर्णन गरेका छन् । लक्ष्मणप्रसाद गौतमको *शैलीविज्ञानमा अग्रभूमि निर्माण* समीक्षामा शैलीविज्ञानले साहित्य सिर्जन-प्रक्रियाका सन्दर्भमा दुईवटा कुरालाई हेर्नैपर्छ, अग्रभूमिको निर्माण र पश्चभूमिको निर्माण । यहाँ समालोचकले शैलीविज्ञानमा अग्रभूमिको निर्माणलाई विश्लेषण गर्न पुगेको पाइन्छ । *लक्ष्मीदत्त पन्तका दुई गजल* समीक्षामा समालोचक कुलप्रसाद ढुङ्गानाले पन्तका *कि मै जानु, क्यै न क्यै होला* दुई गजलको समीक्षा गर्न पुगेका छन् ।

**वागीश्वरी** वर्ष १२, अङ्क ८ (२०५७) मा ६ जना समालोचकका समालोचनाले स्थान पाएका छन् । लक्ष्मणप्रसाद गौतमको *बिम्बसिद्धान्त वा बिम्बवाद (Imagism) को विकास : सङ्क्षिप्त अनुरेखाङ्कन* समालोचनामा कवितामा कविहरूले प्रयोग गरेका बिम्बलाई अहिलेको समकालीन समयमा झन् महत्त्वपूर्ण मानिएको प्रसङ्ग उल्लेख गरिएको पाइन्छ । *कथाकार राई र उनको 'खीर' कथामा पाइने जीवनचित्र* समीक्षामा समालोचक बुद्धिनाथ अधिकारीले इन्द्रबहादुर राईको *खीर* कथामा जीवनको यथार्थतालाई प्रस्तुत गर्दै जीवन खीरजस्तो स्वादिलो नभई अभावै-अभावको मिश्रणको रूपमा मान्न पुगेका छन् । रमेश प्रभातको *गजल सिद्धान्त र समकालीन नेपाली गजल* समालोचनामा गजलको सैद्धान्तिक पक्षको चर्चा गर्दै वर्तमान अवस्था गजलले बनाएको व्यापक क्षेत्रको प्रसङ्ग पनि उल्लेख गरिएको पाइन्छ । श्रीमती लक्ष्मी ढकालको *कर्नेलको घोडा र विश्वेश्वरप्रसाद कोइराला* समालोचनामा विश्वेश्वरप्रसाद कोइरालाको *कर्नेलको घोडा* कथामा देखिएको यौन मनोवैज्ञानिक चिन्तनको प्रस्तुतिलाई उजागर गरिएको पाइन्छ । *'आगत' उपन्यासको शीर्षकीकरणको औचित्य* समालोचनामा समालोचक दीपकप्रसाद गौतमले भवानी भिक्षुको **आगत** उपन्यासको शीर्षकीकरण औपन्यासिक

कथ्यको बाधक नभई पोषक बनेको विचार प्रस्ट पारेका छन् । सुरेन्द्र अस्तफलको *'आज रमिता छ' मा पात्र प्रयोग* समालोचनामा इन्द्रबहादुर राईको **आज रमिता छ** उपन्यासमा पात्रविधानको संयोजनको बारेमा चर्चा गरिएको पाइन्छ ।

**वागीश्वरी** वर्ष १५, अङ्क ११ (२०६०) मा रमेश प्रभातको *घृणाको पराकाष्ठा : समय त्रासदी* समालोचना समावेश भएको पाइन्छ । यस समालोचनामा सरुभक्तको **समय त्रासदी** उपन्यासमा घृणाको पराकाष्ठा उचाइमा पुगेको र यही घृणाको प्रयोग कसरी गरिएको छ भन्ने दृष्टिकोण पाइन्छ ।

**वागीश्वरी** वर्ष १६, अङ्क १२ (२०६१) मा सत्रजना समालोचकका समालोचनाहरू समावेश भएका पाइन्छन् । माधव वियोगीको *कविवर घिमिरेको राष्ट्रकवि उपाधिबारे* समीक्षामा उनलाई दिइएको राष्ट्रकविको सम्मानको बारेमा चर्चा गरिएको पाइन्छ । प्रेमविनोद नन्दनको *रङ्गमञ्च र मालती-मङ्गले गीतिनाट्य* समीक्षामा नाटक र गीत अलग-अलग विधा भए पनि घिमिरेले यी दुवैलाई एकाकार गराएर रङ्गमञ्चमा प्रस्तुतयोग्य गीतिनाटकको रचना गरिएको प्रति आफ्नो विचार प्रस्तुत गरिएको पाइन्छ । *विषयवस्तुका दृष्टिले गीतिनाटक 'बालकुमारी' को अवलोकन* समीक्षामा केदारनाथ खनालले घिमिरेको **बालकुमारी** गीतिनाटकलाई विषयवस्तुका कोणबाट प्रस्ट्याउन खोजेका छन् । भागवतशरण न्यौपानेको *'देउकी' बारे केही मन्थन* समालोचनामा गीतिनाटक **देउकी**लाई विश्लेषण गरिएको पाइन्छ । *पौराणिक मिथकमा समकालीन चेतनाको प्रतिरूप : अश्वत्थामा* समालोचनामा पौराणिक कथन भए तापनि समकालीन चेतनाको प्राप्ति पनि छ भन्ने कुराको उजागर गरेका छन् । गायत्री श्रेष्ठको *'गाउँछ गीत नेपाली' मा राष्ट्रिय चिन्तन* समालोचनामा यस गीतमा समावेश भएको राष्ट्रियताको भावलाई प्रकाश पार्न खोजिएको पाइन्छ । होमनाथ सापकोटाको *कवि माधव घिमिरे र उनका खण्डकाव्यगत प्राप्ति* समालोचनामा माधवप्रसाद घिमिरेले रचना गरेका सम्पूर्ण खण्डकाव्यलाई खण्डकाव्यगत मान्यताका आधारमा चिनाइएको पाइन्छ । मणि काफ्लेको *संवेदनाका कवि माधव घिमिरे र उनको 'विषकन्या' गीतिनाटक : एक अनुशीलन* समालोचनामा घिमिरेको **विषकन्या** गीतिनाटकको समीक्षा गरिएको पाइन्छ । *'किन्नर-किन्नरी' मा निहित आध्यात्मिक चेतना* समीक्षामा सरस्वती रिजालले **किन्नर-किन्नरी** गीतिकाव्यमा प्रयोग भएको आध्यात्मिक चिन्तनलाई प्रस्ट पारेकी छिन् । दीननाथ शर्मा पण्डितको *प्रीति र प्रकृतिको अनुपम सङ्गम 'शकुन्तला' नाटक : एक समीक्षा*मा घिमिरेको यस नाटकमा प्रेम र प्रकृतिको तादाम्यता र प्रकृतिका काखमा नै मानिसले स्थायी शान्ति पाउन सक्छ भन्ने विचार व्यक्त गरिएको पाइन्छ । पूर्णप्रसाद अधिकारीको *माधवप्रसाद घिमिरे र उनको 'बालालहरी' कवितासङ्ग्रह एक अवलोकन* समालोचनामा घिमिरेको **बालालहरी** कवितासङ्ग्रहलाई कवितातत्त्वको आधारमा विश्लेषण गरिएको पाइन्छ । धनेश्वर भट्टराईको माधव घिमिरेको *'धर्तीमाता' काव्यको अन्तर्वस्तु* समालोचनामा घिमिरेको **धर्तीमाता** खण्डकाव्यलाई विश्लेषण

गरी त्यसको अन्तर्वस्तुको पहिचान गरिएको पाइन्छ । *'वैशाख' कविता र कविवर माधवप्रसाद घिमिरे* समालोचनामा केशवराज आमोदीले घिमिरे *वैशाख* कविताबाट दिन खोजेका प्रकृतिप्रेमको सन्देशलाई दर्साउन पुगेका छन् । श्रीमती कमल भण्डारीको *पापिनी आमामा प्रकृति चित्रण* समालोचनामा घिमिरेको **पापिनी आमा** खण्डकाव्यमा प्रस्तुत गरिएको प्रकृतिको उच्चतम प्रयोगको चित्रण गरिएको पाइन्छ । रमेश प्रभातको *'पापिनी आमा' खण्डकाव्यमा नारीप्रतिको दृष्टिकोण* समालोचनामा खण्डकाव्यमा नारीलाई कुन रूपमा देखाइएको छ भन्ने दृष्टिकोणलाई व्यक्त गरिएको पाइन्छ । विमलप्रकाश देवकोटाको *राष्ट्रकविको अभिनन्दन र 'गौरी' एक अवलोकन* समालोचनामा घिमिरेको उत्कृष्ट शोककाव्य **गौरी**लाई सफल काव्यको रूपमा मानिएको पाइन्छ । एकराज शर्माको *कवि माधव घिमिरे र उनको 'नवयुवक' कविता : एक विहङ्गम दृष्टि* समालोचनामा *नवयुवक* कवितामा केवल नवयुवक भागलाई नभएर नवयुवतीहरूलाई पनि राष्ट्रनिर्माणमा लाग्न आग्रह गरिएको प्रसङ्ग पाइन्छ । नवराज ढुङ्गानाको *कालीगण्डकी : जीवनचेतना र काव्य मान्यताका दृष्टिले* समीक्षामा घिमिरेको *कालीगण्डकी* कवितामा देखिएको जीवनचेतनाको स्वरलाई उजागर गरिएको पाइन्छ ।

**वागीश्वरी** वर्ष १७, अङ्क १३ (२०६२) मा कपिल अज्ञातको समीक्षा समावेश भएको पाइन्छ । कपिल अज्ञातको *गजल कार्यक्रम* समीक्षामा गजल कार्यक्रमका उपलब्धी र यसको सफल समापनको समीक्षा गरिएको पाइन्छ ।

**वागीश्वरी** वर्ष १८, अङ्क १४ (२०६३) मा तीनजना समालोचकका समालोचनाहरू समावेश गरिएका पाइन्छन् । प्रकाशबाबु खनालको *'अरण्य रोदन' मा कवि आमोदीको अनुहार* समालोचनामा केशवराज आमोदीको **अरण्य रोदन** कृतिको सफलताको विश्लेषण गरिएको पाइन्छ । *'पापिनी आमा' खण्डकाव्यमा रसको विशिष्ट प्रयोग* समालोचनामा कुलप्रसाद ढुङ्गानाले घिमिरेको **पापिनी आमा** खण्डकाव्यलाई रसको प्रयोगका माध्यमबाट चिनाउन खोजेका छन् । भागवतशरण न्यौपानेको *'आमा स्मृतिका छाल' मा शोककाव्यको सङ्क्षिप्त विवेचना* समीक्षामा पोषराज पौडेलको **आमा स्मृतिका छालमा** शोककाव्यको विभिन्न कोणबाट विश्लेषण गरिएको पाइन्छ ।

**वागीश्वरी** वर्ष १८, अङ्क १५ (२०६४) मा डा. लक्ष्मणप्रसाद गौतमको *सिर्जनावृत्तका परिधिभित्र : नन्दन* समालोचना समावेश गरिएको पाइन्छ । यसमा प्रेमविनोद नन्दनको सिर्जनशीलतालाई देखाउन खोजिएको पाइन्छ ।

**वागीश्वरी** वर्ष १९, अङ्क १६ (२०६५) मा तीनजना समालोचकका समालोचनाहरूले स्थान पाएका देखिन्छन् । सुरेन्द्र अस्तफलको *कवि विनोदीको सिर्जनधर्मिता : एक सङ्क्षिप्त दृष्टिकोण* समीक्षामा साहित्यकार गोविन्दराज विनोदीको सिर्जनशीलता र कवितालेखनका सर्वोच्च प्राप्तिका रूपमा विश्लेषण गरिएको पाइन्छ । *यात्राका स्पन्दनहरू : केदारको नयाँ*

*कीर्तिमान* समीक्षामा डी.आर. पोखरेलले केदारनाथ खनालको *यात्राका स्पन्दनहरू* नियात्राको प्रशंसा गर्दै यस रचनाले खनाललाई नयाँ प्राप्ति मिलेको भाव व्यक्त गरिएको पाइन्छ । कपिल अज्ञातको *निबन्धका बाबु : रामबाबु* समालोचनामा निबन्धकार रामबाबु घिमिरेको निबन्धकारिताको विश्लेषण गरिएको देखिन्छ ।

**वागीश्वरी** वर्ष २०, अङ्क १७ (२०६६) मा दसजना समालोचकका समीक्षालाई समावेश गरिएका पाइन्छन् । निर्मोही व्यासको *पहाडी जीवन : एक सङ्क्षिप्त अध्ययन* समीक्षामा लक्ष्मीप्रसाद देवकोटाको *पहाडी जीवन* निबन्धको बारेमा प्रकाश पारिएको देखिन्छ । कुलप्रसाद ढुङ्गानाको *खण्डकाव्यको सैद्धान्तिक स्वरूप र देवकोटाको खण्डकाव्यकारिता* समीक्षामा खण्डकाव्यको सैद्धान्तिक पक्षको उजागर गर्दै देवकोटाको खण्डकाव्यमा पाइने प्रवृत्तिगत विशेषताको चिनारी भेटिन्छ । *देवकोटाको महाकाव्यकारिता* समीक्षामा डा. लक्ष्मणप्रसाद गौतमले देवकोटाका महाकाव्यहरूमा भेटिने महाकाव्यगत गुणलाई दर्साउन पुगेका छन् । गोविन्दराज विनोदीको *देवकोटाका महाकाव्यगत विविध प्रयोग र प्रवृत्ति* समीक्षामा देवकोटाका विभिन्न महाकाव्यहरूमा भाषा, शैली, रस र जीवनदृष्टिका विविध प्रयोगलाई संरचित रूपमा राखिएको तर्क प्रस्तुत गरिएको पाइन्छ । *देवकोटामा मानवतावाद* समीक्षामा राजकृष्ण कँडेलले देवकोटामा सम्पूर्ण रचनामा व्यक्तिएको मानवतावादलाई चित्रण गर्न पुगेका छन् । पूर्णप्रसाद अधिकारीको *लक्ष्मीप्रसाद देवकोटाको समालोचनात्मक प्रवृत्तिप्रति दृष्टि प्रक्षेपण* समीक्षामा देवकोटालाई सफल साहित्यकारको रूपमा मात्र नहेरी विशिष्ट र गुणग्राही समालोचकको रूपमा पनि सम्मान व्यक्त गरिएको पाइन्छ । होमनाथ सापकोटा 'सिद्धार्थ' को *कला र जीवन निबन्धको कृतिगत विवेचना* कृति समीक्षामा देवकोटाको *कला र जीवन* निबन्धलाई विश्लेषण गरिएको पाइन्छ । धनेश्वर भट्टराईको *पूर्वीय दर्शनको आलोकमा देवकोटा* समीक्षामा देवकोटाको पूर्वीय दर्शनप्रतिको झुकाव र नैराश्यताको विश्लेषण गरिएको पाइन्छ । *भैलोगीतमा देवकोटा* समीक्षामा सरस्वती रिजालले देवकोटाको भद्र समाजप्रतिको आक्रोश, विद्रोह, मानवतावादी स्वर *भैलोगीत*बाट देखाउन खोजेकी छिन् । सुरेन्द्र अस्तफलको *'पागल' कविताको सापेक्षतामा महाकवि देवकोटा* समीक्षामा देवकोटाको *पागल* कविताबाट नै उनको कवित्व उचाइ निर्माण गर्न सफल भएको विचार व्यक्त गरिएको पाइन्छ ।

**वागीश्वरी** वर्ष २१, अङ्क १८ (२०६७) मा सरस्वती रिजाल र ज्ञानु अधिकारीको समीक्षा समावेश भएको पाइन्छ । सरस्वती रिजालको *'हारजीत' तथा यसका नारी पात्रहरू* समालोचनामा भवानी भिक्षुको चर्चित कथा *हारजीत*लाई केन्द्रबिन्दु बनाएर त्यहाँ प्रस्तुत नारी समस्यालाई केलाइएको पाइन्छ । ज्ञानु अधिकारीको *दौरा, सुरुवाल र टोपी आतङ्कमा अन्तर्वस्तुगत विविधता* समालोचनामा निबन्धकार तिलकराज शर्मा पौडेलको *दौरा, सुरुवाल र टोपी आतङ्क*लाई विषय-शीर्षकको रूपमा राखी हास्य तथा व्यङ्ग्यको सन्तुलित मिश्रणले कृतिलाई उत्कृष्ट बनाएको निचोड प्रस्तुत गरिएको पाइन्छ ।

**वागीश्वरी** वर्ष २२, अङ्क १९ (२०६८) मा डा. लक्ष्मणप्रसाद गौतमको *प्रयोगवादी धाराको समयका छन्दोबद्ध कविताको अन्तर्वस्तुमा युगबोधी चेतनाको स्वरूप* समालोचनामा प्रयोगवादी धाराका कवितामा देखिएको वैविध्यमय प्रयोग र एउटै छन्दोबद्ध कविता नदेखिनुको कारणलाई प्रस्ट्याइएको पाइन्छ ।

### ४.३.३ सारांश

**वागीश्वरी**को अङ्कमा समावेश भएका समालोचनामा विभिन्न साहित्यकारको साहित्यिक कृतिको विश्लेषण बढी मात्रामा देख्न सकिन्छ । विभिन्न समालोचकहरूले यहाँ प्रस्तुत गरिएका कृतिहरूको जीवनीपरक, कृतिपरक र प्रवृत्तिपरक विश्लेषण गरेका छन् । **वागीश्वरी** पत्रिकामा प्रकाशित समालोचनाहरू कविता, कथा र निबन्धका सङ्ख्याभन्दा दृष्टिमा अत्यन्त कम मात्र प्रकाशित छन् तर गुणात्मक दृष्टिले अगाडि रहेका छन् ।

## ४.४ 'वागीश्वरी' अङ्क १ देखि १९ औँ अङ्कसम्म प्रकाशित हास्यव्यङ्ग्यको विश्लेषण

हास्यव्यङ्ग्य एउटा छुट्टै विधाको रूपमा नभई निबन्ध विधाभित्रै पर्ने एक उत्कृष्ट लेख हो । **वागीश्वरी**का विभिन्न अङ्कमा कम मात्र यस्तो लेखको समावेश भएको छ । वर्ष ६, अङ्क २ (२०५१) मा प्रकाशित **वागीश्वरी**मा तिलकराज शर्माको *यसपटक पनि पद प्राप्त भएन* हास्यव्यङ्ग्य लेखमा पदमोहमा डुबेका राजनैतिक पार्टीप्रति व्यङ्ग्य गरिएको पाइन्छ ।

**वागीश्वरी** वर्ष ७, अङ्क ३ (२०५२) मा पनि तिलकराज शर्माको *शहीद बन्ने चानसै पाइएन* लेखमा समाजमा देखिएको विकृत मानसिकताप्रति व्यङ्ग्य गरिएको पाइन्छ ।

**वागीश्वरी** वर्ष ८, अङ्क ४ (२०५३) मा पनि तिलकराज शर्माकै *महान् बन्ने धुनमा* लेखमा महान् बन्न खोज्दा झन् तल झरेको यथार्थतालाई व्यङ्ग्यका माध्यमबाट देखाउन खोजिएको पाइन्छ ।

**वागीश्वरी** वर्ष ११, अङ्क ७ (२०५६) मा ईश्वरीप्रसाद शर्मा (व्यङ्ग्य) को *जय भात* हास्यव्यङ्ग्य लेखमा भातको महत्त्वलाई व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरिएको पाइन्छ ।

**वागीश्वरी** वर्ष १५, अङ्क ११ (२०६०) मा नवराज ढुङ्गानाको *नारदजीको भूमिका* व्यङ्ग्य लेखमा मानिसको दोधारे प्रवृत्तिको चित्रण गर्दै व्यङ्ग्यात्मक शैलीमा देखाउन खोजिएको पाइन्छ ।

## ४.४.१ सारांश

**वागीश्वरी**को अङ्कमा समावेश भएका हास्यव्यङ्गहरूले नेपालको वर्तमान स्थितिलाई व्यङ्ग्य गर्दै सुधारको अपेक्षा राखेको पाइन्छ । अधिकांश हास्यव्यङ्ग्य निबन्धकारहरूको हास्यव्यङ्ग्य निबन्धमा मानिसको विकृत मानसिकता, देशको राजनीतिक अवस्था, समाजमा देखिने अन्धविश्वासलाई मूल विषय मानेर व्यङ्ग्यात्मक शैलीमा आफ्नो रचनाहरू प्रस्तुत गरेका छन् ।

# पाँचौं परिच्छेद
# उपसंहार

यस परिच्छेदमा परिच्छेद एक, दुई, तीन र चारको निष्कर्षलाई प्रस्तुत गरिएको छ ।

## (क) अध्यायगत निष्कर्ष

पहिलो परिच्छेदमा शोधपत्रको विषयपरिचय, समस्याकथन, उद्देश्यहरू, पूर्वकार्यको विवरण र समीक्षा, शोधकार्यको औचित्य तथा महत्त्व, शोधकार्यको क्षेत्र र सीमा, प्राक्कल्पना, सामग्रीसङ्कलन विधि, शोधविधि, शोधपत्रको रूपरेखालाई स्पष्टसँग देखाएको छ । यस परिच्छेदबाट शोधपत्रको विषयवस्तु, शोधको उद्देश्यलाई प्रस्ट पार्दै शोधको ढाँचालाई प्रस्तुत गरिएको छ । **नेपाली साहित्यको विकासमा वागीश्वरी पत्रिकाको योगदान** शीर्षकको शोधपत्रलाई अझ प्रमाणित गर्न र यसभन्दा अघि के-कतिबाट यसको अध्ययन भएको छ, त्यो कुरा प्रस्ट पार्न पूर्वकार्यको समीक्षा दिइएको छ । यस शोधकार्यले वर्तमान समयमा र भावी समयमा कस्तो औचित्य तथा महत्त्व राख्न सक्छ, त्यसबारे पनि विश्लेषण गरिएको छ । विभिन्न पुस्तकालयीय विधिको माध्यमबाट सामग्रीसङ्कलन गरी शोधलाई स्पष्ट रूपरेखा दिइएको छ ।

दोस्रो परिच्छेदमा 'चितवन साहित्य परिषद्' को परिचय दिइएको छ र ऐतिहासिक पृष्ठभूमिको चर्चा गर्दै **वागीश्वरी** पत्रिकामा समावेश भएका विधागत रचनाहरूलाई विवरणात्मक अध्ययन गरिएको छ । **वागीश्वरी**को अङ्क १ देखि अङ्क १९ सम्म प्रकाशित भएका कविता, मुक्तक, गीत, गजल, कथा, निबन्ध, समालोचना, अन्तर्वार्ताजस्ता विविध स्तम्भलाई विधागत वर्गीकरण गरी लेखकका नाम, रचना-शीर्षक, अङ्क, प्रकाशन वर्ष र पृष्ठसमेत राखेर देखाइएको छ । यसो गर्दा **वागीश्वरी** विभिन्न अङ्कमा समावेश भएका रचनाहरूको स्तरलाई परिमाणात्मक रूपमा मात्र होइन गुणात्मक रूपमा पनि अध्ययन गर्न सकिन्छ । 'चितवन साहित्य परिषद्' को मुखपत्रको रूपमा प्रकाशन भएको **वागीश्वरी**

पत्रिकाको ऐतिहासिक पृष्ठभूमिले **वागीश्वरी**को नामकरणलाई प्रस्ट पारेको छ । २०४५ सालदेखि प्रकाशनमा आएको पत्रिकाले के-कसरी नेपाली साहित्यको विकासमा योगदान पुऱ्याएको छ भन्ने प्रश्नमा केन्द्रित रही अध्ययन गर्दा अङ्क १ देखि अङ्क १९ सम्ममा स्थापित साहित्यकारको उत्कृष्ट रचना र नयाँ रचनाकारहरूलाई दिइएको अवसरलाई देख्न सकिन्छ, जसले गर्दा चितवनमा साहित्यप्रतिको आस्था जगाउन यस पत्रिका सफल भएको देखिन्छ । यस पत्रिकाको माध्यमबाट साहित्यको विकासमा थप ऊर्जा थपिएको छ ।

तेस्रो परिच्छेदमा **वागीश्वरी**को १९ औं अङ्कसम्ममा पद्यविधाअन्तर्गत कविता, गीत, गजल आदिको आद्योपान्त अध्ययन गरिएको छ । कविता विधालाई सफल विधाको रूपमा मान्ने गरिन्छ । **वागीश्वरी**को अङ्क १ देखि १९ सम्मका कविताका चर्चा गर्दा सङ्ख्यात्मक रूपले यस विधाले आफ्नो क्षेत्र ओगटे तापनि गुणात्मक रूपले पनि त्यति नै सफल देखिन्छ । कविताको वस्तुविश्लेषण, अन्तर्वस्तु वा भावविधानलाई केलाउँदा नेपाली साहित्य विधाको योगदानलाई टेवा पुऱ्याउने रचना यस पत्रिकाले दिन सफल भएको पाइन्छ । कवितामा धेरै प्रकारका भाव अभिव्यक्त भएको पाइन्छ । कविता विधा मान्छेका विभिन्न भावनालाई अभिव्यक्त गर्ने एक सशक्त माध्यम पनि हो । यस पत्रिकामा समयसापेक्ष रूपमा देखापरेका समस्याहरूलाई कविताको माध्यमबाट प्रस्तुत गरिएको छ । युद्धको त्रास, प्रणयभावना, प्रकृतिप्रेम, मानवीय प्रेम, राजनैतिक असन्तुष्टि, सामाजिक असन्तुष्टि आदि भावनाले यी अङ्कहरूमा स्थान पाएका छन् । देशमा चर्किएको गृहयुद्धको माहोललाई कविताको मुख्य विषयवस्तु बनाउँदै हिंसालाई त्यागेर शान्तिको बाटोमा हिँड्न आग्रह गरिएको छ । जनताका हकअधिकारलाई सुनिश्चित गर्न सरकारसमक्ष गीत, गजलबाट आग्रह गरिएको पाइन्छ । यस परिच्छेदमा कविताको उत्कृष्टता झल्किएको छ ।

चौथो परिच्छेदमा **वागीश्वरी**को १९ औं अङ्कसम्ममा प्रकाशित गद्यविधा र अन्यको आद्योपान्त अध्ययन गरिएको छ । गद्यविधामा पर्ने कथा, निबन्ध, संस्मरण, लेख र समालोचनाजस्ता साहित्यिक रचनाले यस पत्रिकालाई सफल तुल्याएको पाइन्छ । यस परिच्छेदमा अङ्क २ देखि १९ सम्म कथा/लघुकथा रहेको पाइन्छ । यहाँ उत्कृष्ट कथाकारदेखि नवसर्जकहरूलाई समेत स्थान दिइएको देखिन्छ । यस पत्रिकामा प्रकाशित कथा/लघुकथामा लोभ, भ्रष्टाचार गर्ने नेताहरूको प्रवृत्ति र निकृष्ट चरित्रप्रति व्यङ्ग्य गरिएको छ । कतै गरिबीको चपेटामा परेका सोझा जनताको पीडालाई चर्चा गरिएको छ । अनमेल, आक्रोश, निराशा, सामूहिक चेतनाको कमीमा द्वन्द्व, ईर्ष्या आदि समसामयिकतालाई समेटिएका कथाहरू यस पत्रिकामा समावेश भएका छन् । नेपाली भाषाको भाषिक स्थिति राजनीतिक तथा सांस्कृतिक परिवेशअनुसार निर्मित नेपाली गद्यको प्राचीन परम्परा नै नेपाली निबन्धको

पृष्ठभूमि हो । यस परिच्छेदमा निबन्ध, लेख, रचनाले पनि स्थान पाएका छन् । यसमा राष्ट्रिय ख्याति प्राप्त निबन्धकारदेखि लिएर नवसर्जकहरूलाई पनि अवसर दिइएको छ । कुनै निबन्धमा समाजको समसामयिक अवस्थाको चित्रण गरिएको छ भने कुनै निबन्धमा मान्छेको विभिन्न मनोदशाको चित्रण गरिएको छ । यस परिच्छेदमा अङ्क १ देखि १९ औं अङ्कसम्म प्रकाशित भएका समालोचनामा साहित्यकारको साहित्यिक कृतिको विश्लेषण बढी मात्रामा देख्न सकिन्छ । विभिन्न समालोचकहरूले यहाँ प्रस्तुत गरेको कृतिहरूको जीवनीपरक, कृतिपरक र प्रवृत्तिपरक विश्लेषण गरेका छन् ।

## (ख) समग्र निष्कर्ष

**वागीश्वरी** पत्रिकाको अध्ययन र विश्लेषण गर्दा नेपाली साहित्यमा पुऱ्याएको योगदान उल्लेखनीय छ । अङ्क १ देखि अङ्क १९ सम्मको विश्लेषण गर्दा विभिन्न साहित्यिक विधाहरूको महत्त्वपूर्ण स्थान देखिन्छ । कविता, कथा, निबन्ध, समालोचना सबै विधाका रचनाहरू यस पत्रिकामा समावेश गरिएका छन् । यस शोधपत्रमा पाँच परिच्छेदहरू रहेका छन् । पहिलो परिच्छेदमा शोधप्रस्ताव रहेको छ । दोस्रो परिच्छेदमा 'चितवन साहित्य परिषद्' को ऐतिहासिक पृष्ठभूमि र विधागत दृष्टिकोणले विभिन्न रचनाहरूको विवरणात्मक अध्ययन गरिएको छ । तेस्रो परिच्छेदमा पद्यविधाको अध्ययन र चौथो परिच्छेदमा गद्यविधाको अध्ययन गरिएको छ । यस पत्रिकामा समावेश भएका कविताहरू विभिन्न अवसरमा वाचन गरिएका र देशको राजनैतिक पद्धतिमा समेत परिवर्तन आएका समयको हुँदा कविताको स्तर र स्वरूपमा फरक देखिनु स्वाभाविकै हो । **वागीश्वरी**ले चितवनका सम्पूर्ण नवप्रतिभाहरूलाई स्थान दिएर चिनाएको छ । गुणात्मकताको कमीको आभास भए पनि सिर्जनकर्मीहरूमा सिर्जनधर्मिता रहिरहेको देखिन्छ । कविताहरूमा राष्ट्रप्रेमको भावना, औपदेशिकता, जीवनप्रतिको वितृष्णा, युद्धको चित्रण, शान्तिको चाहना, अस्तित्वको खोजी, परिवर्तनको चाहना र संस्कृतिको चित्रणजस्ता विषयहरू उल्लेख गरिएको पाइन्छ । जनताका अधिकारहरू सुरक्षित हुनुपर्ने भावहरू धेरैजसो गीत, गजल, कवितामा व्यक्त भएका छन् । यसरी **वागीश्वरी** पत्रिकामा प्रकाशित कवितामा विविध भावको अभिव्यक्ति पाइन्छ । परिच्छेद चारको गद्यविधातर्फ कथा, निबन्ध, समालोचना समावेश भएका छन् । यस पत्रिकामा रहेका कथाहरूमा नारी मनोविज्ञानको चित्रण, मानव मनोविज्ञानको विकृत अवस्था, समाजको विकृत अवस्था, समाजको खोक्रो आडम्बर र देखावटी प्रवृत्ति, कुसंस्कार, अन्धपरम्पराप्रति व्यङ्ग्य गरिएको छ । अनमेल, आक्रोश, निराशा, सामूहिक चेतनाको कमी, ईर्ष्या आदि समसामयिकतालाई समेटिएका कथाहरू यस पत्रिकामा प्रकाशित भएका छन् । **वागीश्वरी** पत्रिकाको विधागत योगदानमा

कवितापछिको दोस्रो स्थानमा निबन्धले ओगटेको छ । यहाँ लेख, निबन्ध, संस्मरण र समीक्षालाई एउटै कोटिमा राखेर प्रकाशित गरिएको छ । यस पत्रिकामा आत्मपरक र वस्तुपरक सबैखालका निबन्धहरू समावेश भएका छन् । लेखकका निजी विचारहरूले पनि यस पत्रिकामा स्थान पाएका छन् । साहित्यिक पत्रिकामा राखिने विभिन्न स्तम्भहरूमध्ये समालोचना पनि एक हो । **वागीश्वरी**मा भएका समालोचनाहरू प्राय: अनुसन्धनात्मक र विश्लेषणात्मक भएकाले बौद्धिकवर्ग तथा अनुसन्धानकर्तालाई विशेष सहयोगी हुने देखिन्छ, जसमध्ये विश्लेषणात्मक, विवेचनात्मक र समीक्षात्मक लेखहरू रहेका छन् । **वागीश्वरी** पत्रिकामा प्रकाशित समालोचनाहरू, कविता, कथा र निबन्धका सङ्ख्याभन्दा दृष्टिमा अत्यन्त कम मात्र प्रकाशित छन् तर गुणात्मक दृष्टिले महत्त्वपूर्ण रहेका छन् ।

यी विभिन्न रचनात्मक लेखको कारण 'चितवन साहित्य परिषद्' को मुखपत्रको रूपमा रहेको **वागीश्वरी** पत्रिकाले नेपाली साहित्यको इतिहास र विकासमा थप ऊर्जा थपेको छ ।

# सन्दर्भग्रन्थसूची


अधिकारी पूर्णप्रसाद, *चितवन साहित्य परिषद् र वागीश्वरीका पाँच अङ्क एक फन्को,* **सम्प्रेषण**, वर्ष ५, अङ्क ११, २०५४ ।

उपाध्याय, केशवराज, **साहित्य प्रकाश**, ललितपुर : साझा प्रकाशन, २०३४ ।

उपाध्याय, मुक्तराज, **नेपाली साहित्यमा अभिव्यक्ति पत्रिकाको योगदान**, काठमाडौँ : अभिव्यक्ति छापाखाना, २०५१ ।

कँडेल, घनश्याम, **नेपाली समालोचना**, ललितपुर : साझा प्रकाशन, २०५५ ।

कोइराला, रामकला, **चितवन जिल्लाबाट प्रकाशित साहित्यिक पत्रिकाहरूको विवरणात्मक अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन, २०६१, पृ. १६ ।

खनाल, हरिहर, *चितवन : चितवनको साहित्यिक प्रकाशन,* **चितवन महोत्सव स्मारिका**, २०५७, पृ. ८६ ।

गौतम, लक्ष्मणप्रसाद, *५० को दशकमा चितवनमा कविता,* **चितवन महोत्सव स्मारिका**, २०५९, पृ. ४४ ।

ढुङ्गाना, रामचन्द्र, **सङ्क्षिप्त नेपाली कोश**, ललितपुर : साझा प्रकाशन, २०५७ ।

तिम्सिना, नारायणप्रसाद 'मधुप', *देवघाटका तीन धार्मिक ऐतिहासिक स्थल,* **वागीश्वरी**, वर्ष ११, अङ्क ७, २०५६, पृ. ४६ ।

त्रिपाठी, वासुदेव र अन्य (सम्पा.), **नेपाली कविता**, भाग ४, ललितपुर : साझा प्रकाशन, २०४६ ।

थपलिया, बालकृष्ण, **चितवनको साहित्यिक उन्नयनमा चितवन साहित्य परिषद्को योगदान**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन, २०६६ ।

पोखरेल डी.आर., *पचासको दशकमा प्रकाशित साहित्य,* **चितवन महोत्सव स्मारिका**, २०६१ ।

लुइटेल, खगेन्द्रप्रसाद र अन्य, **नेपाली कवि र कविता**, काठमाडौँ : विभूक्षभू प्रकाशन, २०५८ ।

वाग्ले, श्रीचन्द्र, **साहित्यिक पत्रपत्रिकाको प्रकाशनमा चितवनका सङ्घसंस्थाको भूमिका**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन, २०६३, पृ. २५ ।

सुवेदी राजेन्द्र, **स्नातकोत्तर नेपाली निबन्ध**, भाग-३, काठमाडौँ : पाठ्यसामग्री पसल, २०५३ ।

श्रेष्ठ, दयाराम, **नेपाली कथा**, भाग-४, ललितपुर : साझा प्रकाशन, २०३४ ।

__________, **नेपाली कथा**, भाग - ४, ललितपुर : साझा प्रकाशन, २०५७ ।

__________ र शर्मा, मोहनराज, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास**, ललितपुर : साझा प्रकाशन, २०६३ ।

हिरण्यगर्भ, *वागीश्वरी एक समीक्षा,* **सम्प्रेषण**, वर्ष ३, २०५०, पृ. ३६-३९ ।